# नेवारी समाजमा प्रचलित
# धिमे बाजा समूह(खलः)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
स्नातकोत्तर द्वितीय वर्षको नेपाली इतिहास, संस्कृति तथा
पुरातत्व विषयको आंशिक परिपूर्तिको निमित्त
तयार पारिएको

## शोधपत्र

प्रस्तुतकर्ता

नरेश प्रजापति

रोल नं.२८००३५

रजिष्ट्रेशन नं. ६-१-३६-७२-२००१

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौं २०७०

# कृतज्ञता ज्ञापन


प्रस्तुत शोधपत्र नेवारी समाजमा प्रचलित धिमे बाजा खलः(समूह) त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग अन्तर्गतको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त तयार पारिएको हो ।

प्रस्तुत शोधपत्रको शोध-प्रस्ताव स्वीकृत गरी आवश्यक सल्लाह तथा सुझाव दिई कार्य थालनी गर्न सहयोग पुर्याउन हुने यस नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. धनवहादुर कुँवर तथा प्रा.डा.वीणा पौड्यालप्रति आभार व्यक्त गर्दछु । शोधपत्रको क्रममा आवश्यक सल्लाह, सुझाव र अमूल्य समय प्रदान गरेर मार्ग निर्देशन गर्नु भएकोमा आदरणीय गुरु श्री पशुपति न्यौपानेप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

यो शोधकार्यमा आवश्यक पर्ने पुस्तक पुस्तिका उपलब्ध गराई दिने केन्द्रीय पुस्तकालय कीर्तिपुर, आशा सफूकुथि, प्रज्ञा-प्रतिष्ठान, ज्यापु समाज र लोकबाजा संग्रहालयप्रति म ऋणी छु । साथै विभिन्न पुस्तक तथा लेखहरु उपलब्ध गराई शोधकार्यमा आवश्यक सहयोग प्रदान गरिदिनु भएकोमा वाद्यगुरु प्रा. न्हुच्छेबहादुर डंगोल र ललित साँस्कृतिक प्रतिष्ठान नेपालका उपाध्यक्ष श्री लक्ष्मीदेवी श्रेष्ठप्रति ज्यादै आभार व्यक्त गर्दछु । त्यस्तै यो शोधपत्र तयार गर्नको लागि विषयवस्तुको बारेमा यथेष्ट जानकारीहरु उपलब्ध गराई मद्दत गर्नुभएका क्वावहालटोलका गुरु नानीबावु महर्जन र धर्मरत्न महर्जन, जमःमि त्वाः कमलक्षीका गुरु मच्छे नारायण महर्जन लगायत अन्तवार्तामा सहभागी भई महत्वपूर्ण तथ्य जानकारी उपलब्ध गराइ दिनु हुने विज्ञहरुप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधकार्यको लागि सुरुदेखि नै प्रत्यक्ष रुपमा निरन्तर सहयोग एवम् हौसला प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछु । मलाई स्नातकोत्तर तहसम्म अध्ययन गर्न प्रेरणा तथा आर्शीवाद दिनुहुने पूज्य पिता मोतिकाजी प्रजापति र माता पञ्चमाया प्रजापतिप्रति उच्च सम्मान र आभार प्रकट गर्दै यो शोधपत्र वहाँहरुप्रति समर्पित गर्दछु । अन्त्यमा यो शोधपत्र मेरो अध्ययनको एउटा खुड्किलो भएकोले कुनै गल्ती भएमा प्रतिक्रियाको अपेक्षा गर्दै आवश्यक मूल्याङकनका निमित्त प्रस्तुत शोधपत्र विभाग समक्ष पेश गर्दछु ।

शोधकर्ता

स्थान : का.म.न.पा., ज्याथा-२७, काठमाडौं — नरेश प्रजापति

# विषय सूची


पृष्ठ

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन १क

विषय सूची २क

## अध्याय : एक

## परिचय खण्ड

१.१ पृष्ठभूमी १

१.२ समस्या कथन ४

१.३ अध्ययनका उद्देश्यहरु ४

१.४ अध्ययनका औचित्य ५

१.५ पूर्वसाहित्य समीक्षा ६

१.६ अध्ययनको क्षेत्र र सीमा १०

१.७ अध्ययन विधि १०

१.७.१ प्राथमिक श्रोत ११

१.७.१.१ स्थलगत अध्ययन ११

१.७.१.२ अन्तरवार्ता वा वार्तालाप ११

१.७.२ द्वितीयक श्रोत ११

१.७.२.१ पुस्तकालय अध्ययन ११

# अध्याय : दुई

## बाजाहरुको परिचय


२.१ बाजाको ऐतिहासिक पृष्ठभूमि १२

२.२ बाजाको वर्गीकरण १६

२.२.१ अवनद्ध वाद्य १६

२.२.२ घन वाद्य १७

२.२.३ तत् वाद्य १७

२.२.४ शुषिर वाद्य १७

२.३ नेवारी समाजमा प्रचलित बाजाहरु १८

२.४ वाद्य समूह २२


# अध्याय : तीन

## धिमे बाजा समूहका बाजाहरु


३.१ धिमे बाजा २५

३.१.१ धिमे बाजाको संरचना २८

३.१.२ धिमे बाजाको प्रकार २९

३.१.२.१ त्वाः धिमे २९

३.१.२.२ यलेप्वः धिमे २९

३.१.३ धिमे बजाउने तरिका ३०

३.२ भुस्याः ३०

३.३ सिछ्या/छुस्या ३०

३.४ ताः ३१

३.५ घौ (घउ) ३१

३.६ तिनिमुनी ३२

३.७ पोंगा ३२

३.८ धुन्या ३२

# अध्याय : चार

## धिमे बाजा समूह(खलः)


४.१ धिमे बाजा खलःको परिचय ३४

४.२ समुदाय र क्षेत्रहरु ३५

४.३ धिमे बाजा समूहको संचालनमा मुख्य भूमिका खेल्ने व्यक्तिहरु ३९

४.३.१ कजी ३९

४.३.१.१ कजीका कामहरु ३९

४.३.१.२ कजीका सुविधाहरु ४०

४.३.२ गुरु ४०

४.३.२.१ गुरुका कामहरु ४०

४.३.२.२ गुरुका सुविधाहरु ४१

४.३.३ नायः ४१

४.३.४ थकाली ४१

४.३.५ चितियाः ४१

४.३.६ हामुः ४२

४.४ धिमे बाजा समूहमा बाजा सिकाउँदा गरिने विभिन्न विधिहरु ४२

४.४.१ धिमे सिकाउने विधि ४२

४.४.२ बा पूजा ४४

४.४.३ धिमे निकाल्ने विधि ४५

४.४.४ वसँ वनिगु ४६

४.४.५ मातनेगु विधि ४६

४.५ सि खाने विधि ४७

४.६ धिमे बाजा समूह र नासः द्यःको सम्वन्ध ४९

## अध्याय : पाँच

## धिमे बाजा खलःको आर्थिक स्रोतहरु र जानुपर्ने जात्रा तथा चाडपर्वहरु

५.१ धिमे बाजा खलःको आर्थिक स्रोतहरु ५१

५.१.१ ल्हापं ५१

५.१.२ दण्ड तथा जरिवाना ५१

५.१.३ केपु ५२

५.१.४ लाखे नाच ५२

५.१.५ अन्य आम्दानीहरु ५२

५.२ धिमे बाजा समूह जानुपर्ने जात्रा तथा चाडपर्वहरु ५३

## अध्याय : छ

## धिमे बाजा खलःका गीत तथा नाचहरु र धिमे बाजाका ताल तथा बोलहरु

**६.१ धिमे बाजा खलःका गीत तथा नाचहरु** ६१

६.१.१ धिमे बाजा खलःका गीतहरु ६१

६.१.२ धिमे बाजा खलःका नाचहरु ६२

६.१.२.१ धिमे नाच ६२

६.१.२.२ मातनेगु ६३

६.१.२.३ पुलुकिसि नाच ६३

६.१.२.४ लाखे नाच ६३

**६.२ धिमे बाजाका ताल तथा बोलहरु** ६४

६.२.१ धिमे बाजाबाट निस्कने बोलहरु ६४

६.२.२ धिमे बाजामा बोल उत्पन्न गर्ने संकेत ६४

६.२.३ धिमे बाजाका तालहरु ६५

६.२.४ धिमे बाजाका बोलहरु ६५

६.२.४.१ त्वाः धिमेका बोलहरु ६६

६.२.४.२ यलेप्वः धिमेका बोलहरु ६७

६.२.४.३ विभिन्न तालका धिमेका बोलहरु ७१

६.२.४.४ भक्तपुरका धिमेका बोलहरु ७८

## अध्याय : सात

## उपसंहार

**७.१ सारांश** ८१

**७.२ निष्कर्ष** ८२

**परिशिष्ट** ८७

**चित्रफलक** ८९

**सन्दर्भ सामग्रीहरु** ९८

# अध्याय : एक

# परिचय खण्ड

## १.१ पृष्ठभूमि

संगीतको उत्पति कहिले, कहाँ, कसरी र कसले गरे भन्ने सम्बन्धमा विद्वानहरुको फरक फरक मत पाईन्छ । वास्तवमा संगीतको इतिहास भनेको स्वयं मानव जातिको इतिहास हो । जसरी मानव समाजको विकास क्रमिक रुपमा हुँदै आयो, त्यसरी नै संगीतको पनि क्रमिक रुपमा विकास हुँदै आएको देखिन्छ । मानवलाई जसरी गाँस, बास र कपासको आवश्यकता पर्दछ, त्यसरी नै संगीतको पनि आवश्यकता पर्दछ । संगीत मानवको एउटा आधारभूत आवश्यकताको रुपमा रहेको छ । संगीत विभिन्न ध्वनि र स्वरहरुको समिश्रण गर्ने कला हो जसबाट मनोभावनाहरुका प्रदर्शनहरुमा रोचकता, मार्धुय एवं सुन्दरताको सृजना हुन्छ ।[१] संगीत एउटा उच्चकोटीको कला हो जसको माध्यमवाट मन प्रसन्न हुन्छ । संगीतले मानवलाई दुःख वा सुखको जुनै अवस्थामा पनि एउटा सहाराको अनुभूति गराउँदछ । मानिसलाई आनन्द प्रदान गर्ने, मनोरञ्जन दिलाउने माध्यम संगीत हो । मानिसलाई मात्र नभई सम्पूर्ण प्राणी जगत नै संगीतबाट मोहित भएको पाईन्छ । यस कारण संगीतलाई ६४ कलाहरुमध्येको उत्कृष्ट कला अन्तर्गत राखिएको छ ।

सामान्य अर्थमा संगीत भन्नाले केवल गायन (गीत गाउनु)लाई मात्र बुझिएको पाइन्छ । तर यो बुझाई गलत हो । संगीत भन्नाले गाउनु मात्र नभई गाउनु, वजाउनु र नाच्नु यी तिनै कुरालाई बुझिन्छ । ध्रुवेशचन्द्र रेग्मीद्वारा लिखित नेपाली संगीतको इतिहास नामक अप्रकाशित लेखमा पण्डित सारङ्गदेवको संगीत रत्नाकर ग्रन्थमा संगीत शब्दको परिभाषा दिइएको छ जसअनुसार **"गीतं बाद्यं र नृत्य त्रयं संगीतमुच्यते"** अर्थात् गीत, बाजा र नृत्य यी ३ कुराको समिश्रणलाई नै संगीत भनिन्छ ।[२] संगीतका यी तीन कलाहरुमध्ये गीतको अधिनमा बादन( बाजा) र बादनको अधिनमा नृत्य रहन्छ । यस कारण गीतको प्रधानताका कारण संगीत

---

[१] ध्रुवेश चन्द्र रेग्मी, **नेपाली संगीतको इतिहास (संक्षिप्त)**, (अप्रकाशित), विशालनगर, पृ. १ ।

[२] **उही**, पृ. १ ।

भन्नासाथ गायनलाई मात्र बढी वुझ्ने गरिन्छ । तर पनि बाजा, गीत र नाचको संक्षिप्त रुप **'बागीना'** ले नेपाली रुप झल्काउने तथा सुन्दा मीठो शव्द भएकाले रामशरण दर्नालले आफ्नो पुस्तक "नेपाली बागीना र कला"मा लोक संगीतलाई बागीना भनेका छन् ।[३] यसरी यहाँ लोकसंगीत भन्नाले गीत, बाजा र नाच हुनुपर्नेमा बाजालाई बढी महत्व दिएर बाजा, गीत र नाच भनेको देखिन्छ । प्राविधिक दृष्टिकोणले हेर्दा पनि विधाहरुमा बाजा, गीत र नाचमध्ये पहिलो विधा बाजालाई नै मान्नु पर्दछ । हाम्रो समाजमा पनि बाजा, गीत र नाचमा बाजाको नै धेरै महत्व देखिन्छ । जुनसुकै गीत र नाचदेखि हरेक चाडपर्व, जात्रा तथा उत्सवहरुमा बाजा बजेको हुन्छ । शास्त्रानुसार शिवको डमरुबाट उत्पन्न चौध सूत्रले व्याकरणलाई जन्माएको हो ।[४]

संगीतको उल्लेख प्राचीन ग्रन्थहरुमा पाईन्छ । सामवेदमा उल्लेख भएअनुसार त झन् संगीतको विकास परापूर्वकालदेखि नै भएको कुरा ज्ञान हुन आउँछ । तर नेपालमा यसको व्यापक प्रचार चाँहि लिच्छविकालदेखि भएका तथ्यहरु भेटिन्छन् । तत्कालीन समयका अभिलेख तथा शिलालेखमा संगीत सम्बन्धि छुट्टै कुरा नभएतापनि त्यस्ता सामाग्रीमा परेका बादित्रगोष्ठि, प्रेक्षण मण्डली, नान्दिबाद, शङ्खबाद, वर्षाकालीन वादित्र, वीणानिनाद, मधुर स्वर, कलासु निपुण भन्ने शब्द र वाक्यांशबाट त्यसबेलामा संगीत विद्या प्रचलनमा रहेका थियो भन्ने बुझिन्छ । लिच्छविकालका राजाहरुमा मानदेव कलाप्रेमी एंव विद्वान थिए भन्ने कुरा स्वयम्भूनाथमा रहेको मानदेवको अभिलेखमा उनलाई 'कलासु निपूण' भनी उल्लेख भएवाट बुझ्न सकिन्छ ।[५] त्यस्तै गरी लिच्छविकालका अभिलेखहरुमा विभिन्न जात्राहरु जस्तै कैलाश यात्रा, द्वारघोट्न यात्रा, बराह जात्रा, लोकपाल स्वामी आदि उल्लेख आएको पाईन्छ । शिवदेव र अंशुवर्माको खोपासीको अभिलेखमा "द्वारोद्घाटन यात्रा", "कैलाश यात्रा" भनि उल्लेख आएको छ ।[६] यस्तै नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा "ज्येष्ठशुक्लैकादश्यां बराहयात्रां सीमाभ्यन्तर" भनि बराह

---

३ रामशरण दर्नाल, **नेपाली लोक बागिना र कला**, (काठमाडौं : भृकुटी एकेडेमी पब्लिकेशन्स्, वि.सं २०६०), पृ. १ ।

४ **उही**, पृ. १ ।

५ रेग्मी, **पूर्ववत्** , (पादटिप्पणी संख्या १) पृ. ५ ।

६ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि., वि. सं. २०५३ ), पृ. ५९१ ।

यात्राको उल्लेख आएको छ ।[७] यी बिभिन्न जात्राहरुमा कुनै न कुनै प्रकारका बाजाहरु प्रयोग भएको र बाजा बजाउनको लागि बाजा बजाउने समूहहरुको उपस्थिति भएको सजिलै अनुमान गर्न सकिन्छ ।

मल्लकालीन समयका राजाहरु पनि धार्मिक एवं संगीतकला प्रेमी थिए । त्यसकारण पनि त्यस समयमा विशेष पर्व एवं जात्राका अवसरहरुमा संगीतलाई स्थान दिएको पाईन्छ । मल्लकालीन समयमा संगीतको उच्चतम विकास भएको तत्कालिन समयको अभिलेख, वंशावलीबाट थाहा हुन आउँछ । कुनै पनि देशको विकास हुनको लागि त्यहाँको आर्थिक स्थिति राम्रो हुनु जरुरी छ । मल्लकालिन समयमा आर्थिक स्थिति एकदम राम्रो थियो । त्यसकारण त्यस समयमा राजा र प्रजाहरुमा देवीदेवता प्रतिको भक्ति भावमा रुचि थियो । समय समयमा संगीतज्ञ तथा संगीत प्रेमीहरुलाई भेला गराउने, टोल टोलमा नाचगान गर्ने, एकले अर्कोलाई सिक्ने सिकाउने, राजाहरु पनि नाच गानमा सहभागी हुने गर्दथे र त्यसै कार्यहरुलाई निरन्तरता दिनको लागि विभिन्न गुठी तथा भजन मण्डली र बाजा खलः(समूह)हरुको स्थापना गराएका थिए । मल्लकालीन नेपालमा (काठमाडौं उपत्यकामा) थुप्रै चाडपर्व, जात्रा, उत्सवहरुको विकास भएको पाईन्छ । जुन हालसम्म पनि निरन्तर रुपमा अघि बढिरहेको छ । हाल आएर स्थान विशेषका आधारमा जात्राहरु धुमधामका साथ मनाउँदै आइरहेको छ । जस्तै भक्तपुरको बिस्केट जात्रा, ठिमीको ३२ खट जात्रा, पाटनको रातो मच्छिन्द्रनाथ जात्रा, भीमसेन जात्रा, कीर्तिपुरको न्हय्गाँ (सात गाँउ) जात्रा, काठमाडौंको इन्द्रजात्रा, सेतो मच्छिन्द्रनाथ जात्रा, असनको खत जात्रा आदि प्रख्यात रहेका छन् । हाल काठमाडौं उपत्यकामा प्रचलित जात्रा, उत्सव, नाचगान, चाडपर्वहरुमा बजाइने बाजा गाजा तथा भजनहरु मल्लकालीन समयदेखि चल्दै आएको मानिन्छ । यस्ता जात्रा, नाचगानहरुले मल्ल राजाहरुले शुरुबाट गरेका र कतिपय गीतहरुमा देवदेवीका साथै उनीहरुका गुणगान गरिएका शव्दहरु पनि पाईन्छ । आजसम्म पनि काठमाडौं उपत्यका लगायत हरेक नेवारी समाजमा प्रचलित जात्रा, चाडपर्व, पूजाआजा, भोजभतेरमा विभिन्न बाजाहरु बजेका छन् । मन्दिर तथा मन्दिर अगाडि खाली ठाउँमा यस्ता बाजा बजाउने समूह सुकुलमा बसेर गाउने बजाउने गरिरहेका हुन्छन् ।[८] यसरी नेवारी समाजमा प्रचलित

---

[७] **उही**, पृ. २७४-२७५ ।

[८] Ingemar Grandin, **Music and Media in local life,** (Kathmandu : Mandala Book Point, 2011), p. 50 .

जात्रा, चाडपर्व, पूजा, भोजभतेरमा बजाइने बाजाहरुमा धिमे बाजा प्रमुख बाजाको रुपमा रहेका छन् । साथै नेवार जातिको बसोबास रहेका परम्परागत ज्यापु टोलहरुमा यो बाजा बजाउनका लागि धिमे बाजा खलःहरु रहेका छन् । प्रस्तुत शोधपत्र नेवारी समाजमा प्रचलित यसै धिमे बाजा खलः(समूह)मा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

कला र संस्कृतिको दृष्टिकोणमा नेपाल लिच्छविकालदेखि नै समृद्ध रहेको देखिन्छ । लिच्छविकालिन समाजको सबैभन्दा प्रमुख मनोरञ्जनका साधन बाजागाजा र नृत्य थियो । त्यस्तै मल्लकालमा पनि थुप्रै जात्रा, चाडपर्वहरुको विकास भएको थियो । जसमा बाजागाजाको महत्वपूर्ण भूमिका रहेको हुन्थ्यो । यस्ता बाजागाजामा पनि धिमे बाजा हरेक जात्राहरुको मुख्य बाजाको रुपमा रहेको देखिन्छ । ज्यापुहरु नेपालको आदिवासी हो र सबै ज्यापुहरुले धिमे बजाउँछन् ।[1] प्रायजसो जात्राहरुमा धिमे बाजा समूहहरुको उपस्थिति भएको पाईन्छ । यसको आफ्नै सामाजिक मूल्य र मान्यता रहेको छ । तर पनि यस बाजा र यस बाजा बजाउने समूहको बारेमा विस्तृत जानकारी प्रकाशमा आइसकेको देखिंदैन । त्यसैले यस शोधपत्रको माध्यमबाट शोधकर्ताबाट नेवारी समाजमा प्रचलित धिमे बाजा समूहको विविध पक्षहरुको बारेमा प्रकाश पार्न कोसिस गरिएको छ । यस प्रस्तावित अध्ययनको समस्याहरु यसप्रकार छन् ।

क) धिमे बाजा समूहको बारेमा लिखित रुपमा हालसम्म पर्याप्त मात्रामा जानकारी नहुनु ।

ख) धिमे बाजा समूहसँग सम्वन्धित सामाजिक, धार्मिक तथा साँस्कृतिक पक्षहरुको बारेमा गहन रुपमा अध्ययन तथा विश्लेषण भएको वा नभएको जानकारी नपाइनु ।

ग) धिमे बाजाको संरक्षण तथा सम्वर्द्धन भए नभएको थाहा नहुनु ।

## १.३ अध्ययनका उद्देश्यहरु

नेपालको मुख्य पहिचान भन्नु नै यहाँको संस्कृति हो । बहुसाँस्कृतिक विशेषता बोकेको यहाँको संस्कृतिमा यहाँका लोकबाजाले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । नेपालका

---

[१] विपेन्द्र महर्जन, **डल्लु धिमे खलः लुमन्ति पौ**, (काठमाडौं : डल्लु धिमे खलः, ने.सं. १११९), पृ. ५५ ।

लोकबाजाहरुमा एक प्रमुख बाजाको रुपमा धिमे बाजालाई लिन सकिन्छ । नेवारी समाजमा यस बाजा बजाउने समूहहरु रहेका छन् । यही धिमे बाजा र धिमे बाजा समूहको विविध पक्षलाई उजागर गर्न प्रस्तुत विषयमा शोध गर्ने प्रयत्न गरिएको छ । सामान्यतया भक्तपुर, पाटन, कीर्तिपुरका धिमे बाजाको जानकारी दिईने छ तर विशेष गरी काठमाडौं जिल्लाका धिमे बाजा समूहका विविध पक्षहरुमा केन्द्रित गरिने छ । यस शोधपत्रको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) हालसम्म विस्तृत रुपमा प्रकाशमा नआएको यस धिमे बाजा समूहलाई प्रकाश पार्ने ।

ख) नेवारी समाजमा धिमे बाजाको उपयोगको बारेमा अध्ययन गर्नु ।

ग) यस समूहसँग सम्वन्धीत सामाजिक, धार्मिक र साँस्कृतिक पक्षलाई उजागर गर्ने ।

घ) धिमे बाजा संरक्षण तथा सर्म्बद्धन सम्वन्धी आवश्यक राय सुझाव दिने ।

## १.४ अध्ययनका औचित्य

नेपाल मन्दिरै-मन्दिरको देश भनेर चिनिन्छ । यहाँ धेरै मात्रामा मूर्ति, मठमन्दिर, बिहार, स्तूपहरु पाईन्छन् । अझ यहाँ जीवित देवता कुमारी, भैरव, गणेश आदिको पनि जात्रा हुन्छन् भने विभिन्न मुकुट नृत्यहरु पनि हुन्छन् । त्यस्तै यहाँ समय समयमा खत जात्रा देखि लिएर ठूला-ठूला रथ जात्राहरु पनि हुने गरेका छन् । यी जात्रा, चाडपर्व, रीतिरिवाजहरुमा सबैभन्दा बढि ठाउँहरुमा देख्न पाइने र बजाइने बाजा धिमे बाजा हो । हरेक नेवार समाजमा सबैभन्दा प्रचलन र मनपराइने बाजा पनि धिमे बाजालाई नै लिएको देखिन्छ । तर पनि धिमे बाजा र धिमे बाजा समूहको बारेमा अध्ययन अनुसन्धान प्रयाप्त मात्रामा भएको देखिंदैन । धिमे बाजा समूहको बारेमा लेखिएका केही पुस्तक, लेखहरु जुन विभिन्न पुस्तकहरु तथा स्मारिकाहरुमा प्रकाशित भए त्यसको अध्ययनबाट पर्याप्त ज्ञान लिन सकिंदैन । त्यसैले प्रस्तुत शोधपत्र नेवारी समाजमा प्रचलित धिमे बाजा समूहको बारेमा केन्द्रित भएर लेखिएको भएतापनि यसले बाजा सम्बन्धी अध्ययन गर्न चाहने अध्ययनकर्ताहरुको लागि आधार सामाग्रीका रुपमा कार्य गर्ने छ भन्ने विश्वास शोधकर्ताले लिएको छ । साथै यस अध्ययनबाट नेपाली संगीत कलाका बारेमा

बुझ्न चाहने विद्यार्थी, अन्य क्षेत्रका व्यक्तिहरु र सर्वसाधारणलाई अझ बढि मद्दत पुग्नेछ । शोधकर्ताले निम्न औचित्यलाई ध्यानमा राखी प्रस्तुत शोधपत्र तयार गरेको छ ।

- नेपाली संगीत तथा बाजाको ऐतिहासिक तथा प्राचीनताबारे थाहा पाउन सकिन्छ ।
- नेपाली बाजा तथा बाजा समूहहरुको बारेमा जानकारी पाउन सकिन्छ ।
- प्रस्तुत अध्ययन पुरा भएपछि नेवारी समाजमा प्रचलित धिमे बाजा समूहको बारेमा प्रर्याप्त रुपमा जानकारी पाउन सकिन्छ ।
- धिमे बाजा समूहको संचालन, बाजाको प्रकार, बाजा सिकाउने विधि, धिमे बाजाको बोलहरु, आर्थिक स्रोत, धिमे बाजा समूहमा गरिने नाच आदिको बारेमा जानकारी लिन सकिन्छ ।
- यस विषयमा थप अध्ययन गर्न चाहनेहरुलाई आधार स्रोत तयार हुन्छ ।

## १.५ पूर्वसाहित्य समीक्षा

नेपाली बाजाहरुको बारेमा विभिन्न विद्धान्हरुले आ-आफ्नो किसिमले अध्ययन अनुसन्धान गरी थुप्रै पुस्तक, लेखहरु प्रकाशित गरेका छन् । तसर्थ यस शोधकार्य तयार गर्नको लागि निम्न लिखित पुस्तकहरु तथा लेख रचनाहरुको अध्ययन गरी तिनलाई सन्दर्भसामाग्रीको रुपमा प्रयोग गरिएको छ ।

*Ingemar Grandin,* **Music and Media in Local life,** Mandala Book point, Kathmandu, 2011

Grandin द्वारा लिखित ६ अध्यायमा विभाजित यस पुस्तकमा नेवारी समाजमा प्रचलित विभिन्न जात्रा, रीतिरिवाज, रहनसहन, सम्पदाको बारेमा विस्तृत अध्ययन गरिएको छ । साथै धिमे बाजा, दाफा समूह, लोकगीत, आधुनिक भजन, शास्त्रीय संगीत, वैण्डबाजा आदिको हाल र विगतको इतिहासको बारेमा व्याख्या गरिएको छ । धिमे बाजा समूहको सन्दर्भमा यस

पुस्तकमा केवल कीर्तिपुरमा वजाइने धिमे बाजाको मात्र उल्लेख गरिएको छ । काठमाडौं, ललितपुर र भक्तपुरमा बजाइने धिमे बाजाको बारेमा उल्लेख गरिएको छैन ।

*Gert-Matthias Wegner,* **The Dhimaybaja Of Bhaktapur,** Franz Streiner, Stuttgart , 1986

उनले यस पुस्तकमा धिमे बाजा नेवार किसानहरुको खुसी व्यक्त गर्ने बाजा हो र धिमय्को घुं र भुस्याः-सिछ्याःको झ्याइँ आवाज नगुन्जेसम्म कुनै पनि जात्रा पुरा हुदैन भनि उल्लेख गर्नु भएको छ । त्यस्तै भक्तपुरको धिमे बाजाको बोल, ध्यःल्हाय्गु, मा, न्हयाः, छिना, गु, च्वः बारे र भुस्याः, सिछ्याः कसरी बजाउने भन्ने बारे उल्लेख गरिएको छ । तर लेखकले यस पुस्तकमा केवल आफूले सिकेको धिमे बाजाको अनुभवहरु मात्र उल्लेख गरेको छ । यसमा धिमे बाजाको ऐतिहासिक पृष्ठभूमिको बारेमा विस्तृत रुपमा अध्ययन गरिएको छैन ।

*ज्यापु पञ्च,* **लुमन्ति पौ यैं देःया परम्परागत ज्यापु त्वाःया धुंङा ब्वज्या,** धिमे खलः यत्खा बाहाः, काठमाडौं, वि.सं. २०५४

ज्यापु पञ्चद्वारा "धुंङा प्राचिन ज्यापु साँगीतिक कासाया मू साधन खः" शीर्षकमा लिखित लेखमा धिमे बाजाको प्राचिनता बारे उल्लेख गरिएको छ । साथै धिमे बाजाको साथमा घुमाइने धुन्या बाजाको उल्लेख गरिएको छ । तर लेखकले यस लेखमा धिमे बाजा र धुन्याको बारेमा उल्लेख गरेतापनि धिमे बाजा समूहका बारेमा उल्लेख गरिएको छैन ।

*न्हुच्छेबहादुर डंगोल,* **लुमन्ति पौ बाद्यगुरु न्हुच्छेमान डंगोलया चय्निदँ बुन्हिया लसताय्,** न्हुच्छेबहादुर डंगोल, काठमाडौं, वि.सं २०६५

उनले "हाम्रो संस्कृतिमा धिमे बाजाको महत्व" शीर्षकको लेखमा धिमे बाजाको परिचय, बनावट, बजाउने तरिका, बजाउने समयका साथै यसको विशेषता उल्लेख गरेका छन् । त्यस्तै "नेपाःया संस्कृतिइ धिमे व मगंखिं" शीर्षकमा धिमे बाजा ज्यापूजातिले बजाउने, त्वाः धिमे र धुन्याः विशेष ज्यापूटोलमा मात्र प्रचलित भएको कुरा उल्लेख गरेको छ । त्यस्तै "धिमे बाजं"

शीर्षकमा धिमे ज्यापूहरुको मूल बाजा, कुलु जातिले बनाउने र  धिमे सिक्ने तरिका आदिको बारेमा छोटकरीमा मात्र उल्लेख गरिएको छ ।

*पूर्णमान डंगोल,* "धुङा"**, लुमन्ति पौ,** डल्लु धिमे खलः, काठमाडौं, ने.सं.११११९

यस लेखमा धिमे बाजाको इतिहासको बारेमा र धिमे बाजा बजाउँदा घुमाइने धुङा (धुँन्या) को बारेमा उल्लेख गरिएको छ । उनले लोकोक्तिको आधारमा बाजाको बयान गरेका छन् । यस लेखमा धिमे बाजा समूहको बारेमा उल्लेख गरिएको छैन ।

*भुवन लाल श्रेष्ठ,* "धिमे बाजा", **मध्यपुर स्मारिका,** भक्तपुर, वि.सं २०५५

यस लेखमा मध्यपुर ठिमीमा मनाइने सवभन्दा ठूलो विस्केट जात्रामा सम्पूर्ण टोल-टोलहरुमा धिमे बाजा बजाएर मनाउने प्रचलन, धिमे बाजाका विभिन्न तालहरुका साथै धिमे बाजा सम्वन्धी किम्वदन्तीहरु उल्लेख गरेका छन् । यसमा धिमे बाजाको संक्षिप्त बयान गरिएको छ भने धिमे बाजा समूहको बारेमा उल्लेख गरिएको छैन ।

*मदनसेन बज्राचार्य,* "नेवाः बौद्ध संस्कृतिइ लोक बाजा"**, नेपालमण्डलया बौद्ध संस्कृति सम्मेलन-१११९,** लोटस रिसर्च सेन्टर, ललितपुर, ने.सं. १११९

उनले यस लेखमा नेवाः संस्कृति, बाजाको उत्पति, बाजाको वर्गीकरण र धिमेबाजा लगायत विभिन्न बाजाको बारेमा उल्लेख गरेका छने । जुन ज्यादै नै उपयोगी देखिएतापनि धिमे बाजा समूहको बारेमा उल्लेख गरिएको छैन ।

*राजेन्द्र श्रेष्ठ,* "धिमे बाजा र धिमे नाच"**, बज्र दर्शन,** वज्र कला कुञ्ज, वि.सं.२०६८

यस लेखमा धिमेको किसिम, धिमेबाट निस्कने बोल, लोक कथन, धिमे नृत्यको बारेमा छोटकरीमा उल्लेख गरिएको छ । तर पनि धिमे बाजा र धिमे बाजा समूहको बारेमा विस्तृत अध्ययन गरिएको छैन ।

*रामप्रसाद कँडेल,* **नेपाली लोक बाजा,** नेपाली लोकबाजा संग्रहालय, काठमाडौं, वि.सं. २०६१

यस पुस्तकमा नेपाली बाजाको वर्गीकरण गर्नुका साथै जातिगत, समूहगत रुपमा नेपाली लोक बाजाको उल्लेख गरिएको छ । तर बाजाहरुको बारेमा संक्षिप्त परिचय मात्र दिएका छन् । धिमे बाजा समूहको अध्ययन गरिएको छैन ।

*रामशरण दर्नाल,* **नेपाली बाजा,** रत्न पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०६१

उनले यस पुस्तकमा नेपाली बाजाहरुको बारेमा लेखिएका छन् । यस पुस्तकमा "भक्तपुरको धिमेबाजा" शीर्षकमा एक जर्मन सङ्गीतशास्त्री डा. गेर्त मात्तियस वेग्नरको बारेमा र उनले भक्तपुरको स्थानीय परम्परागत वादकहरुसहित गुँला मेलाका अवसरमा बजाइने धिमेबाजाको बारेमा व्याख्या गरिएको छ । त्यस्तै गजाः तालबाजाको महत्वपूर्ण अङ्ग शीर्षकमा धिमेको गजो पौकथिको बारे पनि उल्लेख छ । त्यस्तै नेपाली बाजा र बाद्यवादन ,नेपाली संस्कृति र लोकवाद्य शीर्षकमा पनि बाजाहरुको बारेमा उल्लेख छ । तर धिमे बाजाको बारेमा पर्याप्त मात्रामा उल्लेख गरिएको छैन ।

*विपेन्द्र महर्जन,* "नेपाःया संस्कृति ख्यलय्-धुँन्या"**, लुमन्ति पौ,** डल्लु धिमे खलः, काठमाडौं, ने.सं. १११९

विपेन्द्र महर्जनद्वारा लिखित यस लेखमा धिमे बाजा लगायत विशेषत : धिमे बाजा बजाउँदा घुमाइने धुँन्याको बारेमा उल्लेख गरिएको छ । तर धिमे बाजा लगायत धिमे बाजा समूहको त्यति उल्लेख गरिएको छैन । केवल धुँन्याको बारेमा मात्र चर्चा गरिएको छ ।

*सुभाषराम प्रजापति,* **संस्कृतिभित्र..,** नेवाटेक इन्कर्पोरेट, अमेरिका, वि.सं २०६३ ।

सुभाषराम प्रजापतिद्वारा लिखित पुस्तकमा नेवार वाद्य परम्परा शीर्षकमा आफ्नो जातिको उत्पत्तिमा भगवान् कृष्ण र मञ्जुश्रीका कथालाई जोड्ने नेवार जातिले विविध बाजाहरुको उत्पतिमा पनि भगवान् कृष्ण र मञ्जुश्री नै नाम जोड्ने गरेको कुरा उल्लेख गरेको छ । त्यस्तै नेवारी बाजाहरुको उत्पति, इतिहासको बारेमा जानकारी दिइएको छ । त्यस्तै धिमे बाजा सम्वन्धि आख्यान, अरु विभिन्न जातिसँग धिमे बाजाको मिल्दो जुल्दो आकार, बनावट

तथा समानताको बारेमा उल्लेख गरिएको छ । तर धिमे बाजा समूहसँग सम्वन्धित अरु पक्षहरुको गहन रुपमा अध्ययन गरिएको छैन ।

*सुभाषराम प्रजापति,* **नेपाल उपत्यकाका सांस्कृतिक बाजाहरु,** नेवा दे दबु, काठमाडौं, ने.सं.११२१

उनले यस पुस्तकमा नेवारी बाजाहरुको उल्लेख गरेका छन् । यसमा धिमे बाजाको परिचय, धिमेको संरचना, बजाउने तरिका र धिमेसँग बजाइने सहायक बाजाहरुको वारेमा उल्लेख गरेका छन् । तर धिमे बाजा समूहको विस्तृत रुपमा अध्ययन नगरि केवल छोटकरी रुपमा मात्र व्याख्या गरिएको छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

नेपाल बहुजातीय तथा बहुभाषिय देश भएकोले यहाँ हरेक जातिहरुको आ-आफ्ना धर्म, संस्कृति लगायत आफ्नो छुट्टै पहिचान भएको मौलिक बाजाहरु रहेको पाईन्छ । त्यसमा पनि एउटै जाति तथा समुदायभित्र पनि धेरै प्रकारका बाजाहरु प्रचलनमा रहेको पाईन्छ । यसै सन्दर्भमा नेवार समुदायभित्र पनि धेरै प्रकारका बाजाहरु प्रचलनमा रहेका छन् । तर यस अध्ययनले काठमाडौं उपत्यकाका नेवार समुदाय भित्रको ज्यापू जातिले परम्परागत रुपमा बजाउँदै आएको धिमे बाजामा केन्द्रित रहि अध्ययन गरिएको छ । यसको विषय नेवारी समाजमा प्रचलित धिमे बाजा समूह रहेको छ र यसका लागि का.म.न.पा. वडा नं. ३० को कमलाक्षी, जमलको जमःमि त्वाः(टोल) र वडा नं. १७ क्वाबहालको लघछैं क्वाबहाल टोलको धिमे बाजा समूहमा केन्द्रित रहि स्थलगत अध्ययन गरिएको छ । अध्ययनको कममा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका केहि स्थानका धिमे बाजा समूह सम्वन्धी पनि संक्षिप्त अध्ययन गरिएको छ । काठमाडौं उपत्यकाबाहेक अन्य स्थानहरुमा यसको अध्ययन रहको छैन ।

## १.७ अध्ययन विधि

यो शोधपत्र धिमे बाजा समूह सम्बन्धी अध्ययन अनुसन्धान, स्थलगत अवलोकन, सम्बन्धित व्यक्तिहरुसंगको प्रत्यक्ष रुपमा प्राथमिक श्रोतकै आधारमा गरिने छ तर आवश्यकता अनुसार सम्बन्धित बिषयमा लेखिएका प्रकाशित तथा अप्रकाशित पुस्तकहरु, रिपोर्ट, कार्यपत्र,

सोधपत्र, प्रकाशित तथा अप्रकाशित लेख रचनाहरु लगायत आवश्यकता अनुसार विभिन्न संघ संस्थाका वेबसाइटमा उपलब्ध सामाग्रीहरुलाई पनि श्रोतको रुपमा लिइने छ । प्राथमिक सूचना संकलनार्थ तथ्यांक संकलनका विभिन्न विधिहरु अपनाइएको छ जुन यस प्रकार छन् ।

## १.७.१ प्राथमिक श्रोत

### १.७.१.१ स्थलगत अध्ययन

काठमाडौं, भक्तपुर र ललितपुरमा प्रचलित धिमे बाजा र धिमे बाजा समूहको अध्ययनको लागि जात्रामा ती स्थानहरुमा गई ती बाजाहरुको अवलोकन गरी ती बाजा र समूहको बारेमा जानकारी लिएको छ । यस अध्ययनको लागि क्वाबहाल, जमलका साथै शोधको विषयसँग सम्वन्धित ज्ञाताहरुसँग प्रत्यक्ष स्थलगत भेटवार्ता गरिएको छ ।

### १.७.१.२ अन्तरवार्ता वा वार्तालाप

सम्बन्धित क्षेत्रका व्यक्तिहरु, स्थानीय बासिन्दा तथा शोधको विषयसँग सम्बन्धित विज्ञहरुसँग भेटेर छलफलको आधारमा शोध तयार गरिएको छ । साथै सम्बन्धित गुरुवर्गसँग प्रत्यक्ष रुपमा अन्तर्वार्ता लिई प्रारम्भिक तथ्यांक संकलन गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.७.२ द्वितीयक श्रोत

### १.७.२.१ पुस्तकालय अध्ययन

धिमे बाजा र धिमे बाजा समूहका बारेमा लेखिएका प्रकाशित वा अप्रकाशित पुस्तक, लेख, रचनाहरु लगायत वेबसाइटमा उपलब्ध भएका सामाग्रीहरुलाई अध्ययन गरिएको छ ।

# अध्याय : दुई

# बाजाहरुको परिचय

## २.१ बाजाको ऐतिहासिक पृष्ठभूमि

नेपाल कला, धर्म र संस्कृतिले सम्पन्न बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक एवं बहुजातिय देश हो । जहाँ आफ्नै किसिमको धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन आदि रहेका छन् । यहाँको रहनसहन, लवाइखवाइ र सांस्कृतिक वातावरण भौगोलिक स्थितिसँग अभिन्न रुपमा जोडिएर रहेका छन् भने विभिन्न समुदायहरुको जातीय आधारमा संस्कृति र रहनसहनमा विविधता रहेको पाईन्छ । यसरी विभिन्न जातजाति तथा भाषाभाषी बीचको एकता र भातृत्वको भावनाले नै नेपाल अनेकतामा एकता भएको एउटा सुन्दर फुलबारीको रुपमा रहेको छ । नेपालका हरेक क्षेत्रमा आ-आफ्नै संस्कृति पाईन्छ । त्यसमध्ये पनि नेपालमा बसोबास गर्ने जातजातिहरुको आ-आफ्नै जातिय परिचय बोकेका लोक बाजाहरु छन् । हाम्रो देशमा आफ्नै बाजा, गीत, संगीत नभएका कुनै पनि जातजाति छैनन् । नेपालमा कम संख्यामा रहेका कतिपय जातजातिको बाजा न्यूनतम् एउटासम्म रहेको छ । नेपालका नेवार जातिका सबैभन्दा बढि बाजा छन् भने अति अल्पसंख्यक कुसुण्डा जातिको इर्लुङ पीपरी नामको एउटा मात्र बाजा छ ।[१]

प्राचीन समयदेखि नेपाली समाजमा विभिन्न प्रकारका बाजाहरु बजाउँदै आएको पाईन्छ । ती बाजाहरुको उल्लेख प्राचीन वेद, धर्मशास्त्र र पुराणहरुमा पाउँछौ । यी धार्मिक ग्रन्थहरुको अध्ययन गरेको खण्डमा विभिन्न देवदेवीहरुले आफ्ना आयुधको रुपमा समेत विभिन्न बाद्य साधनहरु लिएको देखिन्छ । जस्तै महादेवले डमरु, विष्णुले शंख, कृष्णले बाँसुरी, सरस्वतीले वीणा, इन्द्रले मृदङ्ग, ब्रम्हाले करताल, कालीले घण्ट आदि । यी बाजाहरु आज पनि नेपाली संगीतमा बज्दै आइरहेका छन् ।[२] हुनत आदिमकालदेखि नै यहाँ अनेक थरीका बाजाहरु बज्दै आएका छन् । देवाधिदेव महादेवलाई प्रकट गराउनका लागि यही धरतीमा पितामह ब्रम्हाले करताल बजाउनुभयो । भगवान् विष्णुले मंगलस्तुति गर्न थाल्नुभयो । हाहा र हूहू

---

[१] रामप्रसाद कँडेल, **नेपाली बाजा,** (काठमाडौं : नेपाली लोकबाजा संग्रहालय, वि.सं. २०६१), पृ १९ ।

[२] रामशरण दर्नाल , **नेपाली बाजा**, (काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०६१), पृ. १८६ र १८७ ।

नाउँका गन्धर्वहरुले गीत गाउन लागे । यसरी समस्त देवताहरुले पूजा-आजा र गायन, वादनसहित शिवजीलाई प्रसन्न तुल्याए पछि शिवजी प्रकट हुँदै आज्ञा गर्नुहुन्छ - देवताहरु हो, तपाईहरुले गायन, वादनसाथ मलाई खुसी पार्नुभयो, तसर्थ तपाईहरुको कार्यसिद्धि हुनेछ । आजदेखि जो मलाई एकफेर बाजा र गीतले सेवा गर्छ , त्यसलाई म दुःखमय समुद्रबाट उद्रबाट उद्धार गर्छु ।[३]

नेपालमा अधिक संख्यामा प्राप्त भएका मूर्तिहरु उमा-महेश्वरका मूर्तिहरु छन् । यस्ता मूर्तिहरुको फलकमा शिवगणहरुले विभिन्न बाजाहरु बजाउँदै गरेको अवस्थामा देखाइएको छ । फलकमा गायन, वादन र नृत्यमग्न गणहरु स्पष्टै देख्न सकिन्छ । शिव परिवारका मूर्तिमा तीनदेखि नौसम्मका संगीतमय गणहरु कुँदिएका देखिन्छन् । यस्ता मूर्तिहरुमध्ये सवभन्दा कम नृत्यगण भएको मूर्ति पाँचौं शताब्दीतिरको पशुपति मृगस्थलीको उमा-महेश्वरको मूर्ति हो । उक्त मूर्तिको माथिल्लो भाग भग्न रहेको छ । तल्लो भागको फलकमा तीन गणहरु रहेका छन् । ती मध्ये पहिलो यक्षमुख गण ढोल बजाउँदै छ । बीचको गण नृत्यमग्न देखिन्छ । सिंहमुख भएको अर्को गण झ्याम्टा बजाउँदै गरेको अवस्थामा रहेको छ ।[४] त्यस्तै नेपाली चित्रकला र मूर्तिकलामा बाजाहरुको प्रमाण यथेष्ट पाउन सकिन्छ । धर्तीको स्वर्ग कैलाशमा देवाधिदेव महादेव र शक्तिमातालाई प्रसन्न गराउन देवताहरुले अनेकौं बाजा बजाउँदै-नाच्दै-गाउँदै ईश्वर आराधना गरेका चित्र र मूर्तिहरु नेपाली समाजमा प्रशस्त भेटिन्छन् । कतिपय ग्रन्थ-चित्रहरु त यस्ता प्रसंगहरुले भरिभराउ देखिन्छन् । शिवपुराण, विष्णु पुराण र गीत गोविन्द यसका ज्वलन्त प्रमाण हुन् । यक्ष, गन्धर्व, किन्नर र अप्सरा देवकलाकार थिए । देवताको मनोरञ्जनका लागि उनीहरुले नाच्ने, गाउने र बजाउने गर्दथे ।[५]

नेपालको प्रमाणित इतिहास लिच्छविकालदेखि शुरु हुन्छ । यद्यपि लिच्छविकालभन्दा अगाडि अन्य वंशहरुले शासन गरेको उल्लेख भएतापनि त्यसलाई प्रमाणित पार्ने भरपर्दा प्रमाणहरु उपलब्ध हुन सकेको छैन । लिच्छविकालमा आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक पक्षमा चौतर्फी विकास गरेकोले यस काललाई स्वर्णयुग पनि भनिन्छ । यस समयमा

---

[३] **उही,** पृ. १८६ र १८७ ।

[४] रामशरण दर्नाल, **नेपाली लोक बागिना र कला**, (काठमाडौं : भृकुटी एकेडेमी पब्लिकेशन्स्, वि.सं २०६०), पृ. ९३ ।

[५] दर्नाल, **पूर्ववत्** , (पा.टि.सं. २), पृ. २७० ।

नेपालले भाषा, संस्कृति, कला, धर्म, वास्तुकला आदि क्षेत्रमा ज्यादै ठूलो फड्को मारेको थियो । जसको प्रमाण हालसम्म प्राप्त भएका थुप्रै अभिलेखहरु, मूर्तिहरु, मुद्राहरु आदि रहेका छन् । यसैक्रममा लिच्छविकालमै बाद्य बादन कला समेत विकास हुन पुग्यो । उदाहरण स्वरुप सम्वत् ५२६ को लेलेको शिवदेव र अंशुवर्माको अभिलेखमा बाजा सम्बन्धि केहि संकेत पाईन्छ । यस अभिलेखमा विभिन्न गोष्ठीहरुको उल्लेख गर्ने क्रममा बादित्र गोष्ठीको पनि उल्लेख भएको छ । यसमा **याःमा १२ वादित्र गोष्ठीकानाम्मा १०**..................अर्थात् बादित्र गोष्ठीका गुठीयारलाई १० मानिका दिनुपर्ने कुराको उल्लेख आएको छ ।[६] यसबाट यो कुराको पुष्टि हुन्छ कि लिच्छविकालमा बाजासम्बन्धि गोष्ठी रहेको थियो । तर यस गोष्ठीमा के-कस्ता बाजाहरु बजाइन्थ्यो, तिनीहरुको बनावट, स्वरुप कस्तो थियो भन्ने बारेमा स्पष्ट जानकारी भने पाइँदैन ।

लिच्छविकालमा मनोरञ्जनको लागि बाजागाजा बजाउने, नृत्य एवं नाटक प्रस्तुत गर्ने तथा मल्लयुद्ध र गोयुद्ध संचालन गर्ने गर्दथ्यो । तर प्रमुख मनोरञ्जनका साधनको रुपमा बाजागाजा र नृत्यहरु नै देखिन्छ । लेलेको शिवदेव प्रथमको संवत ५२६ को अभिलेख र नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा बाजागाजा र नृत्य सम्वन्धि उल्लेख पाईन्छ । लेलेको अभिलेखमा "बादित्र गोष्ठीको" चर्चा परेको छ भने नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर अभिलेखमा विभिन्न देवालयका देवदासीहरुको चर्चा परेको छ । डा. हितनारायण झाका अनुसार यस्ता देवदासीहरुको मुख्य कार्य देवालयमा नृत्य गर्नु हुन्थ्यो ।[७] हाडीगाँउको सम्वत् ३० को अंशुवर्माको अभिलेखमा बाजासम्वन्धि केही विवरण पाईन्छ । जसमा **नान्दीशङखवादयो : ४ पु २५** भन्ने शव्द परेको छ । यस अभिलेखमा उल्लेख भए अनुसार तत्कालिन समयमा नान्दी (मंगल बाजा) बजाउने र शंख नामक बाजाहरु प्रचलनमा रहेको थाहा हुनुका साथै यसरी नान्दी र शंख फुक्नेलाई २५ पुराण दिने प्रचलन समेत रहेको थाहा हुन्छ । यसबाट पनि के स्पष्ट हुन्छ भने प्राचीन परम्परा अनुसार राजाको दैनिक कार्यक्रम नान्दी (मंगलबाजा, मंगलगान) द्वारा शुरु गरिन्थ्यो । यसरी लिच्छविकालिन समाजमा दैनिक कार्यक्रम नान्दीबाट सुरु गरिन्थयो भन्ने कुरा नान्दीवाद नामक अधिकारी नियुक्ति गरिएबाट थाहा हुन्छ । त्यस्तै नान्दीको रुपमा गाना पनि गाइन्थ्यो, यसको लागि विशेष मंगल बाजा पनि बजाइन्थ्यो । कादम्बरीमा वाणले नान्दीबाजा

---

[६] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, ( कीर्तिपुर : नेपाल एसियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३०), पृ.२८७ ।

[७] Hit Narayan Jha, **The Lichchhavis**, (Vanarashi: Chaukhamba Sanskrit Series Office, 1970) P. 1091.

बजाएको वर्णन गरेका छन् । यहाँ पनि नान्दीवाद शब्दको प्रयोग गरिएकोले लिच्छविकालमा पनि नान्दीको लागि विशेष बाजा बजाइन्थ्यो भन्ने थाहा हुन्छ ।[८]

मध्यकालमा आइपुग्दा मनोरञ्जनका साधनहरुमा थुप्रै वाद्यवादनहरु विकसित हुन पुगे । ने.सं. ७७८ को पाटन गुइतविहारको अभिलेखमा ढोल, ट्याम्पो, झ्याली, खिन, मुराली गरि पाँचवटा प्रचलित वाद्यवादनहरुको उल्लेख परेको छ । यस समयमा नेवारी समाजमा मनाइने सम्यकदानमा तुरिय, मृदंग, तुरज, झरझर र ढक्का जस्ता ढोलहरु बजाउने गरिन्छ । ढोलहरुमा 'पनितखिन' भनिने ढोल प्रमुख थियो । ढोलहरु बाहेक ता, झ्याली, छुस्या, भुस्या आदि दुई हातले बजाउने बाजाहरुद्वारा पनि मनोरञ्जन गरिन्थ्यो । गाईजात्रा तथा गुँलामा श्रृगंभेरी वा नेकु नामक सिंगबाट बनेको बाजा बजाएर मनोरञ्जन गरिन्थ्यो । तामाबाट बनेका पौगा र कहाबुजा नामक बाजाहरु समेत बजाएर मनोरञ्जन गर्ने गर्दथे । प्रायः जसो बाजाहरु नृत्य गर्दा बजाइन्थे । नाटक देखाउँदा गरिने नृत्य अथवा चाडपर्व, उत्सवहरुमा यस्ता बाजा बजाइन्थे ।[९] मल्लकालमा बनेका विभिन्न भित्तेचित्रहरुमा पनि देवीदेवता, राजाहरुद्वारा वाद्यवादन बजाएर तिनीहरुलाई मस्त अवस्थामा देखाइएको पाईन्छ । उदाहरणको रुपमा भक्तपुरको तलेजू मन्दिरलाई लिन सकिन्छ । जहाँ विष्णु मादल बजाउँदै लक्ष्मीसँग नाच्दै गरेको अवस्थामा देखाइएको छ । त्यस्तै जयवागेश्वरी मन्दिरको भित्तामा पनि एक पुरुषले सहनाई बजाँउदै गरेको पनि देखाइएको छ । ललितपुरको महापालस्थित हरगौरी मन्दिरकोद्वारमा दायाँवबायाँ नृत्यमुद्रामा भैरवको उभिएको ज्यादै राम्रो कलात्मक चित्र रहेको छ । यी दुवै भैरवले क्वताः(तीनमुखे ताल बाजा) र मृदङ्ग (पश्चिमा) बजाउँदै नाच्न लागेका देखिन्छन् । नेवार समाजमा मध्यकालमै नायखिं च्वयकेगु परम्परा रहेको पाईन्छ । यो बाजा राजकाजको सिलसिलामा जनताहरुसमक्ष सूचना प्रसार गर्नको लागि प्रयोग गरिँदै आएको हो ।[१०]

पर्वते राजा, बाइसे-चौबीसे र गोरखाका शाह वंशले पनि आफ्नो सन्देश जनसमक्ष पुऱ्याउने माध्यम बाजालाई रोजेका थिए । बाजाद्वारा जनतालाई भेला गराई आदेश सुनाउने चलन थियो । श्री ५ पृथ्वीनारायण शाहको पालामा नेपाल एकीकरण भएपछि पनि काठमाडौंको

---

[८] वज्राचार्य, **पूर्ववत्** , (पा.टि.सं. ६), पृ.३०७ ।

[९] गणेश क्षेत्री, रामचन्द्र रायमाझी, **नेपालको इतिहास**, (काठमाडौं : एसिया पब्लिकेसन्स, वि.सं.२०६०), पृ. ३५५ ।

[१०] सुवर्ण शाक्य, **धाःबाजा आजको परिप्रेक्ष**, (काठमाडौं : नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, विं.सं २०६८), पृ. ९ ।

जात्रा तथा पर्वहरु र बाजागाजाको उत्सवलाई निरन्तरता दिएको कुरा उहाँको दिव्यउपदेशवाट पनि थाहा पाउन सकिन्छ । राणाकालिन समयमा शास्त्रीय संगीतले बढी स्थान लिएको देखिन्छ भने २००७ सालको प्रजातन्त्रपछि ४ जात ३६ वर्णको फुलबारीका रुपमा रहेका नेपालीहरुले स्वतन्त्र रुपमा आफ्नो संस्कृतिलाई विकास गर्दै लगेको पाईन्छ । २००७ साल पछि पनि चलेको सरकारी आदेश वा सन्देश जनसाधारणसम्म पुऱ्याउने माध्यम बाजा नै थियो । जसलाई हामी झ्याली पिट्ने नामले जान्दछौं ।[११]

## २.२ बाजाको वर्गीकरण

नेपाली संस्कृतिको समृद्ध परम्परामा बाजा वा बाद्य यन्त्रहरुको ठूलो स्थान रहँदै आएको छ । जन्मदेखि मृत्यु सम्म पनि नेपाली बाजाले आफ्नो संस्कार छाडेका छैनन् । यसरी बाल्यकालदेखि जीवनको महायात्रा सम्ममा पनि बाद्य यन्त्रहरु (बाजा)वज्दै आएका छन ।[१२] विश्व संगीतको इतिहासमा धार्मिक तथा आध्यात्मिक संगीतले ठाउँ लिए जस्तै नेपाली संगीतमा पनि धार्मिक तथा साँस्कृतिक बाद्य संगीत प्रचलित रहेको देखिन्छ । नेपालको लोकबाजा अन्तर्गत विभिन्न जातिहरुमा आ-आफ्नो मौलिक बाजाहरु प्रचलित देखिन्छन् । नेपालको भौगोलिक स्थान र जाति अनुसार आ-आफ्नै प्रकारको बाजाहरु प्रयोगमा ल्याएका देखिन्छन् । विभिन्न ठाउँ तथा जातजाति पिच्छे फरक फरक प्रकारको बाजाहरु प्रयोग भएको देखिन्छ । नेपाल सांस्कृतिक रुपले कति सम्पन्न छ भन्ने कुरा यहाँ भेटिएको मौलिक बाजाहरुले पनि पुष्टि गर्दछ । बाजालाई बजाइने शैली तथा बनावटको आधारमा ताल बाजा र सुर बाजा गरी दुई भागमा वर्गिकरण गर्न सकिन्छ । ताल बाजामा मादल, खैंजडी, धाः, धिमे, कम्फु आदि पर्दछन् भने सुर बाजामा मुहाली, बाँसुरी, सारङ्गी, टुङ्ना आदि पर्दछन् । संगीतशास्त्रले बाजाहरुलाई मुख्यतः निम्न चार श्रेणीमा विभक्त गरेको छ ।[१३]

### २.२.१ अवनद्ध वाद्य

छालाले मडेर बनाइएका बाजाहरु अवनद्ध वाद्यमा पर्दछन् । यस प्रकारका बाजाहरु

---

११ दर्नाल, **पूर्ववत्** ,(पा.टि.सं. २) पृ. १८४ ।

१२ ध्रुवेशचन्द्र रेग्मी, **नेपाली संगीतको इतिहास (संक्षिप्त)**, (अप्रकाशित), विशालनगर, पृ. ५ ।

१३ दर्नाल, **पूर्ववत्** , (पा.टि.सं. २ ), पृ. १८० ।

काठबाट बनेका हुन्छ भने माटो वा अन्य धातुहरुबाट पनि बनेका हुन्छन् । यी बाजाहरुका भित्र खोक्रोपारी दुईतिर वा एकतिर छालाले मोडिएको हुन्छ । यसमा धिमे, धाः, पश्चिमा, खिं, ढोल, डमरु, च्याब्रुङ, खैँजडी, मादल, ढ्याङ्ग्रो, डम्फु आदि पर्दछन् ।

## २.२.२ घन वाद्य

ठोकेर बजाउने बाजाहरु घन वाद्यमा पर्दछन् । यसमा मुख्यतयाः काँस र अन्य धातुहरुबाट बनेका हुन्छन् जुन हात वा कुनै वस्तुले ठोकेर बजाईन्छ । यसमा भुस्या, छुस्याः, ताः, कँय्पि, घण्टी, घँगला, मुजुरा, झ्याम्टा, बभुचा, मुर्चुङ्गा आदि बाजहरु पर्दछन् ।

## २.२.३ तत्  वाद्य

औँला चालेर, कोट्याएर तथा रेटेर बजाइने बाजाहरु तत् वाद्यमा पर्दछन् । यी बाजाहरुमा कम्तिमा एउटा तार हुन्छ र ती तारहरुलाई औँला चालेर, कोट्याएर, धनुले रेटेर र अर्को हातले औँलाले तारहरुमा खेलेर बजाईन्छ । यसमा पिवांचा, सारङ्गी, टुङ्ना, एकतारे, आरबाजो आदि बाजाहरु पर्दछन् ।

## २.२.४ शुषिर वाद्य

फुकेर बजाउने बाजाहरु शुषिर वाद्यमा पर्दछन् । हाड, सिङ आदि फुकेर र बाँस, धातु र काठबाट बन्ने बाजाहरु मुखले फुकेर औँला चालेर बजाईन्छ । यसमा मुहाली, नेकु बाजा, बाँसुरी, पोंगा, सहनै, कर्णाल, नरसिङ्गा, बिनायो, शङ्ख आदि बाजाहरु पर्दछन् ।

नेपालमा भएका विभिन्न जातजाति मध्ये तामाङ, राई, लिम्वु, दमाई, मगर, शेर्पा लगायत नेवारी समाज प्रचलित बाजाहरु आ-आफ्नै किसिमको देखिन्छ । नेपाल लोकबाजा संग्रहालयका संस्थापक रामप्रसाद कँडेलले शोधकर्तालाई दिइएको जानकारी अनुसार तामाङ समाजमा प्रचलित बाजाहरुमा कलिङ, ग्यापुङ, डम्फु आदि पर्दछन् । राई समाजमा प्रचलित बाजाहरुमा ढोल, बिनायो, यलम्वर आदि पर्दछन् । त्यस्तै लिम्वु समाजमा प्रचलित बाजाहरुमा च्याब्रुङ, नेग्रा, फेन्जे आदि पर्दछ । त्यस्तै गरी दमाई समाजमा प्रचलित बाजाहरुमा कर्नाल, ट्याम्को, दमाहा, नरसिङ्गा, सहनाई, ढोलकी आदि पर्दछन् भने मगर समाजमा प्रचलित बाजाहरुमा खैंजडी, मादल, सालैज्यो डम्फु आदि पर्दछ । त्यस्तै शेर्पा समाजमा प्रचलित

बाजाहरुमा टुङ्ना, डोङ्मेन, च्योदर, लावा आदि बाजाहरु पर्दछन् । नेपालमा भएका जातजातिहरुमध्ये नेवारी समाजमा धेरै बाजाहरु देख्न सकिन्छ । नेवारी समाजमा प्रचलित बाजाहरुको बारेमा यसपछि संक्षिप्तमा अध्ययन गरिएको छ ।

## २.३ नेवारी समाजमा प्रचलित बाजाहरु

बाजा हरेक राष्ट्रका लागि सांस्कृतिक धरोहरको रुपमा रहेको हुन्छ । बाजाले राष्ट्रको प्रतिनिधित्व गरिरहेको हुन्छ । नेपाली सङ्गीत-संस्कृतिको आदिम इतिहास नेपाली लोकबाजासँग गाँसिएको छ । बहुजातिय, बहुभाषिक र बहुसाँस्कृतिक राष्ट्र नेपालका बहुविध लोकबाजाले गौरवपूर्ण जातिय पहिचान बोकेका छन् । नेपालका बहुविध लोक बाजाहरुमध्ये धिमे बाजा एक महत्वपूर्ण बाजाको रुपमा लिनु पर्दछ । नेपालका आदिवासी नेवार जातिले आफ्नो सभ्यताको विकासक्रमसँगै अन्य क्षेत्रमा जस्तै वाद्य क्षेत्रमा पनि मनग्य विकास गरेका छन् ।[१४] वास्तवमा नेवारहरुले आफ्नो जीवनमा बाजालाई यति धेरै नजिक्याएका छन् कि सबैजसो साँस्कृतिक, धार्मिक रीतिथिति, व्यवहार र कर्मकाण्डमा बाजाको प्रयोग गर्दै आएका छन् । आफ्नो जातिको उत्पतिमा भगवान् कृष्ण र मञ्जुश्रीका कथालाई जोड्ने यस जातिले विविध बाजाहरुको उत्पतिमा पनि भगवान् कृष्ण र मञ्जुश्रीको नै नाम जोड्ने गरेको पाईन्छ ।[१५]

नेपालमा बस्ने विभिन्न जातजातिहरुमध्ये एउटा छुट्टै अस्तित्व बोकेको जाति नेवार जाति हो । जो सँग आफ्नो छुट्टै भाषा, कला, भेषभूषादेखि लिएर बसोबास पनि निश्चित ठाउँमा रहेको छ । नेवार जातिको बसोबास रहेको क्षेत्र भएकाले नै नेवारी समाज भनिएको हो । नेवारहरुको मुख्य थलो काठमाण्डौ उपत्यका र आसपासका क्षेत्र नै हुन् । काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लामा विशेष गरि नेवारहरुको बाक्लो बस्तीहरु रहेका छन् । नेवारी समाजमा धेरै थरिका बाजाहरु प्रचलित रहेको देखिन्छ । ती मध्ये प्रायः जात्रा तथा उत्सव, चाडपर्व, संस्कारहरुमा देख्न सकिने बाजाहरु निम्न छन् ।

- **कोचाखीं** : कोचाखीं बेलनाकार काठको मुढालाई एकातिर खोको बनाई खाल्डो बनाइन्छ र छालाले माडेर विचतिर खरि लगाई बनाइन्छ । यो बाजा एक हातले मात्र बजाईन्छ । नेवार

---

[१४] सुभाषराम प्रजापति, **संस्कृतिभित्र....**,(अमेरिका : नेवा इनकर्पोरेट, विं. सं. २०५३), पृ. ९ ।

[१५] **उही**, पृ. ९ ।

समुदायमा बाहेक अरु जातिमा नदेखिने यस बाजा नेवार समुदायमा छुट्टै महत्व बोकेको बाजा हो । यो खीं बाजाको आधा भाग जस्तै देखिन्छ भने तवलाको दायाँ जस्तो पनि देखिन्छ । तर यो बाजा तवला भन्दा ठूलो हुन्छ । यसको तल्लो भागको विचतिर प्वाल परेको हुन्छ । यो बाजा मुख्य रुपमा विवाह वेला दुलही लिन जानेबेला बजाउने गरेको देखिन्छ । यस बाजाको साथमा ताः, बभुचा बजाएर गीत गाउँछन् भने यस बाजाको साथमा बय् पनि बजाईन्छ ।

- **खीं** : नेवारहरुमा प्रचलित बाजाहरुमा सबैभन्दा बढि प्रचलनमा रहेको बाजा खिं बाजा हो । खिं बाजा मृदङ्ग जस्तो हुन्छ । यो बाजा बाहिर अर्थात भारतबाट आएको भनेर देसी खीं भनिन्छ भने यसलाई दापा/दाफा खिं पनि भनिन्छ । विशेषतः यो बाजा दापा बजाउँदा बजाईन्छ । खीं बेलनाकार काठ मुढालाई दुवैतिर खोको हुने गरि प्वाल बजाईन्छ र दुवैतिर छालाले मोडेर विचतिर खरी लगाई बनाईन्छ । यो बाजा दुवैतिर हातको साहाराले बजाईन्छ । दाफा खलः(दाफा बाजा समूह)ले यो बाजाको साथमा ताः, बबौचा, पोङ्गा बजाउदै गीत गाउँदछन् ।

- **मगंखीं** : मगंखी नेपालकै एक प्रमूख बाजा हो । मादललाई नेपाल भाषामा मगंखीं भनिन्छ । यस बाजालाई खींको सानो रुपको रुपमा पनि लिन सकिन्छ तर यसको आवाज फरक र मिठो हुन्छ । यो बाजा अवनद्ध वाद्यमा पर्ने दुवैतिर हातले हानेर बजाईने बाजा हो । यसको प्रयोग हरेक जात्रा तथा संस्कारहरुमा गरिन्छ । यो विशेषगरी बाँसुरी, वय् बजाउँदा, गीत गाउँदा बजाईन्छ ।

- **पश्चिमा** : पश्चिमा प्रायजसो नेवारी गित, धुनहरुमा बजाईएको देख्न र सुन्न सकिन्छ । यो बाजा बढी मात्रामा बाँसुरी बजाउँदा बजाईन्छ । कोँचाखी बजाइने गीतहरुमा पनि यो बाजा देख्न सक्छौँ । यसको दुवैतिर हाले नै बजाईन्छ । यो बाजा खिं जस्तै हुन्छ । तर यसको बीचभाग अलि माथि उठेको हुन्छ र बायाँ तिरको भागमा काठमो गट्टाहरु राखिएको हुन्छ । यसको दाँया भागमा खींमा जस्तै खरी लगाइएको हुन्छ भने बायाँ भागमा खरीको सट्टा पिठो मुसेर खरी जस्तै लगाईन्छ ।

- **नगरा** : नगरा काठ र माटोबाट आकार दिई छालाले माडेर बनाईन्छ । यो एउटा वा जोडी हुन्छ र यसलाई लठ्ठीले हानेर बजाईन्छ । काठमाण्डौका विभिन्न टोलहरुमा जोर नगरा

रहेका छन् । ती नगराहरु विभिन्न उत्सवहरुमा वजाइने गरिन्छ । बडादशैं र चैतेदशैंमा नगरासहित अन्य प्राचीन बाजालाई बोका र राँगा बलि दिने चलन छ । राजाधानीको हनुमानढोकास्थित “दमनगरा” देखि लिएर विभिन्न कोटहरुमा आज पनि नगरा घन्केको सुन्न पाईन्छ ।[१६] शङ्ख, घण्ट, र नगराको ध्वनिले भूतप्रेत, दुष्टात्मा, रोगव्याधीका कीटाणु नास हुन्छ भन्ने धारणा रहेको पाईन्छ ।

- **डमरु** : महादेवको प्रिय बाजा डमरु हो । डमरुलाई विभिन्न कालमा विभिन्न नामकरण गरिएको छ । यसलाई ढक्का, डिम्डिमी, डिबडिबे, डिम्डिम् आदि नामले चिनिन्छ । डमरुकै ठूलो आकारमा बजाइने तालबाजालाई कर्णाली अञ्चलको जुम्लामा “हुड्को” भनिन्छ । काठमाण्डौमा डमरु साना साना प्रकारको पाईन्छ र डमरुलाई नेवारहरु डबडब पनि भन्दछन् ।

- **क्वताः :** क्वताः बाजा अत्यन्त प्राचीन पञ्च तालबाजा हो । यो बाजा वाक्लो काठबाट बनाईन्छ । क्वताःलाई देववाद्य मानिन्छ । यो बाजा पूर्णतः धार्मिक कार्यमा मात्र उपयुक्त हुन्छ । विशेष तिथि वा पर्वबाहेक अरु दिन यसलाई गोप्य गरिकाले पूजा-आजा गरी अलग्गै पूजाकोठामा राखिन्छ । बौद्धाचार्यहरु षोडशोपचार पूजा-विधिअनुसार चर्या-नृत्य गर्दा क्वताः बजाउने गर्दछन् ।[१७]

- **बाँसुरी** : बाँसुरी नेपाली संस्कृतिमा प्राचीनकालदेखि अहिलेसम्म लोकप्रिय बाजाको रुपमा लिईन्छ । प्राचीन संगीतमा यसलाई वेणु, वंश, वंशी, मुरली आदि भनिएको छ । नेपाली संगीतमा यसलाई बाँसुरी, बाँसुली, वंशी, बँसरी र बयः इत्यादि नामले चिनिन्छ । नेवारी समाजमा तीन प्रकारका बाँसुरीहरु प्रचलित छन् । ठूलो बाँसुरीलाई घोर, बीचकोलाई माझवाल र सानोलाई तिपचा भनिन्छ । बाँसुरीको फुक्ने भाग अर्थात् मुख राख्ने प्वाललाई नासः वा सासः प्वा भनिन्छ । यो नेवारी समाजमा ज्यापूहरुले बजाएको देखिन्छ र यो सतिस र सिसौको काठबाट बुट्टा राखि बनाईन्छ ।

---

[१६] दर्नाल, **पूर्ववत्**, (पा.टि.सं.२), पृ. २२२ ।

[१७] **उही**, पृ. १३८, १३९ ।

- **नेकू बाजा :** नेकू बाजा एक प्राचीन बाजाको रुपमा लिईन्छ । यो बाजा फुकेर बजाउने शुषिर बाद्यमा पर्ने बाजा हो । नेकू भनेको जानावरको सिङ्ग हो । यो बाजा गुँला वेला स्वयम्भूमा एक महिना बजाउने चलन छ । साथै गाईजात्रामा पनि नेकूबाज बजेको देख्न सकिन्छ ।

- **बय्** : यो बाँसुरी अन्तर्गतकै बाजा हो । बय्लाई वयः पनि भनिन्छ । यो बाजा काठबाट बनेको हुन्छ र मुरलीजस्तै अगाडि ठाडो पारेर बजाईन्छ । ठोडो पारेर बजाउने भएकाले यसलाई मुरली पनि भनिन्छ । नेवारी समाजमा वय् ज्यापुहरुमा नै बढि प्रचलित देखिन्छ । यो विशेष गरि काठबाट बनाइने गरिन्छ । यो दस इन्चजति लामो र एक-डेढ इन्च जति मोटाइको हुन्छ । वय्लाई नेवारी समाजमा नेकू वंशको बाजाको रुपमा लिईन्छ । यो बाजा दापा खलः अर्न्तगतका बाजा समूहमा बजाईन्छ ।

- **काहाः :** काहाः बाजा नेवारी समाजमा प्रचलित एक प्रमुख बाजा हो । नेवारी समाजमा धार्मिक तथा साँस्कृतिक कार्यमा बढि मात्रामा यसको प्रयोग गरिन्छ । यो बाजाको आकार प्रकार नेकू बाजासँग मिल्दोजुल्दो भएकाले यसलाई प्राचीन बाजाको रुपमा लिईन्छ । यो बाजा बजाउनुको अर्थ इन्द्रलाई निमन्त्रणा गर्नु हो भन्ने जन विश्वास रहिआएको छ ।

- **बभुचा :** बभुचा काँचबाट बनेको एक अर्कामा थोकाएर बजाउने बाजा हो । नेवारी समाजमा धार्मिक एवं साँस्कृतिक कार्यक्रमहरुमा बभुचाको प्रयोग हुन्छ । यो ताः बाजा भन्दा अलि ठूलो र पातलो हुन्छ । यो भुस्या र छुस्या आकारको तर सानो खालको हुन्छ । यो बाजालाई मुजुरा पनि भनिन्छ । यो बाजा भजन गाउँदादेखि लिएर दाफा, वाँसुरी, वय् आदि वादन गर्दा बजाएको देख्न सकिन्छ ।

- **झ्याली :** झ्याली बाजा मुख्यतया बाँसुरी खलःमा देख्न सकिन्छ । वाँसुरी, वय् लगायतका बाजा बजाउँदा सहायक बाजाको रुपमा यो बजाइने गरिन्छ । झ्याली विभिन्न आकार प्रकारको हुन्छ । कुनै चिम्टा आकारको हुन्छ भने कुनै गोलो हुन्छ ।

- **धाः** : धाः बाजा काठलाई छालाले मोडेर बनाईएको अवनद्ध वाद्य अन्तर्गत पर्ने बाजा हो । यसलाई गुंला मेलामा बजाइने भएकाले गुंला बाजा पनि भनिन्छ । यो बाजा विशेष गरी नेवारहरुमा शाक्य, मानन्धर, बज्राचार्य, उदास, ज्यापु समुदायले बजाईन्छ । धाः बाजा बौद्ध परम्पराका रीतिस्थिति, दीपङ्कर पूजा, बहाः पूजा, विभिन्न उत्सवहरुमा वजाउँछन् । यस

बाजासँगै म्वाहा लि, नेकू, वाँसुरी, ताः, भुस्याः आदि बजाईन्छ । हाल म्वाहालि, नेकूको सट्टा कलारिओनेट, ट्रम्पेट पनि बजाईन्छ ।

- **नाय्खिं** : नाय्खिं बाजालाई नायःखिं, द्यःखिं, सी बाजं आदि नामले चिनिन्छ । यो बाजा नेवारी समाजमा एक विशेष बाजाको रुपमा लिईन्छ । काठबाट बनेको यो बाजा दायाँ लठ्ठी र वायाँ हातले बजाईन्छ । यो बाजा गुँलामा धाः बाजासँगै पालैपालो बजाईन्छ भने यो बाजा जन्मदेखि मृत्युसम्म पनि चाहिने बाजाको हो । नेवारी समाजमा भएका एक विशेष जाति नाय्(खड्गी)हरुले बजाउने बाजा भएकाले यस बाजालाई नाय्खिं भनिएको हो । तर यो अरु जातिहरुले पनि बजाउँछन् । नेवारहरुका हरेक जात्राहरुमा सबैभन्दा अगाडि यहि बाजा बजेको देखिन्छ । त्यस्तै केहि शुभकार्य गर्न पनि यो बाजा बजाईन्छ भने कोही मानिसको मृत्यु भएमा यहि बाजा बजाएर आर्यघाटमा लगिन्छ । यो बाजासँग ताः, छुस्याः, काहाः आदि बजाईन्छ ।
- **धिमे** : धिमे बाजालाई धिमय्, धिम्य, धेमे आदि नामले चिनिन्छ । यो बाजा हरेक नेवार वस्तीमा कुनै जात्रा, पर्व हुँदा बजाइने बाजा हो । यो बाजा बजाउँदा भुस्या पनि अनिवार्य रुपमा बजेको हुन्छ । यस बाजाको बारेमा विस्तृत रुपमा अर्को अध्यायमा व्याख्या गरिने छ ।

## २.४ वाद्य समूह

नेपाली लोक संगीतमा बाजा भन्नाले केवल एउटा बाजालाई मात्र जनाउँदैन, 'बाजा' शव्दले त्यसको वाद्य समूह(बाजाका समूह)लाई नै जनाउँदछ । तैपनि बाजा भन्नाले एउटा निश्चित बाजालाई मात्र बुझिन्छ । एउटा भन्दा बढी संख्याका बाजाको समूहलाई ब्यान्ड या अकेस्ट्रा पनि भनिएको पाईन्छ । धिमे बाजा, नौमति बाजा, छत्तीस बाजा आदिले केवल एक बाजालाई मात्र नजनाई एउटा बाजा समूहलाई नै जनाउँदछ ।[१८] यस्ता बाद्य समूहहरुमा बाजा समूह सहित २ देखि ३६ जनाको समूहसम्म रहने गरेका छन् । नाय्खी बाजा समूहमा छुस्या र नायखिं मात्र रहन्छ । ३६ जनाको बृहत् समूह ३६ नगरा आज पनि विशेष अवसरहरुमा सुदूरपश्चिमाञ्चलका क्षेत्रहरुमा बजेको सुन्न सकिन्छ । नेपाली लोक संगीतमा पञ्चैबाजा (पाँच

---

[१८] **उही,** पृ.२७० ।

जनाको समूह) जसमा सहनै, ढलकी, दमहा, ट्याम्को र झ्याली गरी पाँचवटा बाजाहरु बज्दछन् । त्यस्तैगरी नौमति बाजा (नौ जनाको समूह) जसमा नरसिङ्गा, कर्णाल, ढलकी, ट्याम्को एक एक वटा, झ्याली एक जोर, दमाहा दईवटा र सहनै दुईवटा गरी जम्मा नौवटा बाजा बज्दछ । यसबाहेक सारंगीवादन समूह, हुड्को बाजा आदि अनेक थरिका बाजा (वाद्य समूह) देशभर प्रख्यात छन् ।[१९] नेपालका प्राय जातजातिहरुमा यस प्रकारको वाद्य समूहहरु रहेको देखिन्छ । नेवारी समाजमा पनि यस प्रकारका विभिन्न वाद्य समूहहरु रहेका छन् । नेवारी समाज प्रचलित केहि वाद्य समूह यसप्रकार रहेका छन् ।

- **बाँसुरी बाजा (चित्र सं. १)**

यो बाजा समूह दुई थरीका हुन्छन् । एक थरी परम्परागत बाद्य समूह विभिन्न टोल, खलःका हुन्छन् भने अर्को थरी गूरुज्यूको परम्परागत ब्यान्ड(समूह) हो । परम्परागत विभिन्न टोल, खलःका बाँसुरी समूह अन्तर्गत बाँसुरी, ताः, खिं, कोचाखिं, पश्चिमा, मगखिं आदि बाजाहरु हुन्छन् । हाल यो बाजा महिला समूहहरुले पनि बजाउन थालिसकेका छन् । गूरुज्यूको परम्परागत ब्यान्ड ईन्द्रजात्रा, रथजात्रा, विस्केत जात्रा जस्ता विशेष जात्रापर्वहरुमा मात्र बजाईन्छ । यो बाजा अन्तर्गत बाँसुरी, ढोल, झ्याली, टम्मर, मार्फा (सानो आकारको दमाहा) हुन्छन् ।

- **दापा बाजा (चित्र सं. २)**

दापा बाजा समूह भन्नाले खिं बाजा समूह बुझिन्छ । यसलाई दापा बाजा नभनि दापा खलः र कतै दाफा खलः भनिन्छ । दापा खलः अन्तर्गतका दापा बाजाहरु खिं, ताः, वभुचा, पोंगा आदि हुन् । दापा खलःमा खिं बाजा बजाउन जान्ने व्यक्तिहरु मात्र नभई गीत गाउने र अरु बाजा बजाउनेहरु पनि हुन्छन् । यसमा गुठी भोजमा संलग्न टोलका सवै सदस्यहरु आउनु पर्ने हुन्छ । दापा बाजा विषेशगरी कतै गुँला( श्रावण-भाद्र ) एक महिना र कतै ञँला (भाद्र-असोज) महिनाभरि आफ्नो टोल, मन्दिर, दवलीमा बजाईन्छ ।

---

[१९] दर्नाल, **पूर्ववत्** , (पा.टि.सं.४), पृ.२ ।

- **गुँला बाजा**

गुँला बाजा भन्नाले धाः बाजा हो । यो बाजा तिथी अनुसार गुँलामा मात्र बजाउने भएकाले यस बाजाको नाम गुँला बाजा पनि भनिएको हो । यो बाजा असारदेखि नै सिकाउन तथा अभ्यास गराउन सुरु गरिन्छ । गुँला बाजामा धाः बाजा समूहमा बजाईन्छ । यो बजाउने व्यक्ति हेरेर धेरै वा थोरै जनाको समुह हुन्छ । धाः बाजा बजाउने समुह अनुसार भुस्या बाजा पनि थपघट हुन्छ । गुँला बाजा अन्तर्गत धाः, नायखीं, मुहाली, भुस्या, छुस्या आदि बाजा पर्दछन् ।

- **धिमे बाजा**

धर्मरत्न महर्जनले शोधकर्तालाई दिएको जानकारी अनुसार धिमे बाजाको वाद्य समूह अन्तर्गत धिमे बाजा नै मुख्य बाजा हो । यस समूहमा धिमे, भुस्या, छुस्या, ताः, कँयेपुँ, तिनिमुनी, पोँगा आदि बाजाहरु पर्दछन् । साथै धिमे बाजाको अघि अघि घुमाइने धुन्या पनि यसै बाजा समूह अन्तर्गत पर्दछ ।

# अध्याय : तीन

## धिमे बाजा समूहका बाजाहरु

### ३.१ धिमे बाजा

धिमे बाजा नेवारहरुको हरेक जात्रामा दायाँतिर बेतको लठ्ठीले र बायाँ खाली हातले बजाउने ढोल जस्तो बाजा हो । धिमेको पछि पछि झयाम्टा बजेको हुन्छ । जसलाई भुस्याः भनिन्छ । कुनै पनि सानो ठूलो उत्सवहरुमा कम्तिमा दुईवटा धिमे र एक जोर भुस्या बजेको देख्न सकिन्छ । त्यसैले धिमे बाजा बजाउनको लागि धेरै व्यक्तिको आवश्यकता पर्दैन । तर पनि यो बाजा बजाउँदा समूहमै आउने गर्दछन् । जसलाई धिमे बाजा समूह अर्थात् धिमे बाजा खलः, धिमे खलः भनिन्छ । धिमे बाजामा भुस्या अनिवार्य हुन्छ भने ठाउँ तथा समूह अनुसार सिछ्या, घौ, पोंगा, धुन्या आदि बजाईन्छ ।

वेग्नरका अनुसार धिमे बाजा नेवाः किसानहरुको खुसी प्रकट गर्ने बाजा हो, धिमेको घुं र भुस्याः सिछ्याको झ्याइँ स्वर गुन्जिएर नआइकन कुनैपनि जात्रा पूरा हुँदैन ।[१] धिमे बाजा काठमाण्डौ, ललितपुर, भक्तपुर, कीर्तिपुर लगायत काठमाडौं उपत्यकाका नेवार बस्ती भएका कुनै पनि जात्राहरुमा बजेको देख्न सक्छौं । धिमे शव्द संस्कृत भाषाको 'डिण्डिम' भन्ने शब्दबाट विकास भएको देखिन्छ । संस्कृत भाषामा एक प्रकारको बाजा जनाउन यस शब्दको प्रयोग भएको देखिन्छ । पाली भाषाको 'दिन्दिम' 'डिण्डिम' र पाकृत भाषाको 'डिंडिम' शब्दको अर्थ नगरा जस्तो एक प्रकारको बाजा हो । नेपालभाषामा भने डिण्डिम शब्द ढिंमड (घोष महाप्राण ध्वनी परिवर्तन )> ढेंमस (मूर्धन्य ड संघर्षी स मा परिवर्तन)> ढ्ंयमस (अर्धस्वरीभवन) > धेमस (वर्त्स्यीभवन) > धिमस (उच्चस्वरीभवन) भई धिमय् अर्थात धिमे को विकास भएको देखिन्छ ।[२] ने.सं.५०१ को अमरकोशमा "ढ्यंमस" र ७१८ को अमरकोशमा "धेमस" शब्द प्रयोग भएको पाइन्छ । त्यस्तै ने.सं.८६६ को शुकबहत्तरी ग्रन्थमा "धेमास" शव्द प्रयोग भएको पाईन्छ ।[३]

---

[१] Gert Matthias Wegner, **The Dhimaybaja of Bhaktapur**, (Stuttgart : Franz Steiner , 1986), p. 100.

[२] सुभाषराम प्रजापति, **संस्कृतिभित्र....**,(अमेरिका : नेवा इनकर्पोरेट, विं. सं. २०५३), पृ. ६४ ।

[३] **उही**, पृ. ६४ ।

यसरी धिमय् शब्दको विकासक्रमबाट पनि धिमे एक अत्यन्त प्राचीन बाजा हो भन्ने कुरा प्रष्ट हुन्छ । शोधकर्तालाई पाटन क्याम्पसका सह प्राध्यापक (नेपाल भाषा केन्द्रिय विभाग) तुलसीलाल सिंहले दिएको जानकारी अनुसार भक्तपुरका राजा जगज्ज्योर्ति मल्लका लागि वंश मणि ओझाले **'संगीत चन्द्र'** नामक पुस्तक लेखेका थिए । जुन पुस्तक भरत नाट्यशास्त्रको संस्कृत भाषालाई नेवारी भाषा (नेपाल भाषा) मा अनुवाद गरिएको थियो । 'संगीत चन्द्र' पुस्तकमा 'दिन्दिम' भन्ने बाजाको नेवारीकरण गर्दा उक्त स्थानमा धिमे भन्ने शब्द प्रयोग गरिएको पाईन्छ । उहाँका अनुसार लिखित रुपमा भेटिएको धिमे शब्दको उत्पति यहीवाट भएको थियो । प्राध्यापक सिंहका अनुसार उक्त पुस्तक राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको छ ।

काठमाडौं लघछें क्वावहाल टोलका गुरु धर्मरत्न महर्जन(४५) ले शोधकर्तालाई दिएको जानकारी अनुसार "धिमे शव्दमा धि भनेको नेपालभाषामा काठको धिक्का, ढल्लो र मे भनेको छाला अर्थात् मन नपर्ने छाला हो । प्राचीनकालमा मानिसहरु जनावरहरुको मासु खाएर छाला मन नपराउने भएकाले त्यसलाई फालिन्थ्यो । यसरी फाल्दा काठको धिक्का अर्थात् भित्र खोक्रो परेको काठको ढिक्कामा राखी वा फाली, त्यसमाथि केहि कुरा फाल्दा वा त्यो सुकिसकेपछि हान्दा आवाज निस्कयो । यसरी यसबाट आवाज निस्कदा यसको प्रयोग विस्तारै जनावर धपाउन पनि प्रयोग गरिंदै आयो । यसरी पछि विस्तारै यसको विभिन्न स्वरुप हुदै आयो र धिमे पनि यसैको एउटा विकसित रुप बन्न पुग्यो । जुन काठमाडौं उपत्यकाभित्र प्रचलित रहिआएको छ ।" नेपालभाषामा मे भन्नाले भैंसी भन्ने पनि बुझिन्छ । यहाँ मे भन्नाले भैंसीको छालापनि हुन सक्ने अनुमान गर्न सकिन्छ ।

नेवारहरुको मौलिकता भएका बाजाहरुमध्ये सवैभन्दा पुरानो र महत्वपूर्ण बाजाको रुपमा लिइएको बाजा मूधिमे (मा-धिमे) हो ।[४] यो बाजा आदिकालदेखि नै अर्थात् पाषण युगका मानव समाजमा जंगली जनावरबाट सुरक्षित हुनको निम्ति हिंस्रक जनावरलाई धपाउनको निम्ति, हर्ष उल्लास, मनोरञ्जन, कुनैपनि मेला उत्सव यात्राको समयमा अगाडि अगुवाको रुपमा, उत्साह र साहसको लागि स्वर हतियार भनौकी श्रव्य-हतियारको रुपले, प्राचीनकालमा युद्ध बाजाको रुपमा, संचार माध्यमको रुपमा, खेलको रुपमा आदि विभिन्न तरिकाबाट प्रयोग गरिंदै आएको

---

४ पञ्च ज्यापु, **धुंझ ब्वज्या लुमन्ति-पौ** , (काठमाडौं : धिमे खलः यतखा बाहाः, वि.सं.२०५४), पृ. ११ ।

यो मा-धिमे बाजा नेवार जातिभित्र पनि ज्यापू समुदायले मात्र बजाउँदै आएको छ ।[५] विशेषत धिमे बाजा नेवारी समुदाय, त्यसमा पनि काठमाडौं उपत्यकामा वसोवास गर्ने ज्यापू समुदायले प्राचीनकालदेखि नै बजाउदै संरक्षण तथा सम्वर्द्धन गर्दै आएको हो भन्ने जनविश्वास रहेको छ । यथोचित अनुसन्धान र प्रमाणिक स्रोतको अभावले गर्दा अरु बाजाहरु जस्तै यस बाजा पनि यति नै पुरानो हो भनि यकिनका साथ भन्न सक्ने अवस्था छैन । यसको उत्पतिको बारेमा कुनै ठोस प्रमाणहरु भेटिएका छैनन् । तर पनि यस बाजाको उत्पतिको सम्वन्धमा विभिन्न लोकोक्ति, किम्वदन्तीहरु पाईन्छन् । धिमेबाजाको उत्पतिबारे एउटा लाकोक्ति अनुसार महादेव र भगवतीको कोखबाट एक सन्तानको जन्म भएपछि त्यो सन्तान महादेव र भगवती दुईमा कसले लिने भन्ने विवाद सुल्झन नसकी ती दुईको लुछातानीमा उक्त सन्तानको मासु मात्र एकातिर र हाडमात्र अर्कोतिर छुटिई ख्याक र कंकाल उत्पति हुन पुगे । यसबाट विरक्त भई महादेव रुखको एउटा टोड्कोलाई बाजाको रुपमा बजाई बसे । भनिन्छ , त्यही बाजा धिमय् हो ।[६] यस आख्यानबाट धिमे एक प्राचीन बाजा हो भनी बोध गराउन खोजिएको प्रतीत हुन्छ ।

काठमाडौं उपत्यका जुन समय पानी नै पानीले भरिएको थियो त्यस समयमा चीनबाट आएका महामञ्जुश्रीले चोभार डाँडालाई आफ्नो खड्गले काटेर पानी बाहिर निकाली यहाँ बस्ती बसाएका  थिए । यहाँ घना जंगलका कारण जनावरको डर थियो त्यसकारण मानिसहरुले जनावरहरुलाई धपाउनका लागि रुख काटी खोको बनाइ त्यसलाई ठटाएर जनावरहरु भगाउन थाले । र यही रुखको खोकोलाई विकसित गर्दै दुबै तिरवाट छालाले मोडी जनावरहरुबाट सुरक्षित रहन थाले । पछि यही बाजा धिमे बाजाको रुपमा विकसित भएको भन्ने किम्बदन्ती पाईन्छ । केही संख्यामा मात्र धिमे बजाउँदा पनि हुलका हुल मानिसले बजाएको जस्तो सुन्ने गरी बहुप्रतिध्वनी उत्पन्न गर्न सक्ने धिमेको विशेषताले प्राचीनयुगमा जनावरहरुलाई धपाउन, तर्साउनदेखि त्यसपछिका समयहरुमा विपक्षीहरुलाई थोरै योद्धाहरुबाट पनि थुप्रै योद्धाहरु भएको आभाष गराउन युद्धमा समेत डोऱ्यायो ।[७] धिमेको आवाज सुन्दा दुई-तीन जनाले मात्र बजाएर आए पनि धरै मानिसहरु आएको जस्तो आभाष हुन्छ ।

---

[५] **उही**, पृ. ११ ।

[६] प्रजापति, **पूर्ववत्**, (पा.टि.सं. २), पृ. ६३ ।

[७] **उही**, पृ. ६४ ।

अध्ययनको क्रममा स्थलगत अध्ययन गर्दा का.म.न. १५ वडाको डल्लुमा धिमे आकारको पुरानो ढुंगा रहेको छ । जसमा धिमे लोंहँ ( **चित्र सं. ३** ) लेखिएको छ । नेपाली संगीत जगत्मा किराँतकालदेखि प्रचलित बाद्यवृन्दको झलक च्याब्रुङको नामले जान्दछौं ।[८] उपत्यकाको नेवार समुदाय परम्परादेखि बजाउँदै आएको धिमे बाजा किराँत, राई लिम्बुहरुको च्याब्रुङ र तराईबासीहरुको ढोलसँग आकार प्रकार र बनोटमा मात्र नभई बजाउने तरिकामा पनि धेरै समानता देखिन्छ । लिच्छविकालमा धिमे बाजा भैसकेको कुरा डा. गेट माथिएस वेग्नरले एउटा अन्तर्वार्तामा दिएको जानकारी अनुसार "ललितपुरको लेलेमा भएको सातौ शताब्दीको लिच्छविकालीन शिलालेखमा बाजा गुठिका केहि कुरा उल्लेख भएको र लेलेसंगै बादीखेलको धिमे खलः सँग मिल्दछ । त्यसैले धिमे बाजाको इतिहास पश्चिमा संगीत परम्पराभन्दा धेरै पुरानो छ भन्ने प्रमाण अझ मजवुत भएको छ ।[९]

## ३.१.१ धिमे बाजाको संरचना ( चित्र सं ४ )

नरदेवीका दिपक कुलुले शोधकर्तालाई दिएको जानकारी अनुसार धिमे बाजा सिसौ, उतिस, हलो आदि रुखका काठहरुबाट बनाईन्छ । एउटा बेलनाकार काठको मुढालाई दुवैतिरवाट खोक्रो हुनेगरि प्वाल बनाईन्छ । त्यसको दाँयाको भागलाई खाली छालाले मात्र तन्काएर मोडिएको हुन्छ भने वाँया भागमा छाला भित्रवाट मसला राखी मोडिन्छ । जुन मसला साल्धुप, तेल र अल्पुबाट बनेको हुन्छ । यसरी दुबैतिर छालाले मोडिसकेपछि छालाकै तानले बीचबाट बेसरी कसेको हुन्छ । धिमे उठेर बजाइने भएकोले घाटीमा झुण्ड्याउनको लागि छालाको डोरी नै दुई छेउमा बाँधेर लामो गरी राखिन्छ । धिमेको दाँयापट्टिको भागलाई नासः र देव्रे पट्टिको भागलाई माँका वा हईमा भनिन्छ । माँका भित्रबाट मसला राखिएको हुनाले घोर आवाज निस्कन्छ भने दाँयाबाट तिखो स्वर निस्कन्छ । धिमे बाजा अचेल तामा, पित्तल तथा अन्य पाताहरुको पनि बनाइन्छ । शोधकर्तालाई धर्मरत्न महर्जनले दिनुभएको जानकारी अनुसार पहिले धिमेको दुवै भागमा मसलाको प्रयोग गरिंदैन थियो र हालसम्म पनि पुराना धिमेमा मसला राखिएको हुदैन ।

---

[८] रामशरण दर्नाल , **नेपाली बाजा**, (काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०६१), पृ. २७१ ।

[९] मदन सेन बज्राचार्य, **नेपालमण्डलया बौद्ध संस्कृति सम्मेलन-१११९**, (ललितपुर : लोटस रिसर्च सेन्टर), पृ. ३४० ।

### ३.१.२ धिमे बाजाको प्रकार

सामान्यतया धिमे बाजा भन्नासाथ काठमाडौं उपत्यकाका हरेक चाडपर्व तथा जात्राहरुमा लठ्ठीले बजाइने बाजाको रुपमा चिनिन्छ । तर यो बाजा ठाउँ अनुसार तथा एकै ठाउँमा पनि फरक फरक हुन्छ । धिमे बाजालाई त्यसको बनावटको आधारमा दुई भागमा विभाजन गरिएको छ । वरिष्ठ बाद्य बादक श्री न्हुच्छे बहादुर डंगोल (उपप्राध्यापक, संगित विभाग, पद्म कन्या क्याम्पस)का अनुसार यी दुई प्रकारका धिमे बाजाहरु त्वाः धिमे र यलेप्वः धिमे हुन् ।

#### ३.१.२.१ त्वाः धिमे ( चित्र नं. ५ )

त्वाः धिमेलाई मा धिमे वा तग्व धिमे पनि भनिन्छ । तग्व धिमे भन्नाले ठूलो धिमे हो । विशेषगरी काठमाडौं उपत्यकाभित्र पनि काठमाडौंका टोलहरुमा मात्र त्वाः धिमे भन्ने चलन छ । यो धिमेको मुख्य विशेषता भनेको कुनै पनि जात्रा, संस्कार, कार्यक्रमहरुमा यसको अघि अघि धुन्याँ घुमाइदै लगिनु हो ।

#### ३.१.२.२ यलेप्वः धिमे ( चित्र नं. ६ )

यलेप्वः अर्थात् यलप्वः धिमे भनेको सानो धिमे हो । नेवारी भाषामा यल भन्नाले पाटन अर्थात् ललितपुर हो । यस धिमेलाई ललितपुरबाट ल्याइएको मानिन्छ । त्यसकारण यलेप्वः अर्थात् यलप्वः नामाकरण गरिएको हो भन्ने जनविश्वास रहेको छ । यो धिमेलाई चिग्व धिमे पनि भनिन्छ । यो धिमे आकारमा सानो भएकोले यसलाई चिग्व धिमे भनिएको हो । ललितपुरमा भएका धिमेहरुभन्दा काठमाडौंका चिग्व धिमे साना छन् । ललितपुरका नेवारहरु काठमाडौंमा धिमे ललितपुरबाट लगेको मान्दछन् र यसरी उनीहरुले ललितपुरको धिमे हेरी बनाउँदा काठमाडौंका धिमे सानो भएको मान्दछन् । यो धिमेलाई धाःचा धिमे पनि भनिन्छ । नेवारहरुको अर्को एक बाजा धाः बाजा सँग आकारमा मिल्ने भएकाले यसलाई धाःचा धिमे भनिएको हो ।

धर्मरत्न महर्जनले दिएको जानकारी अनुसार काठमाडौं उपत्यकाभित्र काठमाडौं शहरका ३२ टोलहरु बाहेक सबैजसो धिमे भएका क्षेत्रहरुमा धिमे भन्नाले एउटै प्रकारको भन्ने बुझिन्छ । भक्तपुर, ललितपुर, कीर्तिपुर लगायत अरु साना साना गाउँहरुमा पनि एकै प्रकारका धिमे मात्र

देख्न सकिन्छ । यो बाजा आकारमा सानो ठूलो भए पनि एउटै तरिकाले बजाइने र गनिने गरिन्छ । यस्ता धिमेहरु प्रायः ठूला नै देखिन्छन् । यसरी धिमेलाई काठमाडौंका भित्री शहरका विभिन्न टोलहरुमा मात्र तग्व धिम (ठूलो धिमे) र चिग्व धिमे(सानो धिमे) भनेर छुट्याइएको देखिन्छ । धिमेलाई नामबाट मात्र होइन की यसको बनावट र बोलहरुबाट पनि प्रष्ट रुपमा चिन्न सकिन्छ । चिग्व धिमेमा प्रचलित बोलहरु बजाउन सिकाउन खासै कठोर नियम नभए पनि माँ धिमे सिकाउन भने काठमाडौंका ज्यापू जातिका पुरुषहरु वःलाः तयेगु (काठमाडौंका ज्यापूहरुले आफ्ना बच्चाहरुलाई स्वयम्भू, भदकाली, पचली आदि धार्मिक स्थलमा लगि गरिने धार्मिक संस्कार) सकिएको हुनुपर्ने नियम छ । वःलाः तयेगु संस्कार सम्पन्न भइसकेको व्यक्ति नै धिमे खलःमा भित्रिन योग्य मानिन्छ ।

### ३.१.३ धिमे बजाउने तरिका

धिमे बाजालाई दाहिने हातले घुमेको बेतको लट्ठीको साहाराले बजाईन्छ भने धिमेको देब्रे तिर नाङ्गो हातले बजाईन्छ । दायाँ हातले समातेर बजाइने बेतको लट्ठीलाई ठाउँ अनुसार फरक फरक नाम दिएको पाईन्छ । जस्तै धिमे कथि ,पौ कथि, दँ कथि, खोता कथि ( **चित्र नं ७** ) आदि ।

## ३.२ भुस्याः ( चित्र नं ८ )

धिमे बाजा समूहका बाजाहरु मध्ये एउटा मुख्य बाजा भुस्याः बाजा हो । धिमे बाजा बजाउने कममा भुस्याः बाजा पनि अनिवार्य नै रहेको हुन्छ । यसलाई धिमे बाजासंग बजाइने सहायक बाजाको रुपमा लिइन्छ । यो बाद्य घन बाद्य अर्न्तगत काँस धातुबाट बनेको हुन्छ । भुस्याको बनावट बृत्ताकार हुन्छ । जसको बीचको भाग केहि गहिरो बनाई समातेर बजाउन मिल्ने गरि बनाएको हुन्छ । भुस्या एक हातले एउटा र अर्को हातले एउटा समातेर एक अर्कोमा जुधाएर बजाईन्छ । यो करिब ९ इन्चको हुन्छ । भुस्या बाजाले धिमे बाजा बजाउँदा ताल सुरको साथमा धिमे बाजा बजाउने समूहलाई पनि थप उत्साह प्रदान गर्दछ ।

## ३.३ सिछ्या/छुस्या ( चित्र नं. ९ )

काठमाडौं उपत्यकाभित्र भक्तपुर, ठिमी लगायतका ठाउँहरुमा धिमे बाजा समूहको मुख्य

बाजाको रुपमा सिछ्यालाई लिईन्छ । भक्तपुरमा धिमे बाजाको साथमा भुस्या र सँगसँगै सिछ्या पनि बजाईन्छ । सिछ्या बाजालाई काठमाडौं, ललितपुरमा छुस्या भन्दछन् । काठमाडौंमा यो बाजा विशेषतः नाय्खी बाजासँग बजाउने गरिन्छ । जात्राहरुमा बजाउँदा यसको बोल तथा आवाज छ्याइँ, छ्याइँ, छ्याइँ, छ्याइँ र छ्याइँ च्याः च्याः, छ्याइँ च्याः च्याः जस्तो प्रकारको हुन्छ भने मरेको मान्छेलाई घाटमा जलाउन लग्दा ........छयात्रँ, ........छयायाँ जस्तो आवाज निस्कन्छ । छुस्यालाई भुस्याको सानो आकार रुपमा लिन सकिन्छ । छुस्या पनि काँसद्वारा बनेको हुन्छ । यो करिब ७.५ ईन्चको हुन्छ । यो पनि एक अर्कामा जुधाएर बजाईन्छ । छुस्याको आवाज सानो हुन्छ भने भुस्याको ठूलो तथा जोरदार हुन्छ ।

## ३.४ ताः ( चित्र नं. १० )

धिमे बाजा समूहमा ताः बाजा कतैकतै मात्र बजाईन्छ । यो बाजा धिमे बाजा समूहमा खासै बजेको देखिंदैन । शोधकर्ताले स्थलगत भ्रमणका क्रममा रामचन्द्र महर्जनसँग लिएको अर्न्तवार्ता अनुसार सिद्धिपुरमा धिमे बाजासँगै ताः बाजा पनि बजाईन्छ । ताः भुस्या अन्तर्गत पर्ने घन बाजा हो । यो बाजा भुस्या र छुस्याभन्दा अझ सानो तर मोटो हुन्छ । यो करिब ४ देखि ६ ईन्चको हुन्छ ।

## ३.५ घौ (घउ) ( चित्र नं. ११ )

धिमे बाजा समूहको अर्को एउटा बाजा घौ हो । यस बाजालाई कँय्पुँ, ताईनाई र घण्टी पनि भनिन्छ । यो बाजा बृत्ताकार भएर छेउमा थोरै उठेको हुन्छ । यो फलामबाट बनेको हुन्छ । एउटा हातले समातेर काठको लट्ठीको सहाराले हान्दा आउने ताई ताईको आवाजले गर्दा यसलाई ताईनाई भनिन्छ । यो बाजालाई स्थान अनुसार फरक फरक नामले चिनिन्छ । यो बाजा काठमाडौंमा ठूलो धिमेसँग बजाएको देखिन्छ । धुन्यामुन्या समूह अर्थात् धुन्याँ भएको धिमे बाजा समूहमा बजाईन्छ । धिमे बाजा समूहमा यो बाजा बजाउँदा विशेष प्रकारको आवाजको अनुभव गर्न सकिन्छ, जसले गर्दा उक्त वातावरण नै फरक किसिमको बनेको अनुभव हुन्छ । साथै नाच्न खुट्टा अगाडि सारौ-सारौ बनाई दिन्छ । काठमाडौंको इन्द्रजात्रा भरी किलागः त्वाःबाट निकालिने पुलुकिसि प्याखं (नृत्य) मा यो बाजाको सँगसँगै धिमे बजाउँदै ल्याउँदा युवाहरु आफू पनि "ताई ताई नाला ध्वाइँ नाला, ताई ताई नाला ध्वाई नाला" भनि हो हल्लाका साथ आफ्नै

तालमा नाच्ने गर्दछन् । घउ र कैपुचामा यसको आकारप्रकार र ध्वनिले गर्दा फरक छ भन्ने मत पाईन्छ । जसअनुसार कैपुचाको स्वार घोर (बाक्लो) र घउको स्वर तीप (तिखो) हुन्छ । एउटा मात्र बजाउनु पर्यो भने कैपुचा बजाईन्छ ।[१०]

## ३.६ तिनिमुनी

धिमे बाजा समूहमा तिनिमुनी बाजा पनि बजेको हुन्छ । यो तिन कुने हुने भएकाले यसलाई तिनकुने पनि भनिन्छ । यो बाजा धातुबाट बनेको भएकोले पछि आएर मात्र धिमे बाजा समूहमा बजाइएको अनुमान गर्न सकिन्छ । यो बाजा काठमाडौंको ठूलो धिमे बाजा समूहले बजाइएको देखिन्छ । अहिले धिमे बाजा समूहभन्दा यो बाजा दापा बाजा समूह, नगरा बाजा, भजनहरुमा बजेको देखिन्छ ।

## ३.७ पोंगा ( चित्र नं. १२ )

पोंगा बाजा फुकेर बजाईन्छ । यो तामाबाट बनेको हुन्छ । यसको लम्बाई करिब ३ मिटर हुन्छ । पोंगा लामो हुने भएर समाउन सजिलोका लागि पोंगा बराबरको लट्ठीलाई बीचमा बाधेर राखिएको  हुन्छ । पोंगा बजाउन मुख अड्याउने ठाउँलाई च्वत्वाः, नासत्वाः तथा सासत्वाः पनि भनिन्छ भने अर्को भागलाई क्वत्वा भनिन्छ । यो बाजा प्रायः एक जोडी बजाईन्छ । जसमा एउटा घोर स्वर र अर्को तीप अर्थात् तीखो स्वर हुन्छ । यो विशेषतः गाईजात्राको अवसरमा निकालिने धिमे बाजा समूहमा मात्र देखिन्छ । यसको प्रयोग धुन्याको सट्टा भएको देखिन्छ । काठमाडौंमा धुन्या नभएका टोलहरुमा यसको प्रयोग अरु वेला पनि भएको देखिन्छ । यो  बाजा मुख्य रुपमा दापा बाजा समूह र त्यसबाहेक धाः, नाय्खिँसँग पनि बजाएको देखिन्छ । काठमाडौंमा इन्द्रजात्राको अवसरमा वंग आजुद्यका ज्यापु श्वेत भैरव र आकाश भैरवकोमा हाथु (इन्दजात्राको बेला श्वेत भैरव र आकाश भैरवको मुखबाट पठाइने पेय पदार्थ) हायेकीको बेलामा धिमे सँग पोंगा पनि बजाईन्छ ।

## ३.८ धुन्या ( चित्र  नं. १३ )

लिच्छविकालको प्रतिनिधि गर्ने बाजा भन्न सकिने रणवाजा “धिमे” लाई लिन सकिन्छ ।

---

[१०] **उही**, पृ. ३३६ ।

धिमेबाजा बजाउँदा अघि लाग्ने धुन्यामुन्या (ध्वजः) ले हामीलाई लिच्छविकालीन ध्वजा र रणबाजाको सम्झना हुन्छ ।[११] धिमे बाजा समूह अन्तर्गत काठमाडौंका विभिन्न टोलहरुमा धिमे बाजाको तालमा घुमाइने धुन्या पनि पर्दछ । धुन्यालाई नेपालभाषामा धुङा पनि भन्ने तथा लेख्ने गरिन्छ । "धुङा" शब्दको रुप र भाव हेर्दा यसको प्रचलन किराँतकालमा भैसकेको अनुमान गर्न सकिन्छ । किनभने शव्दको पछाडि "ङ" अक्षर भएको किराँतकालिन नेवाः शव्दको रुपमा लिन सकिन्छ । यस "धुङा" शव्द किराँतकालिन नेवाः अक्षर भएको कारणले धुङा नाच नचाउने चलन किराँतकाल मै भइसकेको अनुमान गर्न सकिन्छ ।[१२] धुन्या भन्नाले सानो ,सफा लामो बाँस धनुष आकारको केहि मात्रामा मात्र बाङ्गो बाँसको लठ्ठी भन्ने बुझिन्छ । यसमा तारु जातिको बाँसको धुन्या बनाईन्छ । यस किसिमका बाँस पाषाणयुगमा जंगली जनावरलाई तर्साउन, लड्न, हान्न, सिकार गर्न प्रयोग गर्ने एक किसिमको हतियार पनि हो । पछि आएर मानिसहरु खेति गर्न जानेपछि यसमा पनि प्रयोग गर्दै आए । कतिपय चलन अहिले पनि खेति गर्नेहरु तथा ज्यापूहरुले "धिरः" नाममा गहुं, सिमी, केराउ, सिमी अन्न कुटेर संचालन गरेका छन् । यसरी यसलाई संचालनमा ल्याउनेलाई "धिरः वायेगु" भनिन्छ ।[१३] धर्म महर्जनबाट प्राप्त जानकारी अनुसार धिमे बाजा समूह अन्तर्रत पर्ने धुन्या बाजा चाहि हैन । यो ठूलो धिमे अर्थात् त्वाः धिमे अन्तर्गत धिमे बाजा समूहमा अघि अघि लगि धिमेको तालमा घुमाइने बाँसको लामो लठ्ठी हो । धिमे बाजा समूहमा यसको महत्वपूर्ण स्थान रहेको छ । धुन्यालाई "धुङा" पनि भनिन्छ । धु भनेको लामो वस्तु, ङा भनेको पाँच वस्तको संमिश्रण हो । यस पाँच बस्तुमा पं(बाँस), च्वाम्वः(चमर), पञ्च रंगको कपडा (झलर र झण्डा), थ्वाचा, घंगलाः पर्दछ ।[१४] काठमाडौंका केहि टोलहरुमा मात्र यसको प्रचलन रहेको देखिन्छ । काठमाडौंका परम्परागत ३२ टोलहरु मध्ये १७ टोलहरुका १९ ठाउँमा मात्र धुन्या भएको देखिन्छ । रामकृष्ण दुवालसँग शोधकर्ताले लिएको जानकारी अनुसार पाँगाको जाखामा पनि धुन्या रहेको छ ।

---

[११] दर्नाल, **पूर्ववत्**, (पा.टि.सं. ८), पृ २७१ ।
[१२] ज्यापु, **पूर्ववत्**, (पा.टि.सं. ४), पृ. १३ ।
[१३] **उही**, पृ. १५ ।
[१४] **उही**, पृ. १३ ।

# अध्याय : चार

# धिमे बाजा समूह(खलः)

## ४.१ धिमे बाजा खलःको परिचय

परम्परादेखि चल्दै आइरहेका हाम्रा हरेक धार्मिक, सामाजिक तथा साँस्कृतिक कार्यहरुमा विभिन्न व्यक्तिहरुले महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । कुनै निश्चित कार्य सम्पन्न गर्नको लागि नेवार समाजमा विभिन्न समूहहरु बनाउने गर्दछन् । जुन समूहलाई नेवारहरु खलः भन्दछन् । नेवारी समाजमा हरेक ठाउँ तथा टोलहरुमा विभिन्न खलःहरु हुन्छन् । ती खलःहरुले विभिन्न कार्यहरु गर्दछन् । नेवार बस्तीहरुमा विभिन्न त्वाः(टोल)हरु रहेका हुन्छन् । एउटा टोलभित्र रहेका व्यक्तिहरु जम्मा भएर त्वाः खलः बनाइएको हुन्छ । मोहन व्यञ्जनकारले शोधकर्तालाई दिएको जानकारी अनुसार पाटनमा यस्ता खलःलाई मंका खलः भन्दछन् । त्यस्ता खलःहरुमा प्रायः आफ्ना दाजुभाई पर्ने व्यक्तिहरु हुन्छन् । आफ्नै दाजुभाईदेखि लिएर काका, बाजे, जिजुबाजे खलक दाजुभाई पनि हुन्छन् । ती बाहेक अन्य ठाउँबाट आएका व्यक्तिहरु पनि त्यसै समूहमा मिसिन सक्दछन् । खलः एउटा सामाजिक तथा साँस्कृतिक संगठन हो । एउटा टोलमा एउटा ठूलो खलः हुन्छ जसमा त्यस टोलका प्रायः सबै व्यक्तिहरु नै त्यसका सदस्य हुन्छन् । त्यस्तै उक्त टोलमा अरु विभिन्न साना खलःहरु पनि रहेका हुन्छन् । जसमा थोरै व्यक्तिहरु मात्र रहेका हुन सक्दछन् भने कुनैमा धेरै व्यक्तिहरु पनि हुन्छन् । काम तथा उद्देश्य अनुसार खलःहरु फरक फरक हुन्छन् । सनागु खलः, नास खलः, देपुचा खलः आदि खलःहरु विशेषतः सामाजिक तथा साँस्कृतिक कार्य, भोज, संस्कार आदिका लागि हुन्छन् भने दापा बाजा खलः, धिमे बाजा खलः, बाँसुरी बाजा खलः आदि विशेष बाजागाजा बजाउनका लागि हुन्छन् ।

मानव सभ्यताको इतिहासदेखि जोडिंदै प्रत्येक ठूला साना चाडपर्व, उत्सव, जात्रा, मेला, भोज तथा अन्य कर्मकाण्डसम्मका संस्कृतिमा नेवारहरुको हृदयको ढुकढुकी बनेको छ धिमय् ।[१] धिमे बाजा समूह धिमे बाजा बजाउने मानिसहरुको समूह हो । जसलाई नेपाल भाषा(नेवारी भाषा)मा धिमे बाजा खलः भनिन्छ । मच्छे नारायण महर्जनले शोधकर्तालाई दिएको जानकारी

[१] सुभाषराम प्रजापति, **संस्कृतिभित्र....**,(अमेरिका : नेवा इनकर्पोरेट, विं. सं. २०५३), पृ. ६३ ।

अनुसार धिमे बाजा खलःलाई धिमे खलः भनिन्छ । जुन खलःले धिमे बाजा बजाउनेदेखि लिएर सम्वन्धित टोलको धार्मिक, सामाजिक तथा साँस्कृतिक कार्यहरु गर्दछ । धिमे खलःमा धिमे गुरु, लिउ गुरु (गुरु पछिको गुरु), धुन्याँ भएको ठाउँमा धुन्याँ गुरु आदिका साथै उक्त खलः भएको त्वाः(टोल) तथा समाजका हरेक जात्रा, भोज, संस्कार आदि चलाउने मुख्य व्यक्तिहरु हुन्छन् ।

## ४.२ समुदाय र क्षेत्रहरु

रामकृष्ण दुवालबाट शोधकर्तालाई दिएको जानकारी अनुसार नेपाली समाजमा बाजाको कुरा गर्दा धिमे बाजा अग्रपंतिमा पर्दछ । अहिले नेवारको पहिचान नै लाखे नाच र धिमे बाजा बनेको छ । "गन गन नेवाः दु अन अन लाखे दु" अर्थात् जहाँ जहाँ नेवार छन् त्यहाँ त्यहाँ लाखे छ । "गन गन नेवाः दु अन अन धिमे दु" अर्थात् जहाँ जहाँ नेवार छन् त्यहाँ त्यहाँ धिमे छ । यो बाजा नेवार जातिको मुख्य बाजाको रुपमा रहेको छ । नेवारहरुमा पनि धिमे बाजा बजाउने मुख्य समुदाय भनेको किसानहरु हुन् । नेवार किसान भन्नाले ज्यापू जाति पर्दछन् । किसान समुदायमा महर्जन, डंगोल, सुवाल, सिं आदि पर्दछन् भने भक्तपुरमा भने अरु विभिन्न थरहरु रहेका छन् । हुनत यो बाजा नेवारहरुमा अरु जातिका मानिसहरुले पनि बजाउँदै आएको देखिन्छ । तर पनि सबैभन्दा पुरानो अर्थात् परम्परागत रुपमा बजाउँदै आएका समुदायमा ज्यापूहरु नै हुन् । प्रायः सबै ज्यापू समाज तथा टोलहरुमा धिमे बाजा रहेकै हुन्छ ।

धिमे बाजा काठमाडौं उपत्यकाका सबैजसो गाउँ तथा नगरमा बजाईन्छ । जस्तै काठमाडौं जिल्लाको साँखु, गोकर्ण, कपन, चावहिल, पशुपति, हाडिगाउँ, बुढानीलकण्ठ, टोखा, धर्मस्थली, पुरानो गुह्येश्वरी, हल्चोक, थानकोट, मच्छेगाउँ, बोसीगाउँ, सतुंगल, वलम्वु, कीर्तिपुर, पाँगा, चोभार, फपिङ्ग आदि क्षेत्रहरुमा बजाईन्छ भने ललितपुर जिल्लाको खोकना, बुँगमति, बज्रवाराही, चापागाउँ, सुनाकोठी, थेचो, टिकाभैरव, धापाखेल, हरिसिद्धि, थैवो, बाडेगाउँ, लेले, लुभु, सिद्धिपुर आदि क्षेत्रहरुमा बजाईन्छ । त्यस्तै गरी भक्तपुरको चाँगुनारायण, वोडे, नगदेश, थिमी, कतुंजे, बालकोट, सुर्यविनायक आदि क्षेत्रहरुमा बजाईन्छ । यस बाहेक बनेपा, नाला, पनौती, धुलिखेल, श्रीखण्डपुर आदि क्षेत्रहरुमा पनि विभिन्न जात्रा, उत्सवहरुमा धिमे बाजा बजेको देख्न सकिन्छ । यी मध्ये काठमाडौं र ललितपुरमा विभिन्न टोलहरु महागुथि र समाज बनाई आफ्नो संगठनमा आवद्ध देखिन्छन् । शोधकर्ताले शोध सामाग्री संकलन गर्ने क्रममा

ज्यापू महागुठीका सदस्य कुलबहादुर महर्जनबाट प्राप्त जानकारी अनुसार काठमाडौं ज्यापू महागुठी अन्तर्गत ६३ टोलहरु रहेका छन् । जस मध्ये परम्परागत ३२ टोलहरु निम्न रहेका छन् ।

| | |
|---|---|
| १) बकछेँ ब्रम्ह त्वाः | १७) वटु त्वाः |
| २) मुसुंवहाः न्हेमु न्हेय् त्वाः | १८) दुगं वहाः त्वाः |
| ३) ओन्दे त्वाः | १९) मखं त्वाः |
| ४) तुंकंवहाः त्वाः | २०) यतखा त्वाः |
| ५) क्वाः वहाः त्वाः | २१) वंघः त्वाः |
| ६) किलाघः त्वाः | २२) ङत त्वाः |
| ७) धिन्द्यो कोतःब्वः त्वाः | २३) कुसुमविलाछि त्वाः |
| ८) कोहिटि त्वाः | २४) छ्वासलबु त्वाः |
| ९) इउतु त्वाः | २५) त्यरः त्वाः |
| १०) पकुलाछि ज्यावहाः त्वाः | २६) ओलाछि त्वाः |
| ११) नायभाचो गोफ त्वाः | २७) तेंगः त्वाः |
| १२) फसिगां गोफ त्वाः | २८) थःवहि त्वाः |
| १३) पुखुद्यां त्वाः | २९) पिलातुं त्वाः |
| १४) मरु त्वाः | ३०) जमः त्वाः |
| १५) ओम वहाः त्वाः खलः | ३१) असं त्वाः |
| १६) यंगाल त्वाः | ३२) महावु त्वाः |

कुलबहादुर महर्जनबाट प्राप्त जानकारी अनुसार यी माथिका परम्परागत ३२ टोलहरु हुन् । यी टोलहरुमा मुख्य रुपमा सानो र ठुलो धिमे रहेको देखिन्छ । यसमा कुनै टोलहरु टुक्रेर

र हाडीगाउँ, नकसाल आदिका टोलहरु मिसिएर जम्मा ६३ टोलहरु ज्यापू महागुठी अन्तर्गत रहेका देखिन्छन् ।

| | |
|---|---|
| ३३) नंसा त्वाः | ३४) नंसा त्वाः |
| ३५) मागः मैति त्वाः | ५०) भिन्द्यो यःवहाः त्वाः |
| ३६) नरः कोताः त्वाः | ५१) भिन्द्यो लाटूबंगा त्वाः |
| ३७) नरः दथु त्वाः | ५२) न्हूवहाः त्वाः |
| ३८) नरः थतु त्वाः | ५३) ज्या वहा पकुलाछि त्वाः |
| ३९) चावही त्वाः | ५४) माकः गल्ली |
| ४०) पशुपति त्वाः | ५५) त्वाः खालः ओम वहाः |
| ४१) ग्वलः त्वाः | ५६) यंगा फैगननी स्वःबहाः |
| ४२) नवहाः ब्रम्ह त्वाः | ५७) बिज्यापु त्वाः |
| ४३) मुसुंवहाः ज्यापुतुं | ५८) ज्याथा त्वाः |
| ४४) भलननी मुसुंवहाः | ५९) ओलाछि त्वाः |
| ४५) बाकुननी मुसुंवहाः | ६०) तेंगः त्वाः |
| ४७) कुमाननी दुरुवहाः | ६१) थःवही त्वाः |
| ४८) तःननी त्वाः | ६२) जमः त्वाः |
| ४९) भिन्द्यो तःब्वः त्वाः | ६३) त्यर त्वाः |

ललितपुरमा पनि सवै ज्यापू समुदायहरु भएका ठाउँहरुमा धिमे बाजा समूह रहेका छन् । शोधकर्ताले स्थलगत अध्ययनका क्रममा ललितपुरको ज्यापू समाज यलका व्यवस्थापक श्री रविन महर्जन (३२) बाट प्राप्त जानकारी अनुसार ललितपुरको ज्यापू समाज, यलमा आवद्ध निम्न ४० वटा त्वाः रहेका छन् । उहाँका अनुसार यी टोलहरुमा दाफा खलःका साथै धिमे खलः अनिवार्य रहेकै हुन्छ ।

१) भिन्ध्योलाछी त्वाः

२) क्वय्लाछी त्वाः

३) खपिन्छें त्वाः

४) लोंल त्वाः

५) कुतिसौगः त्वाः

६) छुसिका त्वाः

७) यलमू त्वाः

८) सःको त्वाः

९) सुबहाः त्वाः

१०) पिन्छें त्वाः

११) गुईतः त्वाः

१२) पिलाछें त्वाः

१३) दुपाः त्वाः

१४) त्यागः त्वाः

१५) हकत्वाः त्वाः

१६) धालाछे त्वाः

१७) लुँखुसि त्वाः

१८) चाःबहाः त्वाः

१९) हौगः त्वाः

२०) ईवाननी त्वाः

२१) काय्गुननी त्वाः

२२) अग्निशाल त्वाः

२३) पूर्णचण्डी त्वाः

२४) कुछेननी त्वाः

२५) नःत्वाः त्वाः

२६) बागर त्वाः

२७) पुच्चः त्वाः

२८) छ्याः बहाः त्वाः

२९) मिखाबहाः त्वाः

३०) तःननी त्वाः

३१) नःबही त्वाः

३२) धपगाः त्वाः

३३) सलिछें त्वाः

३४) तलाछें त्वाः

३५) च्वबुगाहिटी त्वाः

३६) गःछें त्वाः

३७) च्यासः त्वा

३८) भेलाछें त्वाः

३९) चोछें त्वाः

४०) ओल्खु त्वाः

भक्तपुरको ज्यापू समाजका परम्परागत धिमे टोलहरुमा सूर्यमढी, भ्रुताखा, गछैं, नागाँचा, चिफल, तचपाल, जेलाँ, मको, इनाचो, चोर्चा, याताछैं, थलाछैं, तौलाछैं, महालक्ष्मी,

भोलाछेँ,, तालाछेँ, याछेँ, गोमरी, पासिख्य, तेखापुखु, गाःहिती, गपली, तेखायो, बोलाछेँ, बुल्चा, तालाको, इच्छु, नासमना, ताहामला, मंगलाछेँ, तापालछि आदि हुन् ।[२] शोधकर्ताले युसन महर्जनसँग लिएको अर्न्तवार्ता अनुसार किर्तिपुरमा थाँवहाल, कुतुसाल, चाफल, कुटुभ्कोल, बाघभैरव, तननी आदि लगायत नौवटा टोलहरुमा धिमे रहेको छ ।

## ४.३ धिमे बाजा समूहको संचालनमा मुख्य भूमिका खेल्ने व्यक्तिहरु

रामचन्द्र महर्जनका अनुसार प्राचीनकालदेखि बजाइदै आएको धिमे बाजालाई पछिसम्म निरन्तरता दिनको लागि कुनै एक वा दुई जनाको प्रयासले मात्रै सफल पार्न सकिँदैन । यसको लागि धेरै जना व्यक्तिहरुको आवश्यक्ता पर्दछ । नेवारी समाजमा यस्ता व्यक्तिहरुको समूहलाई खलः भनिन्छ । यस्ता खलःमा धिमे बाजालाई निरन्तर रुपमा अगाडि बढाउनको लागि धार्मिक तथा साँस्कृतिक भावनाको ठूलो भूमिका रहेको हुन्छ । सामान्यतया काठमाडौंमा भएका धिमे बाजा समूह सुचारु रुपले संचालन गर्न विभिन्न प्रकारका कार्य सम्पादनको लागि निश्चित व्यक्तिहरुलाई निश्चित कार्य विभाजिन गरेका हुन्छन् । जस्तै कजी, गुरु, नायः, थकालि, चितिया आदी ।

### ४.३.१ कजी

धिमे बाजा समूहका सम्पूर्ण बाजाहरुलाई आफ्नो घरमा राखी हेरविचार गर्ने व्यक्तिलाई कजी भनिन्छ । कजीलाई नेपाली भाषामा संयोजक भनेर भन्न पनि सक्छौ । धिमे बाजा समूहको संचालनमा कजीको मुख्य भूमिका रहन्छ । कजी कै कारणले धिमे बाजा खलः सुचारु रुपले संचालन भएको हुन्छ । कजी बस्ने घरलाई कजी छेँ भनिन्छ ।

#### ४.३.१.१ कजीका कामहरु

- धिमे बाजा समूहमा भएका सम्पूर्ण वाजाहरुलाई आफ्नो घरमा राखी ती बाजाहरुलाई हेरविचार गरि सुरक्षा गर्ने ।
- बाजा बजाउन सिक्न चाहनेहरुका लागि ठाउँको व्यवस्था आफनो घरमा गर्ने ।

[२] पदम श्रेष्ठ, नेवार, (काठमाडौं : स्यस्यः समाज, वि.सं. २०६३), पृ. ३,४ ।

- धिमे बाजा धार्मिक एंव पारम्परिक रुपमा अगाडि बढेको पाईन्छ । बाजा बजाउने बेला सुकुन्दा वाल्ने गरिन्छ । जसको लागि आवश्यक पर्ने सुकुन्दा तथा तेल ब्यवस्था गर्ने ।
- धिमे खल अन्तर्गत वर्ष भरिमा विभिन्न चाडपर्वमा भोज गर्नुपर्ने हुन्छ । ती भोजहरुमा खलःका सवै सदस्यले सहयोग गर्दछन् । तर भोजको आयोजना कजीले गर्ने गर्दछ ।
- भोजको लागि आवश्यक पर्ने सबै भाडाँकुडाँहरु उपलब्ध गराई दिने ।

### ४.३.१.२ कजीका सुविधाहरु

- धिमे सिकिसकेपछि त्यहाँबाट निस्कने वेलामा गुरु दक्षिणा स्वरुप गुरुलाई शिष्यहरुले आफ्नो इच्छा अनुसारको वस्तु दिने गर्दछन् । यसरी उपहार दिने बेलामा कजीलाई पनि वेतली ( टाउकोमा वाधने सेतो कपडा) दिइन्छ ।
- धिमे खलःद्वारा गरिने विभिन्न भोज भतेरमा खलःका सबै सदस्यहरुले ल्हासा (पैसा तथा चामल) राख्ने गर्छन तर कजीले चाहि ल्हासा राख्नु पर्दैन ।
- कजीलाई मान सम्मानका साथ हेरिन्छ । गाउँ समाजका विविध कार्यहरुमा गुरु तथा कजीलाई बोलाउँछन् ।

## ४.३.२ गुरु

धिमे बाजा समूह सुचारु रुपले संचालन गर्नको लागि गुरुहरुले पनि मुख्य भूमिका खेल्दछन् । गुरु धिमे खलःको विज्ञ हो जसले बाजा बजाउन तथा सिकाउन सक्दछ ।

### ४.३.२.१ गुरुका कामहरु

- गुरुको प्रमुख काम अरुलाई ज्ञान दिने हो । धिमे खलःमा पनि नयाँ आउने शिष्यहरुलाई धिमे, भुस्याः, ताः आदि बाजाहरु बजाउन सिकाईन्छ ।
- दशैको नवमीको दिन थापँ (स्थापना) गरिएका बाजाहरुलाई दशमीको दिन पूजा गरि निकाली शिष्यहरुलाई दिने काम गुरुद्धारा नै गरिन्छ ।
- खलःका हरेक कार्य तथा निर्णयहरुमा कजी तथा नायःलाई सहयोग गर्नुपर्ने हुन्छ ।

### ४.३.२.२ गुरुका सुविधाहरु

- कजी, नायःले जस्तै गुरुहरुले पनि कुनै पनि भोजहरुमा ल्हासा राख्नु पर्दैन ।
- धिमे खलःबाट गरिने भोजहरुमा गुरुलाई अत्यन्तै आदर र सम्मानका साथ भोज खुवाइन्छ ।
- टोलका विशिष्ट व्यक्तिहरु बोलाइने समारोहहरुमा नायः, कजीसँग सँगै गुरुलाई पनि आदर सम्मानका साथ बोलाईन्छ ।

### ४.३.३ नायः

शोधकर्तालाई मच्छेनारायण महर्जनबाट दिइएको जानकारी अनुसार कुनै टोलको मुख्य व्यक्ति नै नायः हो । नायःले आफ्नो टोल, खलःको हरेक कुराहरुको जिम्मा लिएको हुन्छ । कजी, गुरु र थकालीहरुसँग सल्लाह गरेर कुनै पनि कुराको निर्णय गर्ने गरिन्छ । कजी तथा गुरु सरह नै नायःलाई कार्य भार र सुविधाहरु हुन्छन् ।

### ४.३.४ थकाली

नेवारी समुदायमा थकाली भन्नाले सबैभन्दा पाको उमेरको व्यक्तिलाई जनाईन्छ । धिमे खलः मा ५ जना थकालीहरु हुन्छन् । थकालीहरुकै निर्देशन अनुसार धिमे खलः अगाडि बढिरहेको हुन्छ । थकालीहरुलाई सवैले अत्यन्तै सम्मान गर्ने गरिन्छ । कुनै पनि कामको सुरुवात थकालीद्वारा गरिन्छ । धिमे खलःको पूजाहरुमा चढाइने बलिको सी  (बलि चढाएको जन्तुको बिभिन्न अंगहरु जस्तै पंक्षि भए टाउको, पखेटा, खुट्टा र बलि दिइएको जन्तु पंशु भए उक्त जन्तुको टाउकोका बिभिन्न अंगहरु जस्तै थुतुनो, आँखा, जिब्रो, कान) थकालीहरुलाई दिने गरिन्छ जस्लाई सीकाःभू भनिन्छ । यसरी थकालिहरुलाई सी दिनु उहांहरुलाई आदर तथा सम्मान गरेको मानिन्छ ।

### ४.३.५ चितियाः

धिमे खलःका सम्पूर्ण सदस्यहरुलाई कुनै पनि कुराको जानकारी दिन जाने व्यक्तिलाई चितियाः भनिन्छ । चितियाःले धिमे खलःमा विभिन्न भोजको आयोजना हुँदा खलः का सम्पूर्ण

सदस्यहरुलाई निम्तो दिन जाने गर्दछ । धिमे खलःमा भोज हुँदा सबै सदस्यहरुले मिलेर ल्हासा ( पैसा, चामल, चिउरा) राख्ने काम हुन्छ । चितियाःले जाँड बनाउनको लागि सबैको घर घरमा गएर ल्हासा उठाउने काम गर्दछ । धिमे खलःमा जस्तोसुकै भोज भए पनि मासु र जाँड अनिवार्य रुपमा चाहिन्छ । भोजको लागि कति मासु चाहिने हो त्यसको हिसाव गरि मासु ल्याउने र भोजमा आउनेलाई मासु राखेर खुवाउने काम पनि चितियाःले गर्ने गर्दछ । कुनै पनि भोजमा चितियाःले ल्हासा राख्नु पर्दैन ।

### ४.३.६ हामुः

शोधकर्ताले मच्छे नारायण महर्जनबाट प्राप्त गरेको जानकारी अनुसार आफ्नो त्वाः खलः अर्थात् आफ्नो गुठीमा संलग्न सम्पूर्ण सदस्यहरुलाई भोजभतेर लगायत सम्पूर्ण निर्णयहरुको सुचना दिने काम हामुःले गर्ने गर्दछ । हामुःसँग मिल्दोजुल्दो काम गर्ने व्यक्तिलाई ललितपुरमा चितियाः, चितया आदि नाम भनिन्छ भने विभिन्न ठाउँमा विभिन्न नामले परिचित देखिन्छ । चितिया र हामुका काम, कर्तव्य र सुविधामा समानता देखिन्छ । शोधकर्ताले अनिल महर्जनबाट प्राप्त जानकारी अनुसार हामुःले नायः, गुरु, कजिलाई विभिन्न कामहरुमा सघाउने गरिन्छ । मुख्य रुपमा भोजको निम्तो दिने, कतै जानु पर्यो भने सबैलाई बोलाउने, बाजा बिग्रेमा गुरुको निर्देशनमा बनाउने, ठाउँमा पुऱ्याउने र बनाइसकेपछि ल्याउने आदि गर्दछन् ।

## ४.४ धिमे बाजा समूहमा बाजा सिकाउँदा गरिने विभिन्न विधिहरु

धिमे बाजा समूहका बाजाहरु बजाउनका लागि हरेक टोलका जिम्मेवार व्यक्तिहरुले सिक्ने सिकाउने कार्यहरु गर्दछन् । धर्मरत्न महर्जनले दिएको जानकारी अनुसार टोलका पुराना पुस्ताका गुरुहरुले आफ्ना गुरु तथा पुर्खाबाट सिकेका ज्ञानलाई नयाँ पुस्तालाई हस्तान्तरण गरिन्छ । जुन कार्य निश्चित समयमा विभिन्न विधिहरु अपनाएर गर्नुपर्ने हुन्छ ।

### ४.४.१ धिमे सिकाउने विधि

शोधकर्ताले ओमप्रसाद धौभडेलले दिनुभएको जानकारी अनुसार धिमे सिक्ने सिकाउने गुरु शिष्य परम्परामा आधारित शिक्षा विधि हो । परम्परागत हिसावमा चल्दै अहिले पनि निरन्तरता पाईरहेको छ । यसैगरी शोधकर्तालाई रामकृष्ण दुवालले दिएको जानकारी अनुसार,

यो श्रुति परम्परामा आधारित छ जसमा वैधिक तान्त्रिक र धार्मिक पुजा गरि दुई विधिमा सिकाईन्छ । त्यतिवेला अशिक्षाले भुल्यो कि हराउने बेफाइदा थियो तर कण्ठ गरेको बोल र प्रयोगात्मक हुने भएकाले नासिएन । परम्परागत हिसाबमा धिमे सिकाउने समय नेवारहरुको चाड गथांमुग (श्रावण कृष्ण चतुर्दशी ) पछि हो । यो चाड असार महिनापछि पर्ने हुनाले बाजा सिक्नको लागि समय फुसर्दिलो हुन्छ । ज्यापूहरु असार महिनासम्म आफ्नो खेतबारीमा धान रोप्न व्यस्त हुन्छन् । असार सके लगतै प्रायः सबैको धान रोप्ने काम सकिसकेका हुन्छन् । धिमे सिक्नको लागि खासै उमेरको हकबन्दी छैन । जुनसुकै उमेरका इच्छुक व्यक्तिहरुले पनि सिक्न सक्छन् तर पहिला पहिला यो बाजालाई ज्यापू बाहेक अरुहरुले सिक्नु हुँदैन भन्ने सोचाई थियो । साथै महिलाहरुलाई पनि यो बाजा सिक्नको लागि बन्देज थियो । तर हाल समयको परिवर्तनसँगै जुनसुकै जातिका मानिसहरुले पनि यो बाजा सिकेको पाईन्छ भने महिलाहरुले पनि सिक्न थालेका छन् ।

शोधकर्ताले स्थलगत भ्रमणका क्रममा सिद्धिपुरका रामचन्द्र महर्जनसँग लिएको अर्न्तवार्ता अनुसार धिमे बाजा सिकाउने समय यति नै भनेर तोकिएको छैन । ५ वा ६ बर्षमा एकचोटी अथवा सिक्नेहरु धेरै भएर गुरुलाई अनुरोध गरेमा पनि सिकाईन्छ । यो बाजा सिक्ने र सिकाउने कुराको सहमति वसुवार (बिहिवार)को दिन गरिन्छ । त्यसदिन सिक्न चाहने सवै शिष्यहरुले एउटा एउटा किसली (माटोको सानो पाला)मा चामल, एउटा सिंगो सुपारी तथा दक्षिणा राखी नास द्यः(नाट्येश्वर) को संकल्प गरी कजी छें (घर) मा राखिन्छ । यसरी राखेका किसलीहरुलाई कजी छेंको एउटा छुट्टै कोठामा सुरक्षित साथ राखिन्छ । अर्को बिहिवार नास द्यः सालिगु (नाट्येश्वरी तान्ने काम) गरिन्छ । सवै किसलीहरुलाई एउटा ठूलो धकीं (बेतले वुनेको भाडो) मा राखेर कजी छें को एउटा छुट्टै कोठामा नास द्यः को थापः(स्थापना) गरिन्छ । आफ्नो गाँउ, टोलमा भएको नास द्यः भएको ठाउँमा गई पूजा गरिन्छ र कजी छें मा स्थापना गरिएको नास द्यःमा ल्याएर वली दिईन्छ । यसरी बाहिर पूजा गरी वली दिनको लागि मुहाय्कीगु ( पर्सीएको) गरिएको वलीको रगत खानको लागि नास द्यः वली दिने ठाँउमा आउने विश्वास गरिन्छ । जुन ठूलो धकींमा बली चढाईन्छ नास द्यः त्यसैमा आएर वस्ने कुराको विश्वास गरिन्छ । त्यस धकींलाई दिन दिनै पूजा गरिन्छ । शिष्यहरु सवै त्यसलाई नास द्यः मानेर ढोग्न जान्छन् । कजी छेंमा बस्ने मानिसहरुले त्यस धकींलाई बिहान बिहान पूजा गर्ने र बेलुकी वत्ती

बाली आरती गर्ने  गर्छन् । यो नास द्यःसालिगु गर्ने काम रातिको समयमा गरिन्छ । त्यस दिनदेखि धिमे सिकाउने काम शुरु गरिन्छ । धिमे सिकाउँदा पहिला धिमेमा बजाइने बोल तथा तालहरु कण्ठ गराईन्छ । जब बोलहरु सबैलाई कण्ठ हुन्छ त्यसपछि मात्र धिमे बजाउनको लागि शुरु गरिन्छ । बोल करिब १ देखि २ महिना भित्रमा कण्ठ गरि सक्छन् । पहिला पहिला बोलहरु लेख्नु हुँदैन भनेर लेख्न दिइन्न थियो । गुरुले जे बोल्यो त्यसैलाई आफूले सम्झिनु पर्ने हुन्थ्यो तर अहिले समयको परिवर्तनसँगै सवैलाई वोलहरु लेखिदिने तथा लेखिएका बोलहरु कण्ठ गराउने गरिन्छ । धिमे सिकाउने अवधि करिब ५ देखि ६ महिनाको हुन्छ तर अहिले प्राय लेखेरै सिक्ने भएका कारण सवैले छिटो छिटो बोलहरु कण्ठ पार्नाले ४ देखि ५ महिना भित्रमै सिक्न सकिन्छ । कतै दशैको लागि धिमे सिकाउन सकिसक्ने गरी धिमे सिकाइने गरिन्छ । धिमे प्रायः जसो सबैलाई समय अनुकूल हुनेगरि सिकाईन्छ ।

शोधकर्ताले स्थलगत भ्रमणका क्रममा अनिल महर्जन, धर्म रत्न महर्जन, नानीबावु महर्जनसँग लिएको जानकारी अनुसार धिमे बाजा सिकाउने विधिमा प्रायःजसो समानता भए तापनि विभिन्न ठाउँ अनुसार फरक-फरक नियम तथा विधिहरु छन् । यँ(का.म.न.पा.)का प्रायःजसो टोलहरुमा ठूलो धिमे र सानो धिमे हुने भएकाले यहाँ बढि भिन्नता देखिन्छ । सानो धिमे सिकाउने विधिमा खासै नियमहरु नभएतापनि ठूलो धिमे सिकाउने विधिमा भने अलि कडा देखिन्छ । यो धिमे १२ वर्षको एक चोटि मात्र सिकाइन्छ । वला सकिसकेपछि मात्र यो धिमे सिकाइन्छ । त्यस्तै केतापूजा (व्रतवन्ध) गरिसकेको हुनुपर्दछ । हुनत तीन वर्षे वला संस्कार भित्र नै केतापूजा गरि सक्छन् । यहाँ वला राख्नु भनेको ज्यापू वनाउनु हो भनिन्छ । यसरी ज्यापू भैसकेपछि मात्र उ धिमे सिक्न योगय व्यक्ति हुन्छ । धर्मरत्न महर्जनका अनुसार मातने गर्न धुन्या पनि सँगसँगै सिकाउँदै लगिन्छ(**चित्र सं. १४**)। धन्या घुमाउन सिकाउँदा सवैभन्द पहिले बाँसमा पराल हालेर सिकाउँछन् । आजसम्म पनि यो धिमे पुरुषहरुलाई मात्र सिकाइन्छ । वला राख्ने, महिलाहरुले नासः द्यो छुन नहुने, महिलाहरु त्वाः गुठीको मुख्य सदस्य बन्न नमिल्ने, रजस्वला हुने र महिलाहरुलाई विहे गराई पठाउनु पर्ने आदि कारणहरुले गर्दा महिलाहरुलाई यो बाजा सिकाइँदैन ।

### ४.४.२ बा पूजा

बा पूजा भन्नाले धिमे सिकाउन थालेको बीचतिर गरिने पूजा भन्ने बुझिन्छ । यस

पूजालाई मौखिक रुपमा धिमे सिकाउने काम सकेपछि अब विधिवत रुपमा बजाउन लगाउन गरिने पूजाको रुपमा लिईन्छ । धिमे सिकाउन थालेको करिब एक देखि डेढ महिनामा कसले कति जान्यो भनेर मूल्याङ्कन गर्ने गरिन्छ । यस बा पूजा वा सलदिउमा जान्नेलाई जलका र कम जान्नेलाई खलका भनेर छुट्याउने गरिन्छ । यो बा पूजा गरेको दिन पनि भोज गरिन्छ । नास द्यः तानिसकेपछि प्रत्येक बिहिवार समय बजी (चिउरा, छोइला, बारा, भटमास आदि) खाईन्छ । समय बजीसंग एउटा काँचो अण्डा पनि पालैपालो ल्याईन्छ र नास द्यःलाई चढाएर एक जनाले त्यो अण्डा काचो नै खाने गर्छन् । त्यो अण्डा उसिनेर वा पकाएर खान हुँदैन भन्ने मान्यता रहिआएको छ ।

धिमे सिक्न जाने शिष्यहरुले त्यो समयमा गाँउ-ठाउँ वरपरका कुखुरा, हाँस आदि चोरेर नास द्यःलाई बलि दिने गर्दछन् । यसरी नास द्यःलाई चढाएमा नास द्यः प्रसन्न भएर आफूले धिमे राम्रो सँग बजाउन सक्ने बनाईदिने जनविश्वास रहिआएको पाइन्छ । यसरी यस्तो चोरीको कार्यलाई समाजले पनि नास द्यःले नै मागेको भनेर कुनै विरोध गर्दैन तर आफ्नो कुखुरा तथा हाँसहरुलाई सुरक्षित ठाउँमा भने राखिन्छ । यसरी बली दिईएका हाँस तथा कुखुराहरु आफ्नो गुरुलाई सी (टाउको, खुट्टा) छुट्याएर मात्र अरुलाई भाग लगाउने गर्छन् । यसरी चोरेर खानेलाई नेवारीमा चासी खाने भन्दछन् । तर आजकल यस्ता चोरी कार्यहरु भएको पाँईदैन ।

प्रायःजसो ठाउँहरुमा यो विधिहरु मिल्दोजुल्दो देखिएतापनि स-साना कुराहरुमा फरक भइराखेको देखिन्छ । सवै ठाउँमा आ-आफ्नै नियम भएको देखिन्छ । काठमाण्डौ महानगरभित्रका विभिन्न टोलहरुमा दुई प्रकारका धिमे हुने भएकाले प्रायः विधिहरु समान भएता पनि केहिमा भिन्नता देखिन्छन् । धिमेसँग धुन्या घुमाइने टोलहरुमा भने अरुमा जस्तै सबैको कलः एउटैमा राखेर नासः द्योकोमा पुजा गरि समय् खाएर आइसकेपछि आखा छेमा आएर बाजं लः ल्हागु (बाजा गुरुबाट शिष्यहरुलाई दिने) गरि बाजा समात्न लगाईन्छ । भोज खाइसकेपछि धुन्या पनि लः ल्हाय गरिन्छ । यसरी विधिवत रुपमा शिष्यहरुले धिमे बजाउन सुरु गर्दछन् । सँगसँगै मातनेगु विधि गर्न पनि सिकाईन्छ । मातने विधिमा शुरुमा बाँसको लामो लठ्ठीमा पराल मात्र हालेर धिमेको तालमा धुन्या घुमाउन सिकाईन्छ ।

### ४.४.३ धिमे निकाल्ने विधि

धिमे सिकाउन थालेको ४ देखि साढे चार महिना भएपछि बाजा निकाल्ने काम गरिन्छ ।

धिमे बाजा निकाल्नु भन्दा अघिल्लो दिन पूजाको मुख्य दिन हुन्छ । त्यो दिन बिहिवार पारेर गरिन्छ । त्यस दिन सवै शिष्यहरु नुहाई धुवाई गरि शुद्ध भई भोक्कै वस्ने गर्दछन् । प्रत्येक शिष्यले एउटा-एउटा पूजा गर्ने थाली वा कलःका साथै पूजा सामाग्रीलाई कजी छेंमा राख्न लैजान्छन् । सबैले पूजा थाली ल्याइसकेपछि गुरुद्धारा पूजा शुरु गरिन्छ । नास द्यःलाई एउटा बलि पनि चढाईन्छ । यसरी पूजा गरिसकेपछि सबैले टिका तथा प्रसाद ग्रहण गर्दछन् । भोलिपल्ट सबैजना कजी छेंमा जम्मा भएर नास द्यःको पूजा गरि टिका लगाउँछन अनि वसेर आफूले सिकेको धिमे बजाउँछन् । धिमे बजाउँदै पूरा गाउँ तथा टोलहरु परिक्रमा गर्दछन् । यसरी घुमि सकेपछि फेरि कजी छें मा नै जम्मा हुन्छ । धिमे सिकाएर धिमे खलःको कार्यमा निरन्तरता दिएको हुनाले गुरुहरुलाई दहि दिएर सगुन दिईन्छ र सबै मिलेर भोज खाईन्छ ।

धिमे निकाल्ने विधिमा पनि धेरै कुराहरुमा समानता भएतापनि ठाउँ अनुसार केहि विधिहरुमा चाँहि फरक देखिन्छन् । शोधकर्ताले अनिल महर्जनबाट प्राप्त जानकारी अनुसार धुन्या भएका टोलहरुले नासः द्यकोमा गएर मोहनी सिन्ह लगाएर मातनेगु विधि पनि गर्नु पर्दछ । धिमे निकाल्ने क्रममा उक्त दिन नासः द्यकोमा चा च्वने (रात वस्ने) गर्नु पर्दछ । भोलिपल्ट आफ्नो टोलको चोकमा मातनेगु  गर्दछ । यसरी विभिन्न मन्दिर तथा टोलहरुमा मातनेगु गर्ने गर्दछन् ।

## ४.४.४ वसँ वनिगु

शोधकर्ताले नानी बाबु महर्जन(७०) बाट प्राप्त जानकारी अनुसार वसं वनिगु भन्नाले एक टोलबाट अर्को टोलमा मातवनेगु (मातने विधि देखाउन जाने) कार्य हो । यो प्रायः धुन्या भएका टोलहरुबाट जाने गर्दछ । यसरी नै अरु नामबाट पनि अरु बाजाबाट पनि यसरी टोलटोलमा देखाउने चलन परम्परादेखि चल्दै आएको देखिन्छ । यसरी वसं वनिगु गर्दा नासः द्यकोमा मोहनी तीनावनीगु (टिका लगाएर जाने) चलन छ । यो गर्दा अरुको जुठो खान नहुने, अरुकोमा सुत्न नहुने लगायतका विभिन्न नियमहरु देखिन्छ । वसं जाँदा जतापनि जाने हुन्छ । यो एउटा बाह्र बर्षे मेला जस्तै हुन्छ । बोलाएका टोलहरुबाट नै यसरी वसं आएका व्यक्तिहरुको खानपिन लगायतका जिम्मा लिने गर्दछन् । वसं जाने योमरी पुन्ही अगाडिसम्म जाने गर्दछ । सबैतिर सकेपछि नासः द्यकोमा गएर मोहनी लित तई (मोहनी टिका फिर्ता ) गरिन्छ र धिमे सिकाउने विधि समाप्त हुन्छ ।

### ४.४.५ मातनेगु विधि ( चित्र सं. १५ )

शोधकर्ताले शोध सामाग्रीहरु संकलन गर्ने क्रममा जम:मि त्वा:(टोल)का गुरु मच्छे नारायण महर्जन(६९) र लघछे क्वाबहालका धर्म महर्जनबाट प्राप्त जानकारी अनुसार मातनेगु विधि एउटा महत्वपूर्ण विधि हो । धिमे सिकाउने विधि अन्तर्गत मौखिक रुपमा सिकाइसकेपछि बाः पूजा गरिन्छ । जुन पूजापछि धिमे समात्न लगाएर नै सिकाउने गरिन्छ । यसरी धिमे बजाउन लगाउने सँग-सँगै मातनेगु विधि पनि शुरु गरिन्छ । यसमा धुन्या घुमाउन पहिला बाँसको ठूलो लठ्ठी र त्यसको बीचबीचमा च्वमो भनेर परालको मुठ्ठा बाँधेर घुमाउन सिकाईन्छ । यसरी सिकाएका व्यक्तिहरुमा जान्ने व्यक्तिहरु दुईजना छानिन्छ । जसमध्ये एक जना चोविन्या गर्ने व्यक्ति र अर्को खतमा घुमाउने व्यक्तिको रुपमा हुन्छ । खतमा वसेर धुन्या घुमाउने व्यक्ति ठूलै व्यक्ति हुन्छ जसले पहिले पनि सिकिसकेको हुन्छ । यसरी दुईजना छानिसकेपछि मातनेगु विधि सिकाईन्छ । मातनेगु विधि पनि टोलैपिच्छे केहि भिन्नता देखिन्छ । मातने विधिमा काठमाडौंको जमः त्वा अर्न्तगत निम्न मातने विधि  गरिन्छ ।

| | |
|---|---|
| १) बेता माँ | ६) गकु माँ |
| २) तकु माँ | ७) सिहँ माँ |
| ३) महाल्काईचा माँ | ८) खते मचा बुइगु माँ |
| ४) तिस माँ | ९) खते धुन्या हिकीगु माँ |
| ५) याक माँ | |

त्यस्तै काठमाडौंको लघछे क्वाबहालः त्वाः अर्न्तगत निम्न मातनेगु रहेका छन् ।

| | |
|---|---|
| १) बेता माँ | २) तखा माँ |
| ३) चिवा माँ | ७) सिँ खः माँ |
| ४) सिँह माँ | ८) हनुमान त पुलिगु |
| ५) तिसा माँ | ९) सि तुई माँ |
| ६) पलेस्वाँ माँ | १०) याक माँ |

## ४.५ सि खाने विधि

नेवारी समाजमा सि खाने विधि परम्परागत विधि हो । यो परम्परा कहिलेदेखि चलिआएको हो भन्ने अनुसन्धान कै विषय रहेको छ । नेवारी समाजमा भएका विभिन्न खलःहरुमध्ये नास खलः, मंका खलः र देपुचा खलः आदि खलःहरुमा विशेष गरी सि खाने परम्परा रहेको देखिन्छ । धिमे बाजा खलःको नास पूजामा सि खाने परम्परा रहिआएको छ । शोधकर्ताले शोध सामाग्रीहरु संकलन गर्ने क्रममा जमःमि त्वाःका गुरु मच्छे नारायण महर्जन(६९)बाट प्राप्त जानकारी अनुसार वर्षको एक चोटि नासः पूजा गर्नु पर्दछ । नासः पूजामा आफ्नो त्वाः खलः(टोलका सदस्य) अर्थात् गुठीमा संलग्न सबै जना आउनुपर्ने हुन्छ । नासः पूजा दाफा बाजा र धिमे बाजाको अलग अलग हुन्छ । दाफा बाजा भन्दा धिमे बाजा समूहको नासः पुजामा त्वाः खलः सबै अनिवार्य आउनु पर्ने हुन्छ । धिमे खलःको नास पूजामा धिमे गुरु, धुन्या गुरुले द्यो पुज्या(पूजा) गर्दछ । साथसाथै पाँचजना थाकुली(थकाली)हरुपनि सँगै हुन्छन् । पूजामा मे(राँगो)को बलि दिईन्छ । काठमाडौं जमःमि त्वाःमा सि बनाउनको लागि मे को टाउको आठ टुक्रा पारिन्छ । यसलाई च्यासी भनिन्छ । यसरी आठ टुक्रा सि भोज खाँदाखेरी अन्तिममा बाँडिन्छ, यस भोजलाई सिकाभू भन्दछन् । यसलाई निम्न तरीकाले क्रमैसँग बाँडिन्छ ।

१) धिमे गुरु - दाहिने आँखा

२) धुन्या गुरु - देब्रे आँखा

३) दोस्रो गुरु - दाहिने कान

४) तेस्रो गुरु - देब्रे कान

५) कजिः - थुना (नाक)

६) त्वाः थाकुली - मे (जिब्रो)

७) न्वकुली - भज्या(वाकुधी) अर्थात् दायाँ दाँत

८) स्वकुली - भज्या(वाकुधी) अर्थात् देब्रे दाँत

यसरी सिलाई आठ टुक्रा पारेर वाँडिन्छ। १२ वर्षको एकचोटि भने नयाँ धिमे सिकेका र पुराना सबैले यो भोज खानुपर्ने हुन्छ। यसमा चोविन्या गर्ने व्यक्ति र सिं खते ल्हुहिकिम व्यक्ति महत्वपूर्ण मानिन्छ। तिनीहरुलाई पछिका गुरु पनि मानिन्छ।

## ४.६ धिमे बाजा समूह र नासः द्यःको सम्वन्ध

नासः द्यःलाई नृत्येश्वर, नाट्येश्वर, नृत्यनाथ, नटराज आदि नामले चिनिन्छ । नेपाली समाजमा नासःद्यो ( **चित्र सं. १६** ) प्राचीनकालदेखि नै पूजित छन् । समस्त कला र सँस्कृतिको आदि स्रोत मानिने नासःद्यो कुनै न कुनै रुपमा पूजित छन् । मानव मात्रका लागि उनी आराध्यदेव मानिएका छन् । जहाँ कला र सँस्कृतिको साधना हुन्छ। त्यहाँ नासःद्योको उपासना हुन्छ । गायन, वादन र नृत्यको प्रारम्भ गर्दा होस् वा ती विद्या हासिल गर्दा होस् वा प्रारम्भ गदौ होस् नेपाली संस्कृतिले सर्वप्रथम नाट्यश्वरलाई नै पुज्ने गरेको छ । उनको पूजा र आराधनाबिना कुनै सफलता हासिल गर्न कठिनाइ नै पर्न जान्छ । नास द्यःको मन्दिरमा नासः द्यः अर्थात् नाट्येश्वरको प्रतीक तीनवटा प्वाल मात्र रहेको हुन्छ। तर मन्दिरको तोरण र द्वारमा रहेका विभिन्न मुख र आकारप्रकारका गणले बाजा बजाइरहेको कुँदिएको देखिन्छन् ।[३] जसले गर्दा नाट्येश्वरको मन्दिर भन्ने सहज अनुमान गर्न सकिन्छ। यस्ता नाट्येश्वर मन्दिर ठहिती, मचली, ललितपुरको गुइतः टोलमा देख्न सकिन्छ । नासः द्यः काठमाडौं उपत्यकाका तीनै शहरका चोक चोकमा रहेको हुन्छ । जसमध्ये ठमेल सल्लाघारीको नासःद्यो, मरुको नासःद्यो, ललितपुर र भक्तपुरका नासःद्यो केहि प्रसिद्ध नासःद्योहरु हुन् । काठमाडौंको हनुमानढोका राजदरबारभित्र नासःद्योको नाममा एउटा चोक नै रहेको छ, जसलाई नासल चोक भनिन्छ । नेपाली सँस्कृतिमा नृत्येश्वरलाई निराकार(अमूर्त) रुपमा मानिएको छ । यसो गर्नमा तान्त्रिक उपासना र किंवदन्तीहरुले पनि भूमिका खेलेका होलान् ।[४]

धिमे बाजाको साथै अरु बाजाहरुसँग नासद्योसँग प्रत्यक्ष सम्वन्ध रहेको देखिन्छ । भक्तपुरमा चाँहि नासःद्यो र हैमद्यो दुवैको महत्व रहेको छ। नासःद्यो भन्नाले नृत्यश्वर हो भने हैमद्यो अर्थात् हैम देवता भन्नाले नृत्येश्वरको स्त्री या मातृका रुप मान्नुपर्छ। नासःद्योको स्वरुप

[३] रामशरण दर्नाल, **नेपाली लोक बागिना र कला**, (काठमाडौं : भृकुटी एकेडेमी पब्लिकेशन्स्, वि.सं २०६०), पृ. ८० ।

[४] **उही,** पृ. ८३ ।

छिँडीको कोठाको या मन्दिर र पीठको बाहिरी पर्खालमा हुने लाम्चो प्वाल हो र हैमद्यो चाँहि यस्तै तीनवटा प्वाल भएकोलाई भन्दछन् । यिनै प्वाललाई नासःद्यो मानेर त्यतै फर्की गाउने बजाउने चलन छ । नासःद्यो र हैमद्योको रुप, भक्तपुरका गाना गुन्जने र भजन घन्किने भित्ता भित्तामा नै छ । नासद्योको प्वाल बाजा बजाउने कोठा, गाउने सत्तल पाटी, मन्दिर र पीठ अनि कैयौं घरमा देखिन्छन् । ९० सालको भूकम्पले भत्केर वा पछि नयाँ भित्ता बजाउँदा खडा गरिएका पर्खालमा पनि नासःद्योको ढुङ्गा या प्वाल फेरी पुरानै ठाउँमा रौं प्रमाण फरक नगरेर खडा गरेको देखिन्छ । नासःद्योको प्वाल प्वालै डोरी छिराउँदै लगे, सारा भक्तपुर शहर एकै सूत्रमा बाँधिन्छ भन्ने छ । कुनै पनि बाजा सिक्दा नासःद्योको सामुन्ने बसेर नै गुरुले सिकाउन थाल्दछ । सिक्ने कोठामा अरु कोही आउन हुँदैन । दशा लाग्ने डर देखाएर पनि यो गोपनीयताको पालन गराईन्छ । अभ्यासलाई दैवी महत्व दिन नयाँ ताल सिकाउन तिथि र वारको ख्याल राखिन्छ । विद्यार्थीहरुले नासःद्यो र हैमद्योको खास पूजा गरि नै रहनुपर्छ । एक कक्षा सिकेपछि नासः सलायागु पूजा (नासद्यो ल्याउने पूजा), अर्को पूरा भएपछि खिप्वउ पूजा ( धिमे पाठको पूजा) अनि ह पूजा (बाजा सिकेपछिको पूजा) अनि शिक्षा पूरा भएपछि पिराने पूजा (बाहिर निकाल्ने पुजा) गरेपछि मात्र सबै सामु बजाउन पाउँछ ।[५]

काठमाडौं, भक्तपुर लगायत काठमाडौं उपत्यका भरी नै नासःद्योको उत्तिकै महत्व रहेको देखिन्छ । साथै नासःद्यौसँग धिमे बाजा समूहको सम्वन्ध पनि उत्तिकै रहेको देखिन्छ । शोधकर्तालाई मच्छेनारायण महर्जनले दिएको जानकारी अनुसार प्रत्येक टोलमा वर्षको एकचोटि बाजागाजा सम्वन्धि एउटा ठूलो भोज हुन्छ । जसलाई नासपूजा भ्वय अर्थात् नासभ्वय भनिन्छ । यस भोज प्रायः धिमे भएका टोलहरुमा विशेष प्रकारले गरिन्छ । यस भोजमा टोलका सबै सदस्यहरु अनिवार्य रुपमा उपस्थित हुनुपर्ने हुन्छ । यसरी काठमाडौं उपत्यकाका नेवार वस्तीहरुमा धिमे बाजा समूह र नासःद्योको सम्वन्ध निकै गहिरो रहेको देखिन्छ । नेवारी समाजमा प्रचलित धिमे बाजा समूह भएका टोलहरुमा नासःद्यो प्रति अगाध श्रद्धा तथा आस्था र विश्वास रहेको देखिन्छ ।

---

[५] जगदीश शमशेर राणा, **नाचगानको राजधानी भक्तपुर,** (काठमाडौं : अमर शमशेर ज.ब.रा., वि.सं. २०४५), पृ. ५,६ ।

# अध्याय : पाँच

# धिमे बाजा खलःको आर्थिक स्रोतहरु र जानुपर्ने जात्रा तथा चाडपर्वहरु

## ५.१ धिमे बाजा खलःको आर्थिक स्रोतहरु

कुनै पनि संस्था, समूह अगाडि बढ्नको लागि आर्थिक पक्षले पनि महत्वपूर्ण भूमिका खेल्दछ । हिजोआज आर्थिक स्रोत बिना कुनै पनि काम सफल हुन सक्दैन । नेवारहरुमा आफ्ना विभिन्न सामाजिक कार्यहरु जस्तै जात्रा, भोजहरु संचालन गर्न विभिन्न गुठीहरु रहेका हुन्छन् । एउटै जात्राका लागि पनि छुट्टा छुट्टै कामहरु गर्नका लागि अलग अलग गुठी हुन्छन् । त्यस्ता काम गर्न आर्थिक स्रोतका लागि विभिन्न आयस्ताका लागि जग्गाहरुका व्यवस्था हुन्छन् । धिमे बाजा समूहको आर्थिक स्रोतका लागि पनि पहिले जग्गाहरुको व्यवस्था गरिन्थ्यो । उक्त जग्गाबाट आएको धान तथा अन्नहरुबाट खलःले विभिन्न कार्यहरु गर्ने गर्दथे । हाल यस्ता गुठीका जग्गाहरु व्यक्तिका नाममा हुने भएकाले कुनै बेचेर सकाइसके भने कुनै सम्वन्धित संस्थाको नाममा रहेका छन् । सम्वन्धित टोलका संस्थाका नाममा भएका जग्गाहरुबाट नै यस समूहले जात्रा, भोजहरुको आयोजना गर्दछन् भने यस बाहेक धिमे बाजाको प्रयोग र धिमे बाजा समूहको संचालनका लागि आर्थिक स्रोतको व्यवस्था धिमे खलः स्वयं र सम्बन्धित पुच, टोल तथा संस्थाहरुले गर्ने गर्दछ । धिमे बाजा समूहको आर्थिक श्रोतहरु निम्न रहेका छन् ।

### ५.१.१ ल्हापं

ल्हापं भन्नाले भोजखान तथा केहि काम गर्नको लागि खलःका सदस्यहरुबाट उठाउने निश्चित शुल्क हो । यसरी मुख्य रुपमा कुनै भोज आयोजना गर्दा खर्चको आधारमा ल्हापं लिईन्छ । ल्हापं लिदाँ प्रायः ठाउँमा सबैलाई बराबर हिसाबले लिने गरिन्छ । धिमे बाजा खलःको मुख्य आर्थिक स्रोत भनेकै ल्हापं हो ।

### ५.१.२ दण्ड तथा जरिवाना

धिमे बाजा खलः एक सामूहिक संगठन हो । धिमे खलःले सामाजिक तथा सांस्कृतिक

विकासमा ठुलो टेवा पुऱ्याईरहेको हुन्छ । समूहमा काम गर्दा धेरै कुराहरुको विचार पुऱ्याउनु पर्ने हुन्छ । जसले गर्दा त्यो समूह पछि सम्म रहिरहन सक्छ र निरन्तर अघि बढ्न सक्छ । समूहमा एक जनाको लापर्वाहीले गर्दा समूह नै विथोलिन सक्छ । त्यसकारण धिमे खलःमा पनि यस्ता कार्यहरु नहोस् भनेर धिमे खलःद्वारा गरिने कुनै पनि कार्यमा कोही सदस्य अनुपस्थित भएमा त्यसलाई वौउ पुइकिउ(जरिवाना) गरिन्छ । यसरी जरिवाना तिर्नुपर्ने हुनाले धिमे खलःको सम्पूर्ण काममा प्रायः सबैको उपस्थिति रहन्छ । कारणवश उपस्थित हुन नसक्ने भए पहिला नै खबर गर्नुपर्दछ ।

## ५.१.३ केपु

धिमे बाजा खलः धिमे बाजा बजाएर हरेक जात्रा, पर्व, संस्कारमा जानुपर्ने हुन्छ । यस्ता जात्रा, पर्वहरुमा भन्दा कुनै संस्कार गर्दा, पूजा गर्दा आदिमा मंगल यागु(मंगल गर्ने) गर्नु पर्दछ । जस्तै जंको(भीमरथारोहण), ब्रतवन्ध आदिमा उक्त कार्य सकेपछि अन्तमा मंगल कामना गर्नुपर्ने हुन्छ । त्यस्तो मंगल कामना गर्ने बेलामा जस्ले बोलाएको हो उक्त परिवार अर्थात् व्यक्तिले चामलमा धूप र पैसा हालेर बाजं खलः(धिमे बाजा समूह)लाई दिईन्छ । जसलाई केपु दिने भनिन्छ ।

## ५.१.४ लाखे नाच

शोधकर्ताले रामचन्द्र महर्जनसँग लिएको जानकारी अनुसार धिमे खलःको मुख्य आर्थिक स्रोत रुपमा लाखे नाच पनि हो । यो नाच श्रावण महिनाको घण्टाकर्ण(गुँला पर्व) पछि १ महिना भित्रमा देखाईन्छ । यो नाच गाउँ भरि नै घुमाईन्छ । लाखे नाच हेरे वापत गाउँबासीले आफ्नो ईच्छा अनुसार पैसा तथा अन्नहरु(चामल, पिठो) दिने गर्छन । यो नै धिमे खलः को मुख्य आम्दानीको श्रोत हो । काठमाडौं नगरभित्र भने धिमे बाजामा लाखे नाच गरिएको देखिंदैन ।

## ५.१.५ अन्य आम्दानीहरु

धिमे बाजा खलःका सदस्यहरुमध्ये कसैको पनि कुनै किसिमका शुभकार्य जस्तै ब्रतबन्ध, भीमरथारोहण आदि गर्ने बेलामा धिमे खलःलाई निम्तो दिईन्छ । त्यस्ता कार्यहरुमा धिमे वजाए

बापत पैसा तथा अन्नहरु दिने गरिन्छ । त्यस्तै यस बाहेकका अन्य आम्दानीहरुमा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाबाटहरुबाट पाएका चन्दा, सहयोग, अनुदान आदि पर्दछ ।

## ५.२ धिमे बाजा समूह जानुपर्ने जात्रा तथा चाडपर्वहरु

धिमे बाजाको उत्पति कहिले भयो र यो नेवारहरुले समूह बजाएर कहिलेदेखि बजाउन थालियो भन्ने अध्ययनकै विषय रहेको छ । मच्छेनारायण महर्जनका अनुसार पहिले ज्यापुहरु खेतमा कामगरी थाकेर घर फर्किन्छ र घरमा टोल समूहसँग मिलेर धिमे बजाउँदै नाचगान गरी रमाउदछन् । जमःमि त्वाःको धिमे बाजा खलः जानुपर्ने मुख्य पुजा, मेला, जात्रा तथा चाडपर्वहरु निम्न रहेका छन् ।

- **सेतो मच्छिन्द्रनाथ जात्रा**

चैत्र शुक्ल अष्टमी अर्थात चैते दशैंका दिन सेतो मच्छिन्द्रनाथको रथारोहन गरी नगर परिक्रमा गर्न शुरु गरिन्छ । उक्त दिन जमःमि त्वाःका धिमे बाजा खलःले धिमे बाजा बजाएर जनबहालमा मच्छिन्द्रनाथलाई लिन जाने चलन छ । त्यहाँबाट जमलको तिनधारा पाठशाला लगिन्छ जहाँ मच्छिन्द्रनाथको रथ राखिएको हुन्छ । त्यो दिन रथ तानेर असनसम्म पुर्याउने क्रममा रथको अघिअघि धुन्या घुमाई बाजा बजाउँदै लगिन्छ । असनमा रथको माथि जमःमि त्वाः लगायत विभिन्न टोलहरुको धुन्या चढाईन्छ र भोलिपल्ट विहान विधिवत पुजागरी धुन्या निकालिन्छ ।

- **कमलादी गणेश खत जात्रा**

कमलादी गणेशको जात्राको पहिलो दिन चैत्र शुक्ल चतुर्दशीका दिन जमःमि त्वाःको द्यःछेबाट गणेशको मुर्तिहरुलाई खतमा राखि त्यर, जमल, तीनधारापाठशाला हुदै पुतली सडकसम्म पुजा लिई कमलादी गणेशको मन्दिरमा लगिन्छ । उक्त दिन वटु त्वाःले पनि वेलुका गणेशको मूर्तिहरु धिमे बाजाका साथ मुख्य मन्दिरमा राखिन्छ । मुर्तिहरु जमःमि त्वाःको तीनवटा र वटु त्वाःको चारवटा हुन्छन् । यस दिन ठूलो र सानो दुवै धिमे बजाउँदछन् ।

दोस्रोदिन अर्थात चैत्र पूर्णिमाका दिन विहान तीनधारापाठशाला पाशिक्यः अजिमा मन्दिरमा गई दापा बजाउछन् । त्यहाँ त्वाः धिमे पनि बजाउँदै जान्छन् । त्यसपछि कमलादी गणेश

मन्दिरमा गई दिउँसो द्यःछेबाट मरजा ल्याई मन्दिर बाहिर कन्या वच्चहरुलाई मरजा खुवाउँछन् । त्यस कममा पनि त्वाः धिमे बजाउने चलन छ । जसमा मरपो भन्ने बोल बजाइन्छ । त्यसवेला जमःमि त्वाः र वटु त्वाः दुवै टोलका त्वाः धिमे बजाइएको हुन्छ ।

तेस्रो दिन विहान दापा बजाइन्छ । त्यसपछि कमलादी गणेशको खतलाई नगरपरिक्रमा गरिन्छ । यो दिन कमलादी गणेशको मुख्य जात्रा मानिन्छ । टोलका सवै सदस्यहरु आई जात्रामा रमाउँदछन् । यो दिन चाही सानो धिमे मात्र बजाइन्छ । साथै दापामा कोंचाखिं, बय् बजाउँदछन् भने बाँसुरी बाजा पनि बजाउँदछन् ।

- **चथाः**

गणेश चौथीको दिनलाई चथाः भनिन्छ । यस दिन जमःमि त्वाःबाट एउटा पुजा कमलादी गणेश मन्दिरमा लगिन्छ । उक्त पुजा गर्दा त्वाः धिमे बजाइन्छ । त्वाः धिमेमा पुजा पो बोल बजाइन्छ । यस दिन त्वाः धिमेका साथै सानो धिमे र दापा पनि बजाइन्छ ।

- **धिमे नासः पुजा**

जमःमि त्वाःको धिमे नासः पुजा मार्ग चतुदर्शी अर्थात बालाचतुदर्शीका दिन पर्दछ । यस दिन गुरुहरु विहान नासः द्यः मन्दिरमा गई पुजा गर्दछन् । नासः द्यः मन्दिरमा गई धिमे, धुन्या लगी त्यहाँ पुजा पो बजाइन्छ । रागाँको बलि दिँदा माँ पो बजाइन्छ । त्यसदिन वर्षमा एकचोटी मात्र बजाइने खः पो पनि बजाइन्छ । समयबजी खाएर धिमे कजिको घरमा राखि भोज खान्छन् । विचमा रहर गर्न धुन्या पो बजाई धुन्या घुमाई रमाइलो गरिन्छ । बेलुका सि बाँडेर भोज खान्छन् । भोज सकाउन धिमेमा सुमंगल बोल बजाइन्छ । मंगलको क्रममा कजीले दक्षिणा केपु राखिन्छ ।

- **बाह्र वर्षे मेला**

धिमे बाजा खलःमा धिमे बाजा बाह्र वर्षको एक चोटि सिकाउने चलन छ । वला सकेर पलिो वर्ष दरु गरिन्छ । दोस्रो वर्ष देखि धिमे बजाउन सिकाउने चलन छ । यसरी बाह्र वर्षमा एक चोटी बाजाहरु सिकाउँदा धिमे बाजासँग धुन्याहरु घुमाउन पनि सिकाउने गरिन्छ ।

नेपालमा मध्यकालको प्रारम्भिक समयदेखि नै चाडपर्व तथा जात्रा उत्सवहरुको अत्याधिक मात्रामा विकास भएको पाउँछौ । वर्षभरिमा हरेक साना तथा ठूलो पर्वहरुमा धिमे बाजा बजेको हुन्छ । काठमाडौंमा मनाइने केहि जात्रा तथा चाडपर्वहरु निम्न रहेका छन् ।

- **गुँला मेला**

श्रावण शुक्ल प्रतिपदा देखि भाद्र कृष्ण औंसीसम्म एक महिना काठमाडौंका विभिन्न भागबाट स्वयम्भूमा तीर्थालु आउने गर्दछन् । गुँला भन्नाले नेपालसंवत्को नवौं महिना हो । यो पर्वमा स्वयम्भूमा गुँला बाजा अर्थात् धाः, नाय्खी बाजा लगायत धिमे बाजा, नेकू बाजा, बाँसुरी बजाएर स्वयम्भू परिक्रमा गर्ने गर्दछन् । धर्मरत्न महर्जनका अनुसार गुँला मेलामा आफ्नो मनखुसिले धिमे बाजा बजाएर जान सकिन्छ यसमा कुनै करवर हुदैन । काठमाडौं लघछे क्वाबहालबाट त्वाः धिमे बजाएर महिनाभरी पनि स्वयम्भू मेलामा जाने गरिन्छ । यस मेलामा बढिमात्रामा ठूलो धिमे भन्दा सानो धिमे बजाएर आएका देखिन्छ । महिनाभरि दाफा बजाउने र अरु बाजाहरु बजाउनेहरुले पारु भ्वय् खाने खुवाउने गर्दछन् र यस गुँला पर्वको अन्त हुन्छ ।

- **बालाचतुर्दशी**

मार्ग चतुदर्शीको दिन पाशुपत क्षेत्रमा बाला चतुर्दशीको ठूलो मेला लाग्छ । यस दिन मृत आत्माहरुका नाउँमा सतबीज छर्न आउँछन् । नेवार समाजमा यस दिनलाई बालाचह्रे भनिन्छ । यस दिन ठँहिटीमा विभिन्न देवीदेवताको खतः राखिन्छ र दिउँसो जात्रा निकालिन्छ । यस खतः जात्रामा पनि मुख्य बज्ने बाजा भनेको धिमे बाजा नै हो । यो जात्रामा सानो धिमे बाजा र भुस्याः बाजा विशेष रुपमा बजाईन्छ ।

- **पाहाँ चःह्रे, घोडेजात्रा, खट जात्रा**

पाहाँ चःह्रेलाई पिशाच चतुर्दशी पनि भनिन्छ । यो चैत्र कृष्ण चतुर्थीका दिन मनाईन्छ । साथै पाहाँ चःह्रेको भोलिपल्ट घोडेजात्रा र मरजा खुवाउने दिन र पर्सिपल्ट असनमा खट जुधाउने जात्रा हुन्छ । पाहाँचःह्रेको दिन जमिनमुनि नाली ढल त्यस्तै दुर्गन्धित स्थानमा लुकेर बस्ने महादेवलाई उक्त ठाउँबाट निकाली स्नान गराई पूजाअर्चना गरिन्छ । यसैलाई लुकमाद्यः जात्रा पनि भनिन्छ । पाहाँ चःह्रेको भोलिपल्ट चैत्रकृष्ण औंसीका दिन घोडेजात्रा पर्व मनाईन्छ । यस दिन टुंडिखेलमा घोडेजात्रा गरिन्छ भने भित्रि शहरका विभिन्न टोलहरुमा बच्चाहरुलाई

सामूहिक रुपमा मलःजा (विशेष प्रकारको भात) खुवाउने गरिन्छ । यसरी मलःजा (मरजा) खुवाउने बेलामा त्वाः धिमे बजाउने गरिन्छ । जस अर्न्तगत ठूलो धिमे एक जोर, भुस्या, घौ आदि बजाउने चलन छ । यस दिन ललितपुरमा एउटा मात्र घोडेजात्रा दौराउने चलन छ । यसै दिन काठमाण्डौको बाङ्गेमुढामा नरसिंह, नरदेवीमा श्वेतकाली त्यस्तै कंकेश्वरी, नील बाराही, भद्रकाली आदिको पूजा अर्चना हुन्छ । बेलुका मध्यरातमा टुँडिखेलमा धिमे लगायत विभिन्न बाजा समूह सहित लुमडी अजिमा (भद्रकाली), कंग अजिमा र वटु अजिमाको खत जात्रा गरिन्छ । पाहाँचह्रको पर्सिपल्ट अर्थात् चैत्रशुक्ल प्रतिपदाका दिन दिउँसो असनमा लुमडी, कंग र वटु अजिमाको खट जुधाउने गरिन्छ । त्यस्तै ङत अजिमा (नरदेवी), नील बाराहि, नरसिंह आदि देवी देवताहरुको खट जात्रा  गरिन्छ । जुन जात्राहरुमा धिमे बाजा लगायतका बाजा समूहहरु बजाइएको हुन्छ । खत जात्रामा चाहिँ सानो धिमे बाजामात्र बजाइएको देखिन्छ ।

**●इन्द्रजात्रा तथा कुमारी जात्रा**

इन्द्रजात्रा भाद्रशुक्ल द्वादशीका दिन यःसिँथने (इन्द्रध्वजोत्थानं) बाट शुरु गरि आश्विन कृष्ण चतुर्थीका दिन यःसिँ कोथलीगु (इन्द्रध्वजपतन) गरी समाप्त गरिन्छ । यस जात्रा अवधि मध्ये मुख्य दिन चतुदर्शीको दिनमा कुमारीको जात्रा गरि मनाईन्छ । यस दिन कुमारी रथ साथै गणेश र भैरवको रथ निकालिन्छ । यस दिन कुमारीको जात्रा काठमाडौंको वसन्तपुरबाट निकालेर वसन्तपुर, मरु, जैशिदेवल, लगन, ब्रम्हटोल, ह्युमत, क्वहिति, भीमसेनथान हुँदै वसन्तपुर कुमारी घरमा ल्याई जात्रा समाप्त गरिन्छ । त्यस्तै भोलि पल्ट पूर्णिमाको दिन यँया भनेर वसन्तपुर, यट्खा, टेँगल, असन, इन्द्रचोक, मखन, हनुमानढोका हुँदै वसन्तपुर कुमारी घरमा लगि टुंगिन्छ । शोधकर्तालाई दिनेश महर्जनले दिएको जानकारी अनुसार यस दिन जमःमि त्वाःबाट कमलादी गणेश मन्दिरमा समयद्व राखिन्छ । यस बेला जमःमि त्वाःको त्वाः धिमे पनि बजाउनु पर्दछ । त्यस्तै आश्विनकृष्ण चतुर्थीका दिन नानिचायाः भनेर वसन्तपुर कुमारीघर देखि यट्खा, नरदेवी, किलागल, इन्द्रचोक,मखन हुदै कुमारीघरमा लगि जात्रा समाप्त गरिन्छ । कुमारी जात्रामा विभिन्न देवदेवीका नाचहरु निकाल्ने चलन छ । उक्त दिनहरुमा कुमारीको रथ सँगसँगै नाच्ने पुलुँकिसी र लाखेले पनि जात्राको रौनकतालाई बढाइराख्ने गर्दछ । यो जात्रामा पनि प्रत्यक्ष रुपमा धिमेबाजा बजाइएको देखिन्छ । पुलुँकिसी नाच पनि धिमे बाजा बजाएरै नचाउने गरिन्छ ।

- **महालक्ष्मी जात्रा**

यो जात्रालाई थानकोट पर्व पनि भनिन्छ । यो जात्रा थानकोटमा तीन दिनसम्म मनाईन्छ । कार्तिक पूर्णिमाको अघिल्लो दिनदेखि मनाईन्छ । यसमा महालक्ष्मीलाई प्रमुख देवीको रुपमा लिई विभिन्न देवीदेवताको जात्रा गरिन्छ । यस जात्रालाई थानकोटको सिन्दुर जात्रा पनि भनिन्छ ।

- **सात गाउँ जात्रा**

कीर्तिपुरको सात गाउँ जात्रा मार्ग शुक्ल सप्तमीको दिनदेखि शुरु हुन्छ । यी सात गाउँमा सतुङ्गल, मच्छेगाउँ, बोसीगाउँ, नगाउँ, पाँगा, ल्वंहंकोत र कीर्तिपुर पर्दछ । यस जात्रा अन्तर्गत कीर्तिपुरमा इन्द्रायणी, पांगा, सतुंगल, मच्छेगाउंमा बैष्णुदेवी, बोसिगाउं र ल्वहंकोतमा भैरब र नगाउंमा बालकुमारीको विशेष जात्रा हुन्छ । यी विभिन्न बस्तीहरुमा मनाइने जात्रामा मुख्य रुपमा बज्ने बाजा भनेकै धिमे बाजा र भुस्याः नै हो ।

- **गहना खोज्ने जात्रा**

नेपालमा मनाइने जात्राहरुमा गहनापोखरीको जात्राले पनि महत्वपूर्ण ऐतिहासिकता बोकेको देखिन्छ । यसलाई टुडाँलदेवी माताको जात्रा पनि भनिन्छ । चैत्र शुक्ल द्वादशीदेखि बैशाख कृष्ण नवमीसम्म जात्रा निकालिन्छ । पूर्णिमाका दिन भक्तजनहरुको ठूलो भिड लाग्दछ । बैशाख कृष्ण प्रतिपदाको दिन गहना खोज्ने जात्रा हुन्छ । बैशाख कृष्ण तृतीयाका दिन महिलाहरु लावा छर्दै केपु जात्रामा सहभागी हुन्छन् । मध्यरातमा टुडाँलदेवी र भाटभटेनीको खट जधाइन्छ र मन्दिरमा भित्र लगिन्छ । अष्टमीका दिन भीमसेन जात्रा गरी नवमीका दिन नेकू जात्रा गरिन्छ । नगर परिक्रमा पछि लिंगो ढाली जात्रा समाप्त गरिन्छ ।

ललितपुरमा मनाइने विशेष जात्राहरुमा रातो मच्छिन्द्रनाथ जात्रा, मत्या आदि रहेका छन् ।

- **रातो मच्छिन्द्रनाथ जात्रा**

रातो मछिन्द्रनाथ जात्रा बैशाख शुक्ल प्रतिपदादेखि शुरु भई ललितपुरको निर्धारित मार्ग भई अन्तमा जावलाखेलमा पुगि भोटो देखाउने जात्रा भई जात्रा समाप्त हुन्छ । यस जात्रालाई लोकनाथ करुणामय रथ जात्रा तथा बुंगद्य जात्रा पनि भनिन्छ । यस जात्रामा बाजाको विशेष महत्व रहेको देखिन्छ । परम्परागत बाजाहरु नाय्खीं, नेकू, काहा लगायतका बाजाहरु यस

जात्रामा बजाएको देखिन्छ । साथै यस जात्रामा ललितपुरका ठूल्ठूला धिमेहरु बजाएर जात्रा गर्ने र धिमे नाचले सबैलाई आकर्षित पार्दछ । यस जात्रामा रथ तान्दा ललितपुरका विभिन्न टोलहरुका धिमे बाजा खलःहरुमा पालो पालो गरेर धिमे बजाउन जाने चलन रहेको देखिन्छ ।

- **मत्या (दीप यात्रा)**

गाई जात्राको भोलिपल्ट अर्थात् भाद्रकृष्ण द्वितीयाको दिन ललितपुरका नेवार समुदायहरु मत्या यात्रा गर्दछन् । यो यात्रामा दिवंगत आत्माको शान्तिको कामना गर्दै दीप यात्रा जाने गर्दछ । यो मत्या जात्रा ललितपुर र ललितपुर जिल्लाको सिद्धिपुरको प्रमुख जात्राको रुपमा लिईन्छ । यो दीप यात्रामा सबै बाजा खलःहरु गाउँ भरिको देवी देवताको मन्दिरमा जाने गर्दछ । दीप यात्रामा जानेहरुले हरेक मन्दिर तथा देवी देवताको स्थानमा आफूले ईच्छाएको वस्तु चढाउँदै जान्छन् । आफ्नो टोल टोलको मानिसहरु लामवद्ध भएर अघि अघि जान्छन् भने बाजा खलःहरु उनीहरुको पछि पछि बाजा वजाउँदै हिडँछन् ।

भक्तपुरमा मनाइने प्रमुख जात्राहरुमा बिस्केट जात्रा, ठिमी जात्रा, गाईजात्रा आदि पर्दछन् ।

- **बिस्केट जात्रा**

विक्रम वर्षको अन्तिममासको मसान्तमा भक्तपुरको चुप्रीङ्घाटमा लिङ्गो ठड्याई त्यसको भोलिपल्ट नववर्षको आरम्भको दिन त्यसलाई ढालेर यो जात्रा बडो धूमधामसँग मनाईन्छ । यो जात्रामा "योसीं कोथलीगु स्वेगु" (लिङ्गो ढाल्ने हेर्ने) भनि भक्तपुर चुप्रीङ्घाटमा ठूलो भीड लाग्दछ । त्यस्तै लिङ्गो ढालिसकेपछि रथ तानेर लगिन्छ । यो जात्रा भक्तपुरको एक प्रमुख जात्रा हो । यस जात्रामा धिमे बाजा बजाएर मानिसहरु जात्रामा रमाउने गर्दछ ।

- **ठिमी जात्रा**

ठिमिमा चैत्र मसान्तदेखि बैशाख २ गतेसम्म तीन दिन ठूलो जात्रा लाग्दछ । यहाँ ३२ वटा देवताको खत जात्रा हुन्छ । जसलाई विस्केट जात्रा, ठिमी बालकुमारी जात्रा, ठिमीको सिन्दुर जात्रा (**चित्र सं. १७**) र ३२ खतका जात्रा पनि भनिन्छ । शोधकर्तालाई रोशन भाषिमाले दिएको जानकारी अनुसार यस जात्राको मुख्य जात्रा वैशाख २ गते बिहान ६ बजेदेखि शुरु हुन्छ । टोलटोलमा जात्रा गर्नलाई राखिएको देवताको खट प्रत्येक टोलवासीहरुले धिमे, नाय्खिं आदि बाजाहरु बजाई जात्रा गरी प्रमुख देवता बालकुमारीको मन्दिर अगाडि ल्याई आ-आफ्नो

निश्चित स्थानमा राखिन्छ । बालकुमारी देखि दिगु टोलस्थित प्रचण्ड भैरवसम्म ३२ खटको जात्रा हुन्छ । त्यहाँ करिव १०० वटा धिमे बाजा बजाएको हुन्छ । यो जात्रामा धिमेको मधुरम स्वरका साथमा जात्रामा आउनेहरु आ-आफ्नो सुरमा बाजा बजाउँदै, गीत गाउँदै र नाच्दै अवीर खेल्दै रमाउँछन् ।

माथी उल्लेखित जात्राहरु ठाउँ विशेषले मनाउने जात्राहरु हुन् । यी जात्राहरुमा स्थानिय धिमे बाजा खलःहरुको उल्लेखनीय उपस्थिति हुन्छन् । यी बाहेक प्राय स्थानहरुमा मनाइने जात्रा तथा चाडपर्वहरुमा गाईजात्रा, नवरात्री, सरसस्वती पुजा, विस्केट आदि पर्दछन् ।

- **गाईजात्रा**

गाईजात्रा भाद्रकृष्ण प्रतिपदाको दिनमा मनाईन्छ । यो जात्रा दिवंगत पितृहरुको सम्झनामा मनाइने हुनाले आफ्नो परिवारको कुनै सदस्यको मृत्यु भएमा त्यस परिवारले गाई वा गाईको प्रतिरुप बनाएको मान्छेलाई पूजा गरेर शहर घुमाउने चलन छ । गाईजात्रा काठमाडौं उपत्यकामा काठमाडौं, भक्तपुर, कीर्तिपुर लगायतका ठाउँहरुमा मनाईन्छ । यो जात्रामा काठमाडौंमा आ-आफ्नो टोलका मानिसहरु गाईको प्रतिरुपका साथमा ठूलो धिमे अर्थात् त्वाः धिमेसँगै भुस्या, घौ र पोंगा बजाई शहर परिक्रमा गर्दछन् ।

- **नवरात्री मेला**

नवरात्री मेला दशैंको जमरा राख्ने दिन अर्थात् आश्विन शुक्लपक्ष प्रतिपदाका दिनदेखि प्रारम्भ भई शुक्ल दशमीसम्म गरी नौ दिनसम्म विभिन्न शक्तिपीठ तथा तीर्थहरुमा गई स्नान गर्ने मेला हो । काठमाडौंमा नवरात्री मेला विभिन्न टोल तथा समूहबाट आयोजना गरी तीन वर्ष मनाईन्छ । यसरी आयोजना गर्दा धिमे बाजा समूह लगायत विभिन्न बाजा समूह बजाउँदै बाजा खलःहरु अघि अघि गर्दै तीर्थालुहरु पछि पछि लाग्ने गर्दछन् । यस नवरात्रीमेलामा नौ दिनमा शंखमुल, शोभाभगवती, गोकर्ण, कालमोचन, टोखा, पशुपति, टेकु दोभान, कंकेश्वरी, गुहेश्वरीमा जाने गरिन्छ ।

- **ससुपूजा (सरस्वती पुजा)**

ससुपूजा होली पूर्णिमाको एक हप्ता अगाडि शुरु हुन्छ । होली खेल्नलाई बसन्तपुरमा

लिगों गाडेपछि ससुपूजाको सुरुवात हुन्छ । ससुपूजा पनि बिहिवारकै दिन पारेर जान्छन् तर अचेल सवैको समय व्यस्तताको कारणले गर्दा शनिवारको दिन मिलाईन्छ । यस दिन सवै कजी छें मा भेला भएर त्यहीँबाट होली खेल्दै, बाजा बजाउँदै गाउँभरिको मन्दिरहरु घुम्दै अन्तिममा कजी छेंमा नै गएर टुंगिन्छ र अन्तिममा सवैले भोज खाइसकेपछि ससुपूजा समाप्त हून्छ ।

- **नासः पुजा**

नासः पूजा नेवारी समाजमा बाजाको खलः, गुठी भएको मानिसहरुबीच सबै ठाउँमा गर्नुपर्ने हुन्छ । नासः पूजा भन्नाले नाट्येश्रको पूजा हो जसलाई संगीतका देवताको रुपमा लिईन्छ । नासःद्योको पूजा बाजा सिक्दा, सिकाउँदा अनिवार्य रुपमा पुजा गर्ने चलन छ भने वर्षको एकचोटि धिमे खलः लगायत हरेक बाजाको खलः तथा गुठीबाट गर्नुपर्ने चलन छ । नासः पुजाको बेला राँगाको वलि दिएर नासःद्योको पूजा गरि पछि त्यसको टाउकोको विभिन्न भाग छुत्याएर सिं खाने चलन पनि चलिआएको देखिन्छ ।

- **धिमे गुरुको मृत्यु**

शोधकर्ताले स्थलगत भ्रमणका क्रममा कीर्तिपुरका स्थानिय वासिन्दा युसन महर्जनबाट प्राप्त जानकारी अनुसार धिमे गुरुको मृत्यु हुँदा उहाँको सम्मानमा धिमे बजाउनु पर्ने प्रचलन छ । यस्तो बेलामा धिमेमा सुमंगल बोल बजाईन्छ । सुमंगल बोल सिक्दा विद्यार्थीहरुले चार दिन भित्र सिक्नुपर्ने हुन्छ नत्रभने सिक्न सक्दैन भन्ने मान्यता रहिआएको छ ।

माथि उल्लेखित चाडपर्व, जात्रा, संस्कारहरुमा विशेष रुपमा धिमे बाजा बजाउँदै धिमे बाजा समूहले उपस्थिति जनाउँदछन् । यी बाहेक स्थानीय जात्राहरु, बोडेको जिब्रो छेड्ने जात्रा, साँखुको बज्रयोगिनी जात्रा, ललितपुरको भीमसेन जात्रा, फर्पिङ्गको हरिशंकर जात्रा, हाडीगाउँको नारायणको जात्रा, टीकाभैरव जात्रा, बाघभैरव जात्रा, नवदूर्गा जात्रा, इन्द्रायणी जात्रा, कुम्भेश्वर जात्रा आदि लगायत अन्य स्थानीय खट जात्राहरुमा समेत धिमे बाजा बजाई धिमे बाजा समूहहरुले जात्रा सफल पारेका हुन्छन् । यस बाहेक जंको(भिमरथारोहण), कयतापुजा (व्रतवन्ध) लगायत विभिन्न पूजाहरुमा, बुद्ध जयन्ती, नेपाल संवत्को नयाँ वर्ष लगायत विभिन्न सामाजिक, साँस्कृतिक तथा धार्मिक कार्यक्रमहरुमा समेत धिमे बाजा समूहको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

# अध्याय : छ

# धिमे बाजा खलःका गीत तथा नाचहरु र धिमे बाजाका ताल तथा बोलहरु

## ६.१ धिमे बाजा खलःका गीत तथा नाचहरु

### ६.१.१ धिमे बाजा खलःका गीतहरु

धिमे बाजा खलःमा कुनै विशेष गीत भनेर गाइँदैन । धिमे बाजाका बोलहरु आँफैमा गीत मानिन्छ । किनभने यसबाट निस्कने बोल नै गीत संगीतमा जस्तै लयवद्ध हुने हुन्छ । यसका बोलीलाई उच्चारण गरेर गीत जस्तै बोलिन्छ । धिमे सिकाउँदा सबैभन्दा पहिले धिमे बाजा समूहका कुनै पनि बाजा छुन नलगाईकन धिमेको बोलहरु लयबद्ध रुपमा सिकाउँछन् र यहि बोलहरु सिक्न आउनेहरुले मुखबाटै उच्चारण गरेर बोल्दछन् । जुन बोलहरु बोल्दाखेरी लयबद्ध हुनु पर्दछ । बाजाका बोल र ताल राम्रैसँग मनका सम्भनका लागि यसरी बोल्न लगाईन्छ । यसरी बोलेका बोलहरु गीत जस्तै सुनिन्छन् । यसरी नेवारहरुले बाजा सिकाउँदा मौखिक परम्परालाई नै अँगालेको देखिन्छ । छोटादेखि लामा लामा ग्वारा तालहरु पनि आजसम्म नेवारहरुले कण्ठ गरेर नै बजाउदै आएका छन् । नेवारहरु आफ्ना सबैजसो धार्मिक तथा साँस्कृतिक कार्यहरुमा बाजाको प्रयोग गर्दै आएका छन् । यसरी गीत जस्तै बोलेर कण्ठ गरी र कुनै पनि जात्रा, संस्कार, कर्मकाण्डहरुमा बजाउँदै आएकाले बाजाका बोलहरु बिर्सिने कमै हुन सक्दछन् । त्यस्तै यी सबै बोलहरुलाई रमाईलोसँग लामो समयसम्म स्मरण गर्नको लागि बाजाका बोलहरुलाई कुनै गीत वा गेयात्मक टुक्रा, गद्यांशका रुपमा पनि सम्भने गरेका छन् । यस्ता गीत तथा गद्यांश कुनै अश्लील किसिमको देखिन्छन् भने कुनै हास्य व्यङ्ग्यले भरिपूर्ण र कुनै सामान्य जनजीवनलाई प्रस्तुत गर्ने किसिमका रहेका देखिन्छन् ।[१] वेग्नरको "द धिमय् बाजा अफ भक्तपुर" नामको पुस्तकमा यस किसिमका बोलहरु समावेश गरिएको छ । उक्त पुस्तकको गु:१५मा समावेश गरिएको बोल यस प्रकार छ ।

[१] सुभाषराम प्रजापति, **संस्कृतिभित्र....**,(अमेरिका : नेवा इनकर्पोरेट, विं. सं. २०५३), पृ. २१ ।

धं चा पें चा मले बता ना यः पें चा ल क धें  धें

धें जक धें क च्वं धयां मैं चा नय् जक मरुसां सुकुमुकु चिं

ङापु ता सि नं स्व फ्वं स्वां  सा प फ स्व धें  धें

धें धें मैं चा फु सा व मां या नाति खुति खं  खुता ताक[२]

धिमे बाजा समूह आफैंमा एउटा संगीतको रुपमा लिइन्छ । कुनै पनि जात्रा, संस्कार तथा पर्वहरुमा धिमे बाजा समूह मात्रै बजेको देखिन्छ । यसमा कुनै विशेष गीत तथा नाच भन्ने देखिन्दैन । यससँग सम्वन्धित नाचहरु देखिन्छन् तर गीत तथा धुनहरु भने देखिदैन । तर पनि धिमे बाजाको बोलमा बज्ने मुख्य गीत तथा धुनमा **"वछु गल्ली ध्व छु गल्ली"** भन्ने गीत प्रख्यात रहेको छ । जुन धिमे नाचमा पनि धिमे बाजासँग बजेको देखिन्छ । यसका साथसाथै अरु विभिन्न नेवारी गीत तथा धुनहरु धिमे बाजा बजाउँदा गाउने बजाउने गरेका छन् ।

## ६.१.२ धिमे बाजा खलःका नाचहरु

### ६.१.२.१ धिमे नाच

धिमे बाजा बजाउन जान्ने जो कोहीले पनि धिमे वाजामा नाच्न जान्दछन् जसलाई धिमे नाच भनिन्छ । धिमे नाचको लागि तालिमै लिनु पर्ने जरुरत भने पर्दैन । तर यो एउटा फरक किसिमको नाच हो यस नाचमा नेवारी परम्पराको मौलिकता पाईन्छ । धिमेका गुरुहरुले हात तथा शरीरको हाउभाउलाई एकपल्ट वताई दिए पुग्दछ । कुनै पनि चाडपर्वहरुमा धिमे नाच धिमेवाजाको अगाडि नाच्दै आउँछन भने कुनै उत्सवहरुमा वा पर्यटकहरुलाई नेवारी संस्कृतिको नाच देखाउनु पऱ्यो भने पनि धिमे नाच नाचिन्छ । धिमे बाजासंग धिमे नाच पनि नाच्नु नै पर्दछ भन्ने आवश्यकता चाँहि छैन । यदि ईच्छा लाग्छ भने नाच्न पनि सकिन्छ । धिमे बाजा चंचल प्रकृतिको बाजा हो । यस कारण यो बाजा सिक्नेहरुमा प्रायः जसो युवाहरु  नै हुन्छन् । हिजोआज यस नाचमा अलिअलि विकृति पनि भित्रिन थालेको छ । युवापिढीहरुले हाल पश्चिमेली नाचलाई यो बाजाको तालसगँ नाच्न थालेका छन् जसले गर्दा यस नाचको मौलिकता बिस्तारै हराउन थालेका छ ।

---

[२] Gert Matthias Wegner, **The Dhimaybaja of Bhaktapur**, (Stuttgart : Franz Steiner , 1986), p.123.

### ६.१.२.२ मातनेगु

मातनेगु भन्नाले धिमे सिकाएर सम्पन्न गर्दा गरिने विधि हो । यो धिमे बाजासँग घुमाइने धुन्या बाजासँग सम्वन्धित छ । मातनेगु विधि अर्थात् संस्कारलाई धिमे नाच, खेल आदि भन्न सक्दछौ । किनभने यो धिमेको तालसँग गरिन्छ र यसमा विभिन्न तरिकाका खेलहरु जस्तैगरि देखाईन्छ । यो १२ वर्षको एकचोटि वा धिमे सिकाउँदा मात्र सिकाईन्छ र धिमे सिकाउन सकिएपछि यो कार्यक्रम गरि सकाईन्छ ।

### ६.१.२.३ पुलुकिसि नाच

पुलुकिसि नाच इन्द्रजात्रा अर्थात् कुमारी जात्रामा नचाइने नाच हो । यो काठमाडौंको किलागल टोलबाट निकालिन्छ । नेपालभाषामा किसि भनेको हात्ती हो त्यसकारण हात्ती नचाउने नाच भन्ने बुझिन्छ । यस नाचमा हात्तीको जस्तो आकारमा मुकुटमा हात्तीको जस्तो शरिर बनाई भित्र मान्छे बसि नचाउने गरिन्छ । यस नाचको धिमेको तालमा भुस्या र ताइनाई बजाइ नचाइन्छ ।

### ६.१.२.४ लाखे नाच

धिमे नाच जस्तै लाखे नाच पनि धिमे बाजा बजाउन जान्ने जो कोहीले पनि नाच्न जान्दछन् । लाखे नाच प्रायः जसो सबैले देखे सुनेकै हुन्छन् । यस अर्थमा यो एउटा प्रख्यात नाच हो भन्न सकिन्छ । यो लाखे नाच नाच्नको लागि मुकुण्डो लगाउनु पर्दछ र मुकुण्डोसँग आवश्यक लामो कपाल र लुगाहरु पनि त्यस्तै किसिमको लगाउनु पर्दछ । लाखे नाच धिमे बाजामा मात्र नाचिँदैन अरु सबै किसिमका बाजाहरुमा पनि नाच्ने गरिन्छ । तर बाजा अनुसार नाच्ने तरिका र शैली फरक फरक हुन्छ । धिमे बाजा एकदमै जोसिलो खालको आवाज दिने बाजा भएको कारणले धिमेसंग नाचिने नाच जोशिलै खालको हुन्छ । सिद्धिपुरमा भएका सवै बाजा खलःहरुले हरेक वर्षको गुलाँ १ महिना भित्र लाखे नाच देखाउनु पर्ने अनिवार्य छ । आफनो कजीं छें बाट निकालेर गाउँ भरि नै घुमाईन्छ । लाखे नाच्ने व्यक्तिले जहाँ पायो त्यही आरामको लागि बस्नु हुँदैन । शोधकर्तालाई रामचन्द्र महर्जनले दिएको जानकारी अनुसार यदि लाखेले आराम गर्न चाहयो भने उसले आफ्नो आफन्तको सहयोगमा दहि सगुन ग्रहण गरेपछि मात्र आराम गर्ने मौका पाउँछ । यसरी लाखे नाच दिउँसोदेखि शुरु भएर लाँखेलाई भित्र्याउँदा

बिहानको २,३ पनि बज्न सक्दछ । लाखे नाचको आफ्नै धार्मिक तथा सांस्कृतिक मान्यताहरु रहेका छन् ।

## ६.२ धिमे बाजाका ताल तथा बोलहरु

धिमे बाजा समूहका बाजाहरुमा धिमे बाजा बाहेक अरु बाजाहरुको विशेष प्रकारका आफ्ना बोल तथा तालहरु हुँदैनन् । ती बाजाहरुका बोलमा आफ्नैपन भएपनि धिमे कै बोल तथा तालहरु पछ्याउँदै बजाईन्छ । धिमे बाजाको बोल र तालहरुमा ठाउँ अनुसार फरक फरक देखिन्छन् ।

### ६.२.१ धिमे बाजाबाट निस्कने बोलहरु

- धिमेको दायाँ तर्फबाट निस्कने बोलहरु : ना, ता, ला, नां, तां, न, र, क आदि ।
- धिमेको बायाँ तर्फबाट निस्कने बोलहरु : खो, घु, धे, खे, ख आदि ।
- दुबैबाट निस्कने बोल : ध्याँ

धिमे बाजाका बोलहरु ठाउँ अनुसार फरक फरक देखिन्छन् । माथि उल्लेखित बोलहरु काठमाडौंमा भएका सानो धिमेबाट निस्कने बोलहरुका हुन् । यी बोलहरु प्राय ठाउँका बोलहरुसँग केहि मात्रामा मिल्दछन् ।

### ६.२.२ धिमे बाजामा बोल उत्पन्न गर्ने संकेत

- **ना,ता र ला :** दायाँपट्टि लट्ठीले हान्दा आउने वा निस्कने एकै प्रकारको स्वर हो । यस कारण यी तीनवटा अक्षरहरु लाई एउटै मान्न सकिन्छ । लयमा बोल्न तथा मिसाएर बोल्दाखेरी सजिलो तथा कम मिल्ने भएकाले विभिन्न नाम लिइएको हुन्छ ।
- **खो :** बायाँ हातको पाँचै औला खोलेर बाजाको छालामा हानेपछि तुरुन्तै ननिकालिकन बाजामा नै टाँसेर राखी छोडदा खोको आवाज निस्कन्छ ।
- **धुं ,घुं ,घु ,घुन् :** बायाँ हातको वुढि औला बाहेक चारऔला वा पाँचै औला बन्द गरेर बाजाको बायाँ छालामा हानेर तुरुन्त झिक्दा निस्कने स्वर हो ।

- **ध्यां :** दायाँ वा बायाँ हातले एकै साथ हानेर तुरुन्त हात निकाल्ने र लट्ठी नझिकिकन बाजामा नै टाँसेर राखी छोड्दा निस्कने स्वर हो । अर्थात् यसलाई ना र धुं एकै साथ बजाउँदा निस्कने स्वरको रुपमा लिन सकिन्छ ।

## ६.२.३ धिमे बाजाका तालहरु

धिमेका ताल तथा बोलहरुमा एकरुपता देखिंदैन । शोधकर्तालाई धर्म रत्न महर्जनले दिएको जानकारी अनुसार त्वाः धिमेमा खासै तालहरु छैन तर यसका बोलहरु विशेष प्रकारका हुन्छन् । युसन र रामचन्द्र महर्जनका अनुसार धिमे बाजामा धेरै तालहरु रहेको हुन्छ । विभिन्न विद्वानहरुले शोधकर्तालाई दिएको जानकारी अनुसार धिमे बाजाका तालहरु निम्न रहेका छन् ।

१) चो ताल, २) जति ताल,

३) प्रताल, ४) ग्रहताल,

५) अस्टर गोला(अस्त्रा) ताल, ६) एक ताल आदि ।

## ६.२.४ धिमे बाजाका बोलहरु

तालहरु प्रायः एउटै भएतापनि बोलहरुमा भने धेरै भिन्नताहरु रहेको पाईन्छ । काठमाडौं, भक्तपुर र ललितपुरका धिमे बोलहरुमा धेरै नै भिन्नताहरु देखिन्छ । विशेषगरी काठमाडौंका बोलहरु ललितपुर र भक्तपुरभन्दा धेरै भिन्नता देखिन्छ । शोधकर्ताले मच्छे नारायण महर्जनसँग लिएको जानकारी अनुसार काठमाडौंका सानो धिमेसँग अन्तका धिमेका बोलहरुमा केहि समानता देखिएता पनि त्वाः धिमे अर्थात् ठूलो धिमेका बोलहरुमा भने भिन्नता देखिन्छ । काठमाडौंमा पनि कीर्तिपुर, बलम्बु, थानकोट, धर्मस्थली, टोखा, मनमैजु आदि ठाउँमा ठूलो र सानो धिमे भनेर हुँदैन । त्यहाँ पनि एउटै प्रकारको धिमे मात्र देखिन्छ । का.म.न.पा. भित्रपनि थने, कोने र दथु (बीच)मा मात्र ठूलो र सानो धिमे बाजा भनेर छुट्याएको देखिन्छ । ठूलो धिमे हालसम्म पनि अरु टोलका व्यक्तिहरुलाई सिकाइँदैन । आफ्नै टोलका खलःहरुलाई मात्र सिकाईन्छ । सिकाइएका व्यक्तिहरुबाट पनि आफ्नो खलः बाहेकका व्यक्तिहरुलाई नसिकाउन निर्देशन गरिन्छ ।

#### ६.२.४.१ त्वाः धिमेका बोलहरु

त्वाः धिमेका तालहरु प्रायः टोलहरुमा सामान्यतया चो ताल, प्रताल, जति आदि तालहरुका बोलहरु हुन्छन् । धेरै जसो बोलहरु चो ताल मै हुन्छन् । यसका बोलहरु सबैभन्दा पहिला द्यो ल्हायगु अर्थात् देवतालाई सम्भिmने बोल बजाउनुपर्ने हुन्छ । द्यो ल्हायगु बोलहरु पनि विभिन्न प्रकारका हुन्छन । काठमाडौंको जमःमि त्वा अन्तर्गत त्वाः द्यो ल्हायगु, स्वपो द्यो ल्हायगु, न्हयपो द्यो ल्हायगु गरी तीनवटा द्यो ल्हायगु बोलहरु रहेका छन् । धिमे बजाउन सुरु गर्दा र बाटो बीच बीचमा कुनै मठ-मन्दिर आएमा बजाइरहेको बोललाई काटेर रोकिन्छ र फेरी बजाउन सुरु गर्दा त्वाः द्यो ल्हायगु बजाईन्छ । अर्को बोलहरुमा तँ क्वावनेगु पो (तल झर्ने बोल), तँ ठहाँवनेगु (माथि चढ्ने बोल), लँ पो (बाटोमा जाँदा बजाउने बोल ), धुन्या पो (धुन्या घुमाउन बजाउने बोल), तँ पो (माथि जाँदा बजाउने बोल, द्यो हुली पो (देवता घुम्दाँ वजाउने बोल ), माँ पो (माँ तने गर्दा बजाउने बोल), पुजा पो (पुजा गर्दा बजाउने बोल ), मर पो ( मरजा खुवाउँदा बजाउने बोल), सुमंगल (मंगल कार्यगर्दा बजाउने बोल ), सा पो (गाईजात्राको बेला बजाउने बोल) आदि हुन् । जमः त्वाबाट लिइएका केहि बोलहरु यस प्रकार रहेका छन् ।

- **त्वाः द्यो ल्हायगु** :

    ((गलछकु ता० गलछकु ता० ) गलछकु ता ताले )२

    गलछकु ताघु नां० ताघु नाघु ता ता ताघु

    नां घु नांदले घुंनाले गलछकु ता घुं नां

    नाघुं नाघुं ता ता ताघुं नाघु नांदले घुं० घुना

- **लँ पो - ताल : चो**

    (घुं घुं नाख घुं नाख घुं नां दले घुं घुं ना खो ता खो तं नाले)२

    गलछकु ना खो ना खो तं नाले (गलछकु घुं नाले )३ घुं० नाँ दले )२

- **त्वाल्हायगु :**

    त घुं नां दले ख घुं नां दले   घुं नाले ख तं खतं नखो ताखो तले घुं ना

- **मर पो :**

गलछकु ताघु ता० लाघु दल्ले० घुता०

खिताघुं दल्ले०घुंता० घुना०धुताखो०नाखो०घुं

- **त्वा ल्हायगु**

दं तं ताघुं०नादंले खघु नां दले घुघु (घु दले घुंदले)२

खं० तं ० घुं००

**६.२.४.२ यलेप्वः धिमेका बोलहरु**

धिमे बाजा समूहमा धिमे बाजा प्रधान बाजा हुने भएकाले धिमे बाजाको बोलको लय अनुसार नै अरु बाजाहरु बजाईन्छ । धिमे बाजाका बोलहरुमा समानता पाईदैन । तालहरु एउटै भएपनि त्यसमा बजाईने बोलहरुमा भिन्नता पाईन्छ । तर धिमे बजाउने तरिका भने उस्तै उस्तै हुन्छ । धिमे बजाउँदा जहाँपनि सुरुमा द्योल्हायगु (देउतालाई सम्झिने बोल) बोल बजाईन्छ । काठमाडौंका भित्री शहरहरुमा सानो धिमेका बोलहरुमा भने समानता देखिन्छ । जुन बोलहरु प्राय ठाउँका धिमेका बोलहरुसँग मिल्दाजुल्दा पनि सुनिन्छन् । धिमेका नयाँ बोलहरु जुन आ-आफै रचना गरेर बजाउदछन् । ती बोलहरु बाहेक अरु धेरै बोलहरुमा समानता नै देखिन्छ । यलेप्वः धिमे अर्थात सानो धिमेमा बजाइने केहि बोलहरु जुन प्राय सबै टोल, खलःहरुमा समान देखिन्छ ।

- **द्यो ल्हायागु (देवतालाई चढाउने बोल)**

| **१** | | **२** | | **३** | | **४** | |
|---|---|---|---|---|---|---|---|
| (घुं | ना | ता | घु | घु | ना | ता | ता |
| ताता | खोता | ताखो | ताले | खोता | ताखो | ता | घुं)२ |
| घुना | खोता | ताखो | ताले | खोता | ताखो | तां | ताखो |
| ता | घुं | ताघु | नाले | खोता | घुं | ताघुं | नाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घुं | नाले | खो | ता | ताता | खोता | ताखो | ताले |
| घुं | ना | | | | | | |

माथि उल्लेखित द्यो ल्हायागु बोल मुख्य द्यो ल्हायगु बोल हो । यसै बोलका विभिन्न प्रकारहरु बनाई अरु द्यो ल्हायगु बोलहरु पनि बजाईन्छ। सानो धिमेका बोलहरुलाई चल्ती र गौ भनि मुख्य दुई तरिकाबाट बजाईन्छ । द्यो ल्हायगुपछि अरु बोल बजाउनु पर्‍यो भने सबैभन्दा पहिले चल्तीको न्ह्या बोल बजाईन्छ । न्ह्या जतिचोटी बजाउँदा पनि हुन्छ । चल्ती बोल बजाउन पुगेपछि इसारा गरी गौ लिईन्छ र अर्को चल्ती बोल बजाईन्छ । गौ लिंदा दुई पटक मात्र बजाईन्छ र अर्को बोल बजाईन्छ । यैँ अर्थात् काठमाडौंमा प्रचलित केहि धिमेका बोलहरु यस प्रकार छन् ।

- **चल्ती १ को न्ह्या**

| १ | | २ | | ३ | | ४ | |
|---|---|---|---|---|---|---|---|
| {ता- | खोता | ध्यां | ध्यां | ताता | खोता | ध्यां | ध्यां}ऽ |

यो बोल जति चोटि बजाउँदा पनि हुने बोल हो । यो बोल बजाउन पुगेपछि गौ लिईन्छ जुन यस प्रकार छ ।

- **चल्ती १ को गौ**

| १ | | २ | | ३ | | ४ | |
|---|---|---|---|---|---|---|---|
| {ता | ध्यां | ना | ध्यां | खो | | ता | ताखो |
| ता | ध्यां | ना | ध्यां | ना | ध्यां | नाता | खोता |
| ध्यां | घुना | ताघु | घुना | ताखोता | | ताखोता | |
| (खो | ताता | खोता | खोता | ताघु | नाता | खोता | खोता)२ |
| ताखोता | | ताखोता | | ताखोता | | घुना | खोता |
| ध्याँ | घुं | - | ता}२ | | | | |

यसरी गौ दुई चोटि लिइसकेपछि अर्को बोल बजाईन्छ । जसलाई चल्ती २ भनिन्छ । जसमा यसप्रकार बोलहरु लिईन्छ । चल्तीलाई न्यहा, न्ह्या पनि भन्ने चलन छ । जसलाई धेरै बेर सम्म बजाउन सकिन्छ । यसमा ऽ भन्नाले धेरै चोटि बजाउन मिल्ने बुझिन्छ ।

- **चल्ती २ न्ह्या**

| १ | | २ | | ३ | | ४ | |
|---|---|---|---|---|---|---|---|
| {ता | घु | घुना | खोता | ध्यां | घुं | - | ता |
| ता | खोता | घुना | खोता | ध्यां | घु | - | ता }ऽ |

- **गौ**

| १ | | २ | | ३ | | ४ | |
|---|---|---|---|---|---|---|---|
| {ता | खोता | घुना | खोता | खो | - | ताघु | ध्याँ |
| ता | खोता | घुना | खोता | घुना | खोता | घु | ना |
| ता | खोता | घुना | खोता | घुना | खोता | घु | ना |
| घुना | खोता | घु | ना | घुना | खोता | घु | ना |
| घु | नाता | खोता | ताखो | ता | ताता | खोता | ताखो |
| ताघु | नाता | खोता | ता | खोता | ताघु | नाता | खोता }२ |
| ध्याँ | घु | - | ता | खो | | ताघु | ध्याँ |

- **चल्ती ३ न्ह्या**

| १ | | | २ | | | ३ | | ४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| {ध्याँ | - | ध्याँ | - | ध्याँ | - | ध्याँ | नाता | खोता | ताखो }ऽ |

- **गौ**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | २ | | ३ | | ४ | |
| {ध्याँ | ता | खो | ता | खो | - | ताघु | ध्याँ |
| ध्याँ | ता | खो | ता | ताघु | ध्याँ | ताघु | ध्याँ |
| ताघु | ध्याँ | नाता | खोता | ध्याँ | ता | - | ताघु |
| ध्याँ- | नाता | खोता | ताखो | ध्याँ- | नाता | खोता | ताखो |
| ध्याँ | ता | खो | ता | खो | ता | घुना | खोता |
| ध्याँ | घु | - | ता | खो | - | ताघु | ध्याँ}२ |
| १ | | २ | | ३ | | ४ | |
| घुना | घुना | घुना | ता | खो | - | ताकु | ध्याँ |
| {घुना | घुना | घुना | ता | खोता | खोता | खोता | ता}२ |
| ता | | ध्याँ | | ना | | ध्याँ | |
| ना | | ध्याँ | | ना | ता | खो | ता |
| ता | ध्याँ | - | ध्याँ | ना | ता | खो | ता |
| ध्या | न्ता | - | ताघु | ध्याँ | ताखो | ता | ता |
| {खो | ताखो | ता | ता}S | | | | |

- **चल्ती ४ न्ह्या**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | २ | | ३ | | ४ | |
| {खो | ताखो | ता | ता | खोता | ताखो | ता | ता |
| खोता | ताखो | ता | घु | घु | ना | ता | ता}S |

- **गौ**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१** | | **२** | | **३** | | **४** | |
| घुना | ताखो | ता | - | खो | - | ताघु | ध्याँ |
| (घुना | ताखो | ता | ताखो | ता | ताखो | ताघु | ध्याँ)**३** |
| घुना | ताखो | ताघु | ध्याँ | घुना | ताखो | ताघु | ध्याँ |
| घुना | खोता | खोता | खोता | खोता | ताखो | नाता | खोता |
| ध्याँ | - | - | ता | खो | - | ताघु | ध्याँ |

- **त्वाल्ह्यागु (काट्ने बोल)**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१** | | **२** | | **३** | | **४** | |
| ता | घु | ताघु | नाले | खोता | घु | ताघु | नाले |
| घु | नाले | खो | ता | ताता | खोता | ताखो | ताले |
| घु | ना | | | | | | |

माथि उल्लेखित बोलहरु काठमाडौं नगरमा प्रचलित सानो धिमेका बोलहरु हुन् । यी बोलहरुका ताल र लयमा धिमे नाच पनि गरिन्छ । ललितपुर र भक्तपुरमा केहि बोलहरु मिल्दोजुल्दो भएपनि बजाउने तरिका देखि बोलहरुमा पनि फरक देखिन्छ ।

### ६.२.४.३ विभिन्न तालका धिमेका बोलहरु

शोधकर्ताले स्थलगत भ्रमणको क्रममा रामचन्द्र महर्जनसँग लिएको जानकारी अनुसार ललितपुर जिल्लाको सिद्धिपुरमा चालँ सिँ धिमे खलः र धरती धिमे खलः गरी दुईवटा धिमे बाजा खलःहरु रहेका छन् । यहाँ द्योल्हायगु बोल पछि न्यगरा(जाँदाको बोल) तालको छातह(स्थाई) बजाईन्छ । त्यसपछि पछि तँ(अन्तरा) लाई दुईचोटी बजाईन्छ । तँ सकाई छातह बजाईन्छ हरेक तँ पछि छातह एकचोटि बजाईन्छ । एउटै तालमा पनि छातह र तँ धेरैवटा हुन्छन् । यसरी

विभिन्न तालहरुमा छातह र तँ बजाईसकेपछि लिघरा बजाईन्छ । यहाँ दिइएका ताल तथा बोलहरु चालँ सिँ धिमे खलःमा बजाईने बोलहरु हुन् ।

- **सबभन्दा पहिला बजाइने द्योल्हायगु बोल (देउतालाई सम्झिने बोल)**

ना ना खति , ना ना खति , ना ना खति , नान्न तले , नारिमना, खति ताकु घे घे नाघे , नाघे ना , रिता खति खतिना, ता ता खति खतिना , घेनिना खतिना , घेना खता नखले घे ॥
धिन्ना खति ताकु घेना , नान्नतले ताखता खतिताकु घेना , नान्नतले घेन्ना खतिना , ताखति खतिना ख्रराँ , तिन्तां ग्रराँ तिनिताकु , धाँति ताकु धाँ , ख्रराँ धाँ धाँ धे ना ना ख्रराँ खताकु धाँ ॥
च्वान थकु , च्वान थकु , च्वाँ च्वाँ थुचाँ , धुन्ना धुचाघरि , च्वाँ थुचाघरि च्वान थकु , च्वान थकु च्वाँ च्वाँ थुचाँ , धुन्ना धुचाघरि , च्वाँ थुचाघरि घेना घेना घेना घेना , घेना च्वाघे निघेचाँ , च्वाघेमचा , घेना घेना घेना च्वाघे निघेचाँ घेनिना खताकु घेनिना खताकु घे घे च्वाघे च्वाखुचाँ घे घे च्वाँ ॥
खरिता खतिना नारिमना खतिना नांखति ताकु घेना , ना ना नाखति ताकु घेना , द्वि दिता खतिना नारिमना खतिना नांखति ताकु घेना , ना ना नांखति ताकु घेना , घेनिता खतिना नारिमना खतिना नां खतिनाकु घेना , ना ना नांखति ताकु घेना , खरिता खतिना नारिमना खतिना , द्वि दिता खतिना नारिमना खतिना घेनिता खतिना नारिमना खतिना घेनिना खतिना घेना खत नख तले घे ॥

- **जाँदा बजाइने बोलहरु (न्ह्येगरा)**

घुँऽ घुन्ना घुन्ना ताकु । घुँऽ घुन्ना घुन्ना ताकु । घुँ घुन्ना ताघु नऽतर घुऽर्नर खोता घुऽर्नर खोता घुन्ना ताघुं नऽतले खर रगु तँऽतले तँऽखुता नखु तले खर रगु तऽतले , घुँ घुन्ना घुन्ना ताकु , घुँ घुन्ना घुन्ना ताकु , घुँ घुन्ना ताघु नन्तर घुर्नर खोता घुर्नर खोता घुन्ना ताघुं नन्तले खररगु तँन्तले तँखुता नखुतले खररगु तन्तले
घुँ घुन्ना घुन्ना ताकु , घुँ घुन्ना घुन्ना ताकु , घुँ घुन्ना ताघु नन्तर घुर्नर खोता घुर्नर खोता घुन्ना ताघुं नन्तले खो खो ताघु, घुर्नर घुन्ना , खो खो ताघु ताघुर्नर घुन्ना, घुर्नर घुन्ना, ताघुर्नर घुन्ना , तघु नन्तले खुता घुँ नन्तले घुर्नर खोता तंखुता नखुता घुं ॥

- <u>चो ताल</u>

**छ्यातह(स्थाइ)**

तले घेना नखो तले । घेता ताघे नान् तले । घेरि नाऽ तंऽ तले । तंऽ तले घेंऽ घेंऽ । ताघे नांऽतले खऽताकु घेना । ताकुघेंऽ नान्तले खऽताकु घेना । ताघे नांन्तले खऽताकु घेना । ताकुघेऽ नान्तले तले घेना । नखो तले घेता ताघे । नान्तले घेरिना तंन्तले तंन्तले । घें घें ।

**तँ (अन्तरा) १**

घेङ्ग घेनि निख तिनि तिँ, खताकु, घेङ्ग घेनि निख तिनि तँ खोता ताकु गुना घेङ्ग घेनि निख तिनि तँ खोता ताकु गुना, घेङ्ग घेनि निख तिनि, घेङ्ग घेनि निख तिनि, ता घेर्नर घिनर ख, नानर्गि ता घेनर घिनर घेनर घेनां, ख घेनर घिनर घेनर घेनां, ता घेनर घिनर, ख घेनर घिनर, घेनरघि नाघे नांन्त घिन घिन नाँ खोता ताकु गुना, नाँ खोता ताकु गुना, नाँ खोता ताकु गुना

**<u>छ्यातह</u> , <u>तँ २</u>**

तिनि खति निख तिनि तिँ , खताकु तिनि खति निखतिनि , तिनि खति ताकु घाँ तिनि खति निखतिनि , तिनि खति ताकु घाँ , तिनि खति ताकु घाँ , तिनि खति ताकु घाँ, धाँन्तले खति खता ख , नार्नगि धाँन्तले खति खता, खतिना रिता खता, नान्तले खति खता घेनिना , ताकु धाँन्तले खति खता खतिना रिता खता नान्तले खति खता घेनिना , ताकु धाँन्तले खतिखता , नान्तले खतिखता , नान्तले खतिखता,ना ना ना ना ना ना ना , खता घेनर घिनर घेनर घि तिँर्नग ना ना ना ना ना ना ना रिता घेनर घिनर घेनर घि , तिँर्नग ना ना ना ना ना ना ना ताघेनाँ खघेनाँ घेनरघि नाघे नांन्त घिना घिना , नाँ खोता ताकु गुना , नाँ खोता ताकु गुना , नाँ खोता ताकु गुना

- **जति ताल**

**<u>छ्यातह</u>**

तलेता घेनिता, खररग‍ु तिर्नग धाँ तिँ धाँ धाँ ,घेना ताखु तले घे,ताखु तले खति ताकु, घेर्नर घेनर्ग घे ,तिनि खति तिन्ताँ खररगु ताखु तले खति ताकु घेर्नर घेनर्ग घे तिनि खति तन्तले खररगु तलेता घेनिता खररगु तिनर्ग धाँ ति धाँ धाँ, घेना ताखु तले घे

**तँ १**

ना तिनि ताकु घे घे, ना तिनि ताकु घे घे, ना ताकु, घे घे नाताकु, घे घे नाताकु घेता ताघेना, घेता ताघेना घे तिनि खति नां नां रिता खता घेनिना ताखता घेनिना ख, ता ता ताखति ता, खररगु द्रि खति द्रि खररगु घेखति घेना तले,ताखति धाँ, खररगु ता रिता खता, खति निता, खति निता, खति, खतिनिता खतिनिता घेनिना, द्रि द्रिता खता, खति निता, खति निता ,खता खति निता, खति निता घेनिना तारिता खता खति निता घेनिना द्रि द्रिता खता खति निता घेनिना

**छ्यातह ,तँ २**

तिनि खति निख, तिनि खति निख, निख तिँ, खताकु तिनि निख निख ,तिनि खति निख, तिनि तिनि खति निख, तिनि खति ताकु धाँ, तिनि निख निख , तिनि खति निख, तिनि तिनि खति निख, तिनि खति ताकु धाँ, तिनि खति निख, तिनि खति ताकु धाँ, तिनि खति निख, तिनि खति ताकु धाँ,

- **अस्टर गोला**

**छ्यातह**

तिकु घे तिंन्ना खति ताघे नाघे, रिति खता घेर्नर घेना ताघे निता घेनिना तिँ खति नान्न ताकु घे,ना खताकु नाग दिग ना खताकु नाग दुन खति ताकु घे घे नान्ताकु घे घे नाघे, रिति खता खन्न घेना खति धाँ, तिनि ताकु धाँ नान्तले ख्ता घेनिता खता, खति निता घेनिना, न्निघिना रिता घेनिना ,खता खति निता घेनिना न्निघिना ताकु घे तिँना खति ता घे नाघे रिति खता घेनर घेना ता घे निता घेनिना, घ्रिरेन्त घेनिना न्निघिना तिँ, न्निघिना तिँ खताकु, ताकु रिता खतिना

न्निघिना तिँ खताकु, घे घे नान्ताकु घे घे नाघे, रिति खता खन्न घेना खति धाँ तिनि ताकु धाँ नान्तले ख्ता घेनिता खता खति निता घेनिना, न्निघिना रिता घेनिना, खता खति निता घेनिना, न्निघिना ताकुघे तिना खति ताघे नाघे रिति खता घेर्नर घेना ताघे निता घेनिना,

**तँ १**

तिँ तिँ तिँ तिँ नांखति ताकु घे, रिति खता ताकु घे, रिति खता घेर्नर घेना ताघे निता घेनिना, तिँ तिँ तिँ तिँ नांखति ताकु घे, रिति खता ताकु घे,रिति खता घेर्नर घेना ताघे निता घेनिना, तिँ तिँ तिँ तिँ नांखति ताकु घे, रिति खता ताकु घे, रिति खता घेर्नर घेना ताघे निता घेनिना, घ्रिरेन्त घेनिना न्निघिना तिँ, न्निघिना तिँ खताकु, ताकु रिता खतिना न्निघिना तिँ खताकु घे घे नान्ताकु , घे घे नाघे, रिति खता खन्न घेना खति धाँ तिनि ताकु धाँ नान्तले खता घेनिता खता ,खति निता घेनिना, न्निघिना रिता घेनिना, खता खतिनिता घेनिना, न्निघिना ताकु घे तिन्ना खति ताघे नाघे रिति खता घेर्नर घेना ताघे निता घेनिना घ्रिरेन्त घेनिना

**तँ २**

धाँ नर्गि, ना नर्गि, ना नर्गि, ना नर्गि, धाँ नर्गि, ना नर्गि, ना नर्गि, ना नर्गि, धाँ नर्गि, ना नर्गि, ना नर्गि, ना नर्गि, घेर्नर घेना खति खता, घेर्नर घेना खति खता घेर्नर घेना खति खता, खति निता घेनिना न्निघिना रिता घेनिता खता खति निता घेनिना न्निघिना ताकु घे तिन्ना खति ताघे नाघे रिति खता घेर्नर घेना तिघे निता घेनिना तिँ खति नान्ताकु घे ॥

- **एकताल**

**छ्यतह**

तिँ घे रिता ख धाँ धलि ना ना, तिनि घे घे, ता ता घे तिनि, तिनि खति ताकु घे घेर्नर घेता ताघे तिनि ना खति ताकु, घे घेर्नर घेता ताघे ति्नि तिनि खति ताकु घे घेर्नर घेता ताघे तिनि नां खति ताकु घे घेर्नर तिँ घे रिता ख धाँ धलि ना ना तिनि घे नां खताकु

**तँ १**

घे घेर्नर घेना ख, नानर्गि  घे घेर्नर घेना, ता घेर्नर घेना,घेर्नर घेर्नर ख, ताख तिनि ताख ताकु घेतु घे ताख तिँ, नर्ग घे घेर्नर घेना ख, नानर्गि घे घेर्नर घेना ता घेर्नर घेना, घेर्नर ख ताख तिनि ताख ताकु घेतु घे ताख तिँ, नर्ग ताख तिनि खति खता ख नानर्गि ताख तिनि  खति खता खखतिनि खति खता, घेनि ताघे नाग दिनि घेनि ताघे नाग दिनि, धाग दिनि, ताग दिनि ,ताग दिनि थ्वाङ्ग, ,नर्ग नाति मुनि ताकु घे तिंघे नाघे नाग दिनि, धाग दिनि, ताग दिनि, ताग दिनि थ्वाङ्ग नर्ग नाति मुनि ताकु घे, तिघे नाघे नाग दिनि, धाग दिनि, ताग दिनि, ताग दिनि थ्वाङ्ग नर्ग नाति मुनि ताकु घे, नाति मुनि ताकु घे तिँ घे रिता खता ख धा धलि ना ना

**छ्यातह**  ,**तँ २**

तँ तँ खर नखतले ख, नार्नगि तँ तँ खर नखतले धाँति धाँ धाँ, ताकु रितँ खर नख तले धाँ, नानर्गि तँ तँ खर नखतले ख, नानर्गि तँ तँ खर नखतले धाँति धाँ धाँ ताकु रित खर नखतले धाँ, नानर्गि तिनि ना खतिना ख नानर्गि घे तिना खतिना ख नानर्गि तिनिना खताङ्ग घेतिना खताङ्ग, घेना ख धाँ धलि ना ना,

- **ग्रहताल**

**छ्यातह**

तिँघेना तिँघे नाखति धाँ धाँ, तिन्ताले ताति खता घे घे घेना, घेना खति घे नान्त घेतुना तिँ रितँ, नर्ग तिनि तिनि ताख, तिनि तिनि ताख घे तिँ रितँ, नर्ग घे घे ताख, घे घे ताख घे, घेखति घेना, ताकु घेना खति घे नान्त घेतुना, ताखति ताकु दिनि, ताखति ताकु दिनि, ताखति ताकु दिनि,  ताकु दिनि , ताखति ताकु दिनि, ताखति ताकु दिनि, ताखति ताकु दिनि,  ताकु दिनि

**तँ १**

ता ता खता खतिना खताकु, ता ता खता खतिना, घेना खता खतिना ता ता खता खतिना खताकु  घेना खता ,घेना  घेना खता घे घे

**छ्रातह ,तँ २**

तिति नर्ग धाँ धाँ, तिति नर्ग धाँ धाँ, तिति नर्ग धाँ धाँ, नाधाँ तिति नर्ग धाँ धाँ, तिति नर्ग धाँ धाँ, तिति नर्ग धाँ धाँ नाधाँ, घेतुना तिँ रितँ नर्ग तिनि तिनि ताख, तिनि तिनि ताख घे तिँ रितँ, नर्ग घे घे ताख ,घे घे ताख घे, घेखति घेना, ताकु घेना खति घे नान्त घेतुना, ताखति ताकु दिनि, ताख ताकु दिनि, ताखति ताकु दिनि, ताकु दिनि ताखति ताकु दिनि, ताख ताकु दिनि, ताखति ताकु दिनि, ताकु दिनि

- **प्रताल**

**छ्रातह**

तलेता घेना तले नाघेना नान्तले, तिनिता घेनि घेनि ना ना, तिनि घेता तिनि तिनि खतिता घे तिनि घेनाग तिनि तिनि खतिता घेतिनि घेनाग तले ताकु घेनाग तले ताकु घेङ्घे नागदिनि ना ताकु दिनि धाँ नाखो

**तँ १**

ना ना नान्तले ख, नानर्गि ना ना नान्तले ख ख खताकु, घे घे घेताकु ,घे घे घेताकु, घेनाग नाग दिनि नाँ , ताकु घिनि धाँ, नाखो ना ना नान्तले ख नानर्गि ना ना नान्तले ख ख खताकु, घे घे घताकु, घे घे घेताकु घेनाग नाग दिनि नाँ, ताकु दिनि धाँ, नाखो, ताकु धाँना धाँ नाखो, ताकु धाँना धाँ नाखो,

- **फर्कदा बजाइने बोलहरु(लिघरा)**

खुता घु ताघु, घु घुना ताघु नान्त घुना ताघु, नख तन्तले खुता घु ताघु, घु घुना ताघु नान्त घुना ताघु, नख तन्तले तनता ताकु घु, खुता ता ताकुघु, घुना ता ताकु घु, नखु तन्तले, खुता घु ताघु, घु घुना ताघु नान्त घुना ताघु,नख तन्तले खुता घु ताघु, घु घुना ताघु नान्त घुना ताघु, नख तन्तले तनता ताकु घु, खुता ता ताकुघु, घुना ता ताकु घु, नखु तन्तले, ना ना

नान्तले ख, नाार्गि ना ना नान्तले ख ख खताकु, घे घे घेताकु , घे घे घेताकु, घेनाग नाग दिगी नां, ताकु दिनि धाँ नाखो ताकु  धाँना धाँ नाखो ताकु धाँना धाँ नाखो, तिनिता खतिनि, तिनिता घे घे नाघे, तिनिता खतिना तिनिता घे घे नाघे, ता ता घेतिं घेजक घेतिं घेतां खतां ताखुतां नखुतां घे

### ६.२.४.४ भक्तपुरका धिमेका बोलहरु

धिमेका बोलहरु तथा बजाउने तरिकामा मिल्दोजुल्दो देखि पनि भिन्नता हुन्छ । यस्ता भिन्नताहरु सँगसँगैका टोल तथा गाउँमा भन्दा काठमाण्डौ र भक्तपुर विच भने थाहा हुनेगरि नै देखिन्छ । भक्तपुरको धिमे बाजा समूहको विशेषता धिमे बाजासँगै सिछ्या पनि बजाउँनु हो । भक्तपुरमा द्यः ल्हाय्गु, मा, न्हयाः, छिना, गु आदि बजाईन्छ ।

- **द्यः ल्हाय्गु**[३]

चः हः

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ता | ० | झिं | ता | ० | ता | ० | झिं | ता | ० | ता | ० | ता | ० | ता | ० | झिं | | | |
| झिं | त | | | | झिं | ता | | | | झिं | | | | झि | ता | | | | |
| झें | झें | ० | झें | ० | झें | ० | खु | ता | झें | ० | झें | ० | ता | ० | ० | ० | ता | ० | झिं |
| | | | | | | | ता | कु | | | | | | | | | झिं | ता | |
| ता | त | खु | ता | खु | ता | त | घुं | घुं | नां | खु | ता | ता | ० | खु | ता | | | | |
| | | | | ता | कु | | | | | ता | कु | | | ता | कु | | | | |
| घुं | नां | खु | त | घुं | घुं | नां | घुं | ता | ० | झिं | ० | ता | ० | ० | ० | | | | |
| | | ता | कु | | | | | झिं | ता | | | | | | | | | | |
| खु | ता | ता | ० | खु | ता | ता | ० | खु | ता | ता | घुं | घुं | नां | ० | | | | | |
| त | कु | | | ता | कु | | | ता | कु | | | | | | | | | | |
| ध | घु | न | घु | ता | खु | ना | ता | घुं | ० | ता | ता | | | | | | | | |
| | | | | | ता | कु | | | | | | | | | | | | | |
| ता | म | घे | घे | घे | ना | ता | ता | घे | ना | ता | ता | | | | | | | | |
| जि | ता | न | न | ना | क | | | ना | क | | | | | | | | | | |

[३] **उही**, पृ. १०७ ।

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घें | घें | न | घें | ता | म | घें | ० | ता | ० | ० | ० | | | | | | | | |
| | | | | जि | ता | | | | | | | | | | | | | | |

- **मा**[४]

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| त | ता | घं | ता | घं | ० | त | ता | खु | ता | घं | ता | घं | ० | ता | ता | | | | | |
| खु | | | कुं | | | | | ता | कुं | | कुं | | | | | | | | | |
| घुं | ता | घु | ना | ता | ता | खु | ता | | | | | | | | | | | | | |
| | | न | ख | | | ता | क | | | | | | | | | | | | | |
| घु | नं | ख् | ख | ख | नं | ख् | ख | घुं | घुं | नं | तं | | | | | | | | | |
| न | | ता | ता | दि | | ता | ता | नं | | | | | | | | | | | | |
| घु | नं | ख | ख | ख | ० | घु | ख | | | | | | | | | | | | | |
| न | | ता | ता | | | ना | ति | | | | | | | | | | | | | |
| धं | ० | ० | ० | ख | ० | ता | धं | | | | | | | | | | | | | |
| | | | | | | ख् | | | | | | | | | | | | | | |

- **न्हया:**[५]

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धं | खु | ताय् | खु | ताय् | खु | ता | घुं | | | | | | | | | | | | | |
| | ता | | त | | त | कु | ना | | | | | | | | | | | | | |
| ताय् | खु | ता | घुं | रे | खु | ता | घुं | | | | | | | | | | | | | |
| | ता | कु | ना | | ता | कु | ना | | | | | | | | | | | | | |
| ता | धं | न | धं | ना | धं | ना | धं | ता | धं | ना | धं | ना | धं | ताय् | घुं | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| धं | खु | ताय् | खु | ताय् | खु | ताय् | खु | ताय् | खु | ना | ता | खु | ता | ता | ता | | | | | |
| | ता | | त | | त | | ता | | ता | खु | ता | ता | खु | खु | | | | | | |
| ताय् | खु | ता | घुं | रे | खु | ता | घुं | | | | | | | | | | | | | |
| | ता | कु | ना | | ता | कु | ना | | | | | | | | | | | | | |

[४] **उही**, पृ. १०८ ।

[५] **उही**, पृ. ११४ ।

- **सिध्याउन द्यः ल्हागु**

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ता | घुं | नं | त | दि | घुं | नं | त | घुं | नं | ख | ता | ता | खु | ना | ता | | | | | |
| | | | लि | | | | लि | | | | | ता | ता | ख | | | | | | |
| ० | ता | ० | झिं | | | | | | | | | | | | | | | | | |
| | झिं | त | | | | | | | | | | | | | | | | | | |

- **छिना : १**[६]

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घुं | ना | ना | ता | ख | ० | ताय् | घुं | | | | | | | | | | | | | |
| ना | क | ख | ता | | | | | | | | | | | | | | | | | |
| घुं | ना | ना | ता | खु | ता | ना | ता | घुं | ना | ताय् | घुं | | | | | | | | | |
| ना | ख | ख | ता | ता | ख | ख | ता | ना | ख | | | | | | | | | | | |
| घुं | ना | ना | ता | खु | ता | ना | ता | घुं | ना | धं | ० | | | | | | | | | |
| ना | ख | ख | ता | ता | ख | ख | ता | ना | ख | | | | | | | | | | | |
| धं | खु | ता | धं | खु | ता | धं | धं | घुं | ना | ना | ता | खु | ता | ना | ता | | | | | |
| | ता | ख | | ता | ख | | | ना | ख | ख | ता | ता | ख | ख | ता | | | | | |
| धं | ० | ० | ० | ख | ० | ताय् | घुं | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

- **गु : ५**[७]

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ध्यांय् | ० | ० | थेंय् | स्याय् | ० | खु | ता | | | | | | | | | | | | | |
| | स्याय् | | ना | | | ता | क | | | | | | | | | | | | | |
| च | ० | ० | खुं | स्याय् | ० | खु | ता | | | | | | | | | | | | | |
| खुं | ब | | | | | ता | क | | | | | | | | | | | | | |

[६] **उही**, पृ. ११५ ।
[७] **उही**, पृ. १२० ।

# अध्याय : सात

# उपसंहार

## ७.१ सारांश

यस शोधपत्रको पहिलो अध्यायमा संगीतका तीन विधाहरु गीत, बाजा, नृत्यको साथै लिच्छविकाल र मल्लकालका केहि जात्राहरुको बारेमा संक्षिप्त उल्लेख गरिएको छ । यस अध्यायमा विषयको समस्या कथन तथा उद्देश्यको उल्लेख गरि विभिन्न पुस्तक र लेखहरुको अध्ययन गरी साहित्यिक समिक्षा गरिएको छ । यस अध्यायमा धिमे बाजा समूहको अध्ययनको औचित्यको बारेमा वर्णन गर्नुका साथै अध्ययनको क्षेत्र र सीमा काठमाडौं उपत्यका रहि त्यसमा पनि विशेष गरि काठमाडौं वडा नं ३० जमल, कमलाक्षीको जमःमि त्वाः र वडा नं १७ को लघछें क्वाबहाललाई लिइएको छ । यस बाहेक अध्ययनको क्रममा अपनाउने विभिन्न विधिहरु प्राथमिक श्रोत र द्वितीय श्रोतहरुको बारेमा पनि छोटो जानकारी दिइएको छ ।

दोस्रो अध्यायमा बाजाको परिचय रहेको छ । जसमा बाजाको ऐतिहासिक पृष्ठभूमिको बारेमा वर्णन गरिएको छ । यस अन्तर्गत बाजाको प्राचीनता तथा ऐतिहासिकताको बारेमा अध्ययन गरिएको छ । साथै बाजा सम्वन्धि विभिन्न अभिलेखहरुको पनि उल्लेख गरिएको छ । यस अध्यायमा संगीतशास्त्र अनुसारको बाजा विभाजन, नेवारी समाजमा प्रचलित बाजाहरु र बाद्य समूह(बाजा समूह) को बारेमा संक्षेपमा अध्ययन गरिएको छ ।

तेस्रो अध्यायमा धिमे बाजा समूहका बाजाहरुका बारेमा अध्ययन गरिएको छ । यस अध्यायमा धिमे बाजाको प्राचीनता तथा ऐतिहासिकता र विभिन्न कथनहरुका बारेमा अध्ययन गरिएको छ । धिमे बाजाको संरचना, प्रकार, बजाउने तरिकाका बारेमा उल्लेख गरिएको छ । यसका साथै धिमे बाजाको बाद्य समूहमा पर्ने बाजाहरु भुस्या, सिछ्या, ताः, पोंगा, कँयपु, तिनिमुनि, धुन्याको बारेमा उल्लेख गरिएको छ ।

चौथो अध्यायमा धिमे बाजा खलः(समूह)को बारेमा अध्ययन गरिएको छ । जसमा धिमे बाजा समूहको परिचय, मुख्य समुदाय र क्षेत्रहरुको बारेमा अध्ययन गरिएको छ । यसका साथै धिमे बाजा समूहको संचालन, संचालनमा मुख्य भूमिका खेल्ने व्यक्तिहरु कजी, गुरु, नायः,

थकाली, हाःमु आदिको बारेमा उल्लेख गरिएको छ । त्यस्तै धिमे बाजा समूहमा बाजा सिकाउँदा गरिने विधिहरु धिमे सिकाउने विधि, बा पूजा, बसँ वनिगु, मातनेगु विधि, सिं खाने विधिको बारेमा अध्ययन गरिएको छ । यस अध्यायमा धिमे बाजा समूह र नासः द्यःको सम्वन्धको बारेमा अध्ययन गरिएको छ ।

पाँचौ अध्यायमा धिमे बाजा समूहको आर्थिक स्रोतहरु जसमा त्वाःको संस्थाको नाममा गुठी जग्गा राखिएको बाँकी हुन सक्ने लगायत ल्हापं, दण्ड तथा जरिवाना, केपु, लाखे नाच, अन्य आम्दानीहरु रहेको छ । साथै धिमे बाजा खलः जानुपर्ने विभिन्न पुजा, जात्रा तथा चाडपर्वहरुका बारेमा अध्ययन गरिएको छ ।

छैठो अध्यायमा धिमे बाजा खलःका गीत तथा नाचहरुका बारेमा चर्चा गरिएको छ । यस अध्यायमा धिमे नाच, मातनेगु, पुलुकिसि नाच, लाखे नाच आदिको बारेमा उल्लेख गरिएको छ । त्यस्तै धिमे बाजाबाट निस्कने बोलहरु, धिमे बाजामा बोल उत्पन्न गर्ने संकेतहरुका बारेमा चर्चा गरिएको छ । साथै धिमे बाजाका बोल तथा तालहरुको बारेमा अध्ययन गरिएको छ ।

सातौं अध्यायमा सारांश र निष्कर्ष तथा अध्ययनको क्रममा देखिएको विभिन्न समस्याहरु र सुझावहरु दिइएको छ । यसरी यो शोधपत्रलाई सातवटा अध्यायमा विभाजन गरी तयार गरिएको छ ।

## ७.२ निष्कर्ष

नेपाल धार्मिक तथा सांस्कृतिक रुपले अति नै धनी देश हो । भाषाभाषी र जनजातिको हिसाबले पनि यहाँ थुप्रै भाषाभाषी र जनजाति रहेको पाईन्छ । यी विविध जनजातिहरुमध्ये एक जाति नेवार पनि हो । जसको स्थायी बसोवास र उद्‌गम थलो काठमाडौं उपत्यका तथा वरिपरिका जिल्लाहरुलाई मानिन्छ भने नेपाल अधिराज्यभरि यिनीहरु छरिएर रहेका छन् । आफ्नै छुट्टै किसिमको मौलिक भाषा तथा सांस्कृतिक परम्परामा रम्ने नेवार जातिहरुको आफ्नै किसिमको मौलिक बाजागाजाहरु रहेका छन् जसलाई उनीहरुले आफ्ना प्रत्येक चाडपर्वहरुमा बजाएर मनोरञ्जन लिने गर्दछन् । नेवार जातिहरुका वर्ष भरिमा थुप्रै चाडपर्वहरु मनाउने गर्छन् । ती हरेक चाडपर्वहरुलाई सहर्ष स्वीकार गरि हर्षोल्लासका साथ बाजा गाजा बजाई रमाइलो गर्ने गर्दछ । प्रत्येक नेवारहरुले आ-आफ्ना चाडपर्व तथा उत्सवहरुलाई जोगाई राख्न

हर संभव प्रयास गर्ने गरेको पाईन्छ र यसको संरक्षणको लागि थुप्रै किसिमका संघ संस्थाहरुको स्थापना भएको देखिन्छ । गुठी, बाजा खलः, मंका खलः, पुचहरु यसका उदाहरणहरु हुन् । काठमाडौं उपत्यका रहेका विभिन्न साँस्कृतिक सम्पदामध्ये हरेक नेवार वस्तीहरुमा बजाइने बाजागाजाको महत्वपूर्ण स्थान रहेको छ । त्यसमा पनि प्रत्येक टोलहरुका नेवार किसान अर्थात् ज्यापूहरुले बजाउने धिमे बाजाको छुट्टै स्थान रहेको छ । जंगली जनावरहरुलाई धपाउन, तर्साउन साथै विपक्षीहरुलाई थोरै योद्धाहरुबाट पनि थुप्रै योद्धाहरु भएको आभाष गराउन युद्धमा समेत डोर्याएको जनविश्वास रहेको यस धिमे बाजा किराँतकालिन बाजा च्याब्रुङसँग आकार, प्रकार तथा बनोटमा मिल्दोजुल्दो भएकाले किराँतकालमा प्रचलनमा आईसकेको मान्न सकिन्छ । नेवारहरुले पुर्खौदेखि चलाउँदै आएको धिमे बाजा समूहले धार्मिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा अतुलनीय भूमिका निर्वाह गरेको देखिन्छ ।

धिमेको आवाज सुनेर जस्तोसुकै व्यक्तिले पनि आफ्नो जीउलाई हल्लाउँछन् । अरु बाजाहरुभन्दा यो बाजा मानिसहरुले रुचाउने खालको छ । त्यसैले त होला परम्परागत रुपमा धिमे बाजा समूहको संचालनमा ल्याईराखेका ज्यापुहरुबाहेक पनि हरेक नेवार बस्तीहरुमा यसको विकास भइरहेको छ । आज काठमाडौं उपत्यका बाहेक पनि नेपालभरिका हरेक नेवार बस्तीहरुमा धिमे बाजा वज्दै आएको छ । नेवार समाजका विभिन्न संगठनहरुबाट यसको प्रशिक्षण हुँदै यो बाजा आज नेपालमा मात्र नभै भारतको सिक्किम, दार्जलिङ्ग लगायत अरु देशमा पनि बज्दै आएको छ । धिमे बाजालाई उमेर गइसकेका बुढापाकाहरुले भन्दा पनि अहिलेका युवाहरुले अत्यन्तै मन पराएका देखिन्छ । अहिलेका नयाँ पिढीले यसलाई मन पराउनु भनेको धिमे बाजाको लोकप्रियता कायम रहनु हो । हाल युवाहरुले यस बाजालाई विभिन्न तरिकाबाट विकास गर्दै लगेका छन् । परम्परागत रुपमा मात्र नभै यसलाई विभिन्न सांगीतिक समूह बनाई अरु बाजासँग मिलाएर बजाउँदै आएका छन् । यस्ता समूहमा कुटुम्व, भैरवी, लाखे लगायत विभिन्न व्याण्ड (समूह) छन् । यी व्याण्डहरुले धिमे बाजाका साथै बाँसुरी, सारंगी, टुङ्ना, गितार आदि बाजाहरु प्रयोग गरी समूहगत रुपमा विभिन्न धुनहरु बजाउँदै आएका छन् । त्यस्तै गरी धिमे बाजासँग विदेशी बाजाहरु पनि बजाएर विभिन्न गीत तथा संगीतहरु बजाएको देखिन्छन् । साथै धिमे बाजालाई विभिन्न साँस्कृतिक समूहहरुले आफ्नो गीत तथा नाचहरुमा प्रयोग गरेको पाईन्छ । यो बाजा धिमे नाचदेखि लिएर तामाङ्ग, झाँगड, धिमाल, शेर्पा आदिका

गीत तथा नाचहरुमा पनि बजाएको देख्न सकिन्छ । त्यस्तै धिमे बाजा समूहले हरेक जात्रा, धार्मिक, साँस्कृतिक, राजनैतिक, सामाजिक कार्यहरुमा पनि धिमे बाजा बजाउँदै आएको छ ।

पहिले देवी-देवताका आराधनाका लागि मन्दिरहरु निर्माण भएपछि त्यहाँको नित्यपूजा र उपासनाका लागि धर्मभिरु, राजाहरुले पूजा गर्ने पूजारी, मन्दिरको स्याहार-सम्हार गर्ने सुसारे, विहान- वेलुकीको नित्यपूजामा बाजा बजाउने बानादार (बादक)को निर्वाहका लागि जग्गा जमिनको व्यवस्था गरी गुठी राखिदिएको हुन्थे । त्यसैको आयस्ताबाट यस्ता धार्मिक कार्य सञ्चालन हुन्थे । आजकाल यस्ता धेरै गुठीहरु माँसिदै गएका कारण मन्दिरमा बाजा बज्न छाडेको देखिन्छ । धिमे बाजा समूहको आजको अवस्था पनि यस्तै हुँदै आएको छ । हुनत प्रायःजसो सबै ज्यापु टोलहरुमा गुठी हुने भएकाले त्यस्ता खलः, गुठीबाट धिमे बाजा समूह संचालनमा आइरहेको छ । साथै धिमे बाजा निश्चित खलः तथा समूहहरुले चलाउने भएकाले यो निरन्तर रुपमा बज्दै आएको छ । धिमे बाजा समूहमा टोलका सवै सदस्यहरु जानुपर्ने नियम भएतापनि आजभोलि सबैको कार्य व्यस्तताले गर्दा पहिले जस्तो सबैजना उत्सुकतापूर्वक आएको देखिँदैन भन्ने गुरुहरुको भनाई रहेको छ । आजभोलि धेरै ज्यापुहरुको आफ्नै जागिर व्यवसाय भएकोले सबैले राम्रोसँग यो बाजा सिक्न समय निकालेको देखिंदैन । अहिलेसम्म पनि खलमा समयसापेक्ष नियम नभएकोले युवाहरु पनि नियममा बसेर सिक्न रुचाउँदैनन् । फलस्वरुप यस्ता बाजा समूहहरुमा चासो देखाउनेहरु कम हुँदै आएको देखिन्छ । जसले गर्दा यस्ता बाजा बजाउने बेलामा बजाउन जान्नेहरुको कमि हुँदै गएको छ । त्यस्तै बाजा सिक्ने सिकाउने र बाजा बजाउन भेला हुने साझा घरहरुको पनि अभाव हुँदै गएको देखिन्छ । बाजा विग्रिए वा घटेमा परिपूर्ति गर्ने र मर्मत गर्ने ठाउँ तथा सीप भएका पेशागत कर्मीहरुको पनि कमी हुँदै गएको छ । धेरैजसो युवाहरुको मन साँस्कृतिक बाजामा नभएर आधुनिक बाजातिर ढल्किँदै गएको देखिन्छ । साथै परम्परागत रुपमा सिकाउने गुरुहरुको पनि अभाव हुँदै गएको पाईन्छ ।

यसरी धिमे बाजा तथा धिमे बाजा समूहको जस्तोसुकै महत्व भएतापनि हाल यो बाजा तथा खलःसँग सम्वन्धित व्यक्तिहरुको कार्य व्यस्तता, आर्थिक स्थिति, कम रुचि, अभ्यास गर्ने ठाउँको अभाव, सिकाउने गुरुहरुको अभाव आदि कारणले गर्दा आफ्नो मौलिक परम्परागत सँस्कृति अनुसार निरन्तरता दिन गाह्रो हुँदै गएको देखिन्छ । धिमे बाजा खलःहरुले आ-आफ्नो गाउँ-ठाउँहरुमा हुने ठूलो, सानो जस्तो सुकै चाडपर्व तथा जात्रा उत्सवहरुमा आफ्नो उपस्थिति

जनाएर यसको लोकप्रियतालाई अझ बढी प्रोत्साहित गरेको देखिन्छ । तर पनि यसको लोकप्रियतासँगै केही नकारात्मक पक्षहरु पनि देखापर्न थालेका छन् । यस्ता नकारात्मक पक्षहरुलाई पन्छाउँदै सकारात्मक पक्षहरुलाई अगाडि बढाउँदै लैजाने हो भने यस्तो मौलिक बाजाको अस्तित्व पुस्तौं पुस्तापछि सम्म पनि कायम रहन सक्दछ । अतः नेवारी समाजमा प्रचलित धिमे बाजा समूहको धार्मिक, सामाजिक तथा साँस्कृतिक महत्वलाई बुझेर समयमै उचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यन्तै आवश्यक छ। नेवारी समाजमा प्रचलित धिमे बाजा खलः(समूह) र यससँग प्रत्यक्ष सम्वन्ध रहेको धिमे बाजाको संरक्षण र संवर्द्धनका लागि सम्वन्धित निकायहरुले विभिन्न कुराहरुमा ध्यान दिनु पर्दछ । यस मध्य सरकारी निकायबाट धिमे बाजा समूहको संरक्षण र संवर्द्धनका लागि ध्यान दिनुपर्ने कार्यहरु :

- धिमे बाजा समूह (धिमे बाजा खलः)का साथै धिमे बाजा र यसको बाद्य समूहको उचित संरक्षण र संवर्द्धनका लागि आयस्ताको वन्दोवस्त गर्न सम्वन्धित निकायले सहयोग गर्नुपर्ने देखिन्छ ।
- यस विषयसँग सम्वन्धित शास्त्र, विवरण, इतिहास आदिको विस्तृत रुपमा अध्ययन, अनुसन्धान तथा विश्लेषण गरिनु पर्दछ ।
- धिमे बाजा समूहको विभिन्न विधिहरुको संरक्षण तथा संवर्द्धनका लागि यहाँका धर्म, अन्धविश्वास, रुढी, सामाजिक व्यवस्था, आर्थिक मूल्यांकन आदिलाई संस्कृतिको रुपमा कायम राख्नु पर्ने हुन्छ ।
- धिमे बाजा सम्बन्धि पुस्तकहरु प्रकाशित गर्ने, श्रव्यदृष्यका सि.डी. र डि.भी.डि.मा निर्माण गर्ने र परिवर्तित समय अनुसार ढाल्दै लैजानु पर्छ ।
- धिमे बाजाको उचित संरक्षणको लागि यससँग सम्वन्धि आधुनिक संग्रहालयको निर्माण हुनुपर्ने ।
- शैक्षिक स्तरमा बाजाहरु सम्वन्धि पाठ्यक्रम समावेश हुनुपर्ने ।

यसैगरी धिमे बाजा समूहले आफ्नो समूह र धिमे बाजाको संरक्षण तथा संवर्द्धन गर्नको लागि गर्नु पर्ने उचित कार्यहरु :

- धिमे बाजालाई अझ अगाडि बढाउनका लागि धिमे सिक्न चाहनेहरुलाई प्रोत्साहन गर्दै ५/६ वर्षमा एकचोटी नभई एक एक वर्षमा धिमे सिकाउनु पर्ने देखिन्छ । साथै समूहका सदस्यहरुलाई फुर्सद, आयस्ता, नियम र स्वेच्छा आदिको ख्याल गरेर यसको सिकाउने र अभ्यास गराउँदा राम्रो हुन्छ ।
- आजको अवस्थामा संगीत सिक्दा सम्पूर्ण अंग तथा बोलहरु कण्ठ पार्न कठिन हुने र बीच-बीचको टुक्रा भुल्ने अवस्था हुने भएकाले रेकर्ड गरेर त्यसलाई सुनी, हेरि जहाँतिर त्रुटि हुन्छ त्यसलाई सच्याउँदै भूल सुधार्दै लग्दा राम्रो हुन्छ ।
- धिमे बाजालाई पश्चिमेली बाजाहरुसँग संगत गरेर नयाँ किसिमका संगीत बनाउन कोसिस गर्नु पर्दछ । यस्ता किसिमका कार्यहरु गदै जाने हो भने धिमे बाजाले नेपालमा मात्रै नभई अर्न्तराष्ट्रिय स्तरको सांगीतिक आकाशमा समेत स्थान पाउनेछ र यो बाजा नेवारी संस्कृति र परम्पराका लागि कोशेढुंगा सावित हुन्छ भन्ने विश्वास लिन सकिन्छ ।
- यो क्षेत्रमा लाग्ने व्यक्ति, समूह, संस्थालाई उत्प्रेरित गरिनु पर्छ ।
- युवायुवतीहरुलाई यस्ता सांगीतिक कार्यक्रमको महत्व बुझाउनु पर्छ ।
- विभिन्न गोष्ठी, कार्यक्रमहरुको आयोजना गरिनु पर्छ ।
- बाजाको निर्माण, खोजी, अनुसन्धानका लागि विविध कार्यक्रमा संचालन गरिनु पर्छ ।
- सुचनाका विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनु पर्छ ।

# परिशिष्ट (क)

**अध्ययन अनुसन्धानको क्रममा शोधकर्ताले अन्तवार्ता लिएका सम्वन्धित विज्ञ तथा ज्ञाताहरुको नाम ठेगाना :**

१) ओमप्रसाद धौभडेल, गःहिति १२, भक्तपुर ।

२) कुलबहादुर महर्जन (४८), म्हैपि-१६ ,काठमाडौं ।

३) तुलसीलाल सिंह, सह-प्राध्यापक, नेपालभाषा केन्द्रिय विभाग, पाटन ।

४) दिनेश महर्जन, जमल वडा नं. ३०, काठमाडौं ।

५) दिपक कुलु, नरदेवी, काठमाडौं ।

६) धर्मरत्न महर्जन, लघःछे, क्वावहाल, वडा नं. १७ वडा, काठमाडौं ।

७) न्हुच्छे बहादुर डंगोल, वरिष्ठ वाद्यवादक, पद्मकन्या क्याम्पस, काठमाडौं ।

८) नानीबाबु महर्जन, लघःछे क्वाबहाल, ज्याथा वडा नं. २७, काठमाडौं ।

९) बुद्धराम महर्जन, झ्वाबाहल, वडा नं. २७, काठमाडौं ।

१०) मच्छेनारायण महर्जन, गुरु, जमःमी त्वाः, कमलाछि वडा नं. ३०, काठमाडौं ।

११) मोहन व्यञ्जनकार, संस्थापक, नासः सेनाकुठी, ललितपुर ।

१२) युसन महर्जन, वाद्यवादक, थाँवहाल, कीर्तिपुर ।

१३) रविन महर्जन, व्यवस्थापक, ज्यापु समाज यल, ललितपुर ।

१४) रामकृष्ण दुवाल, संस्कृतिविद् एवं लोकगायक, पाँगा, काठमाण्डौं ।

१५) रामचन्द्र महर्जन(४८), सिद्धिपुर, ललितपुर ।

१६) रामप्रसाद कँडेल, नेपाल लोक बाजा संग्रहालय, त्रिपुरेश्वर, काठमाडौं ।

१७) रोशन भाषिमा, बाद्यवादक, सानो ठिमी, भक्तपुर ।

# परिशिष्ट (ख)

## यो शोधपत्र तयार पार्नको लागि तयार परिएको अर्न्तवार्ता :

१) बाजाको उत्पति, विकास कहिले देखि भएको हो ?

२) नेवारी समाजमा प्रचलित बाजाहरु कुन-कुन हुन् ?

३) बाजा र बाजा समूहमा के भिन्नता देखिन्छ र नेपालमा रहेका बाजा समूहहरुमा कुन-कुन बाजाहरु प्रचलित छन् ?

४) नेवारी समाजमा प्रचलित बाद्य समूह अर्थात् बाजा समूहमा कुन-कुन पर्दछ ?

६) धिमे बाजा समूह भन्नाले के बुझ्नु हुन्छ ?

५) धिमे बाजा कहिले देखि बजाउन थालेको हो ?

७) धिमे बाजामा अरु कुन-कुन बाजाहरु बजाईन्छ , तिनीहरुको बारेमा केहि भनिदिनुहोस् ।

८) धिमे बाजा समूहहरु कता-कता छन् र यो नेवारहरुमा कुन समुदायमा वढि प्रचलित छन् ?

९) धिमे बाजा समूह कसरी चल्दछ र यसमा कसले कस्तो भूमिका खेल्दछ ?

१०) धिमे बाजा सिकाउँदा के-के गर्नु पर्दछ र धिमे सिकाउने क्रममा बिभिन्न बिधि बारेमा केहि कुरा बताइदिनुस ?

११) धिमे बाजामा धुन्या के हो ? यस्को प्रयोजन वा महत्व के छ र यो कुन कुन ठाउँमा छ ?

१२) नासः द्यो र धिमे बाजाको सम्वन्ध कस्तो हुन्छ र धिमे खल:को भोजमा सि खाने भनेको के हो ?

१३) धिमे बाजा समूह कसरी चल्दछ र यसका आर्थिक स्रोतहरु के-के हुन्छ ?

१४) यो बाजा कहिले बजाइन्छ र यो बाजासँग सम्वन्धित गीत तथा नाचको बारेमा केहि बताईदिनुस् ?

१५) धिमे बाजाका तालहरु कति प्रकारका छन् साथै यसका बोलहरु उपलव्ध गराउन सकिन्छ ?

# चित्रफलक

## चित्र सं. १



बाँसुरी बाजा

## चित्र सं. २



दापा बाजा चित्र सं. ३




धिमे लोंहँ

चित्र सं. ४



## धिमे संरचना

चित्र सं. ५



# त्वाः धिमे

चित्र सं. ६



यलेप्वः धिमे

चित्र नं ७



खोता कथि

चित्र नं ८



भुस्याः

चित्र नं ९



सिछ्या/छुस्या

चित्र नं १०



ताः

चित्र नं. ११



घौ

चित्र सं. १२




पोंगा

चित्र सं. १३



धुन्या

चित्र सं. १४



मातने गर्न धुन्या घुमाउन सिकाउँदै

## चित्र सं. १५





मातनेगु विधि

## चित्र सं. १६







नासःद्यो

चित्र सं. १७




ठिमीको सिन्दुर जात्रा

# सन्दर्भ सामाग्रीहरु

## नेपाली

### अप्रकाशित


रेग्मी, ध्रुवेशचन्द्र, **नेपाली संगीतको इतिहास (संक्षिप्त)**, (अप्रकासित), विशालनगर, काठमाडौं ।


### प्रकाशित


कँडेल, रामप्रसाद, **नेपाली लोकबाजा,** काठमाडौं : नेपाली लोकबाजा संग्रहालय, वि.सं. २०६१ ।

ज्यापु, पञ्च, "धुंङाः प्राचिन ज्यापु साँगितिक कासाया मू साधन खः", **लुमन्ति पौ,** काठमाडौं : धिमे खलः यत्खा बाहाः, वि.सं. २०५४ ।

डंगोल, पुर्णमान, "धुङा", **डल्लु धिमे खल,** काठमाडौं : डल्लु धिमे खल, ने.सं.१११९ ।

डंगोल, न्हुच्छेबहादुर, "हाम्रो संस्कृतिमा धिमे बाजाको महत्व", **लुमन्ति पौ वाद्यगरु न्हुच्छेमान डंगोलया चय्निदँ बुन्हिया लसताय्,** काठमाडौं : वरिष्ठ बाद्यवादक न्हुच्छेबहादुर डंगोल, वि.सं. २०५६ ।

--- --- --- --- , "नेपाःया संस्कृति धिमे व मगः-खिं", **लुमन्ति पौ वाद्यगरु न्हुच्छेमान डंगोलया चय्निदँ बुन्हिया लसताय,** काठमाडौं : वरिष्ठ बाद्यवादक न्हुच्छेबहादुर डंगोल, वि.सं. २०५६ ।

--- --- --- --- --- , "धिमे बाजं", **लुमन्ति पौ वाद्यगरु न्हुच्छेमान डंगोलया चय्निदँ बुन्हिया लसताय,** काठमाडौं : वरिष्ठ बाद्यवादक न्हुच्छेबहादुर डंगोल, वि.सं. २०५६ ।

--- --- --- --- --- , "धिमे बाजा र धिमे नाच", **कलानिधि,** कलानिधि इन्दिरा संगीत महाविद्यालय, वर्ष १, अङ्क ४ ।

दर्नाल, रामशरण, **नेपाली बाजा**, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०६१ ।

--- --- --- --- , **नेपाली बागीना र कला**, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्, वि.सं. २०६० ।

--- --- --- --- , ‘‘नेपाली संगीतमा बज्ने ढोलहरु’’, **सयपत्री**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं २०५२, वर्ष : १, अंक : ३ ।

प्रजापति, सुभाषराम, **संस्कृतिभित्र.....,** अमेरिका : नेवाटेक इन्कर्पोरेट, वि.सं २०६३ ।

प्रजापति, सुभाषराम, **नेपाल उपत्यकाका सांस्कृतिक बाजाहरु**, काठमाडौं : नेवा दे दबु , इ.सं.२००१ ।

महर्जन, विपेन्द्र, ‘‘नेपाँया संस्कृति ख्वयलय्-धूँन्या’’, **डल्लु धिमे खल,** काठमाडौं **:** डल्लु धिमे खल, ने.सं.१११९ ।

राणा, जगदीश शमशेर, **नाचगानको राजधानी भक्तपुर**, काठमाडौं : अमर शमशेर ज.ब.रा., वि.सं. २०४५ ।

वज्राचार्य, मदनसेन, ‘‘नेवाः बौद्ध संस्कृतिइ लोकबाजा’’, **नेपालमण्डलया बौद्ध संस्कृति सम्मेलन १११९**, ललितपुर : लोटस रिसर्च सेन्टर, वि.सं.२० ५४ ।

वज्राचार्य, धनवज्र, **लिच्छविकालीन अभिलेख**, कीर्तिपुर : नेपाल एसियाली अध्ययन संस्थान, त्रि. वि, वि.सं.२०३० ।

शाक्य, सुवर्ण, **धाः बाजा आजको परिप्रेक्ष**, काठमाडौं : नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६८ ।

श्रेष्ठ, पदम, **नेवार**, काठमाडौं : स्यस्यः समाज, वि.सं. २०६३ ।

श्रेष्ठ, राजेन्द्र, ‘‘धिमे बाजा र धिमे नाच’’**, बज्र दर्शन,** काठमाडौं : वज्र कला कुन्ज, वि.सं. २०६८ ।

## English


Grandin Ingemar, **Music and Media in local life**: Music practice in Newar neighbourhood in Nepal, Mandala Book Point, Kathmandu (2011)

Hit Narayan Jha, **The Lichchhavis**, Chaukhamba Sanskrit Series Office, Vanarashi (1970)

Wegner Gert Metthias, **The Dhimay Baja Of Bhaktapur**: Studies in Newar Drumming, Stuttgart:Franz Streiner (1986)